# ‘लभ एट् पच्चीस’ उपन्यासको कृतिपरक अध्ययन

त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिक शास्त्र सङ्कायअन्तर्गत
वीरेन्द्र बहुमुखी क्याम्पस, नेपाली विभाग, चितवनको
स्नातकोत्तर तह (एम.ए.), द्वितीय वर्षको
दसौँ पत्रको प्रयोजनार्थ
प्रस्तुत

## शोधपत्र


शोधार्थी
गोविन्दराज दाहाल
त्रि.वि. दर्ता नं. : ७-३-१९-९९२-२०१६
शैक्षिक सत्र : २०७४-२०७५
वीरेन्द्र बहुमुखी क्याम्पस
नेपाली विभाग
भरतपुर, चितवन


२०७९/२०२२

# प्रतिबद्धतापत्र

स्नातकोत्तर तह दोस्रो वर्षको नेपाली विषयअर्न्तगत दसौँ पत्रको आवश्यकता परिपूर्ति गर्ने प्रयोजनका निम्ति तयार गरिएको प्रस्तुत *‘लभ एट् पच्चीस* उपन्यासको कृतिपरक अध्ययन’ शीर्षकको यस शोधपत्रमा उपयोग र प्रयोग गरिएका सन्दर्भ सामग्रीहरू जे-जसरी सम्पादन गरिएको भए पनि ती सबैलाई गर्भे टिप्पणीका आधारमा पुष्टि गरिएको छ । मैले प्रस्तुत गरेका सबै विषयवस्तुहरू मौलिक छन् र यस शोधपत्रमा कुनै पनि अंश प्रतिलिपिगत, प्रकाशित र शोधप्रयोजनस्वरूप उपाधि लिन कुनै पनि विश्वविद्यालयमा प्रस्तुत गरिएको छैन भनी प्रतिबद्धता व्यक्त गर्दछु ।

...................................

गोविन्दराज दाहाल

मिति : २०७९/०४/१०

२०२२, जुलाई २६

# त्रिभुवन विश्वविद्यालय

## वीरेन्द्र बहुमुखी क्याम्पस

## मानविकी तथा सामाजिकशास्त्र सङ्काय

## नेपाली विभाग

## भरतपुर, चितवन

# स्वीकृतिपत्र

त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिकशास्त्र सङ्कायअन्तर्गत वीरेन्द्र बहुमुखी क्याम्पस भरतपुर, चितवनका विद्यार्थी गोविन्दराज दाहालले स्नातकोत्तर तह (एम.ए.) नेपाली विषयको दसौँ पत्रको प्रयोजनका लागि प्रस्तुत गरेको '*लभ एट् पच्चीस* उपन्यासको कृतिपरक अध्ययन' शीर्षकको प्रस्तुत शोधपत्र आवश्यक मूल्याङ्कन गरी सोही प्रयोजनका लागि स्वीकृत गरिएको छ ।

## मूल्याङ्कन समिति

| | |
|---|---|
| भवनाथ सडौला | ________________ |
| सहप्राध्यापक तथा विभागीय प्रमुख | हस्ताक्षर |
| रमेशकुमार श्रेष्ठ | ________________ |
| उपप्राध्यापक तथा शोधनिर्देशक | हस्ताक्षर |
| डा. कृष्णप्रसाद सापकोटा | ________________ |
| सहप्राध्यापक तथा बाह्य परीक्षक | हस्ताक्षर |

मिति : २०७९/०५/२२

७ सेप्टेम्बर, २०२२

# शोधनिर्देशकको मन्तव्य

प्रस्तुत '*लभ एट् पच्चीस* उपन्यासको कृतिपरक अध्ययन' शीर्षकको शोधपत्र स्नातकोत्तर तह दोस्रो वर्षका छात्र गोविन्दराज दाहालले मेरो निर्देशनमा तयार गर्नुभएको हो । शोधपत्र तयारीका क्रममा सामग्रीसङ्कलनदेखि शोधपत्र लेखनसम्म शोधार्थीको अथक मिहिनेत र परिश्रम परेको छ । मिहिनेतपूर्वक तयार गरिएको प्रस्तुत शोधपत्र मूल्याङ्कनका लागि वीरेन्द्र बहुमुखी क्याम्पस, नेपाली विभागसमक्ष सिफारिस गर्दछु ।

मिति : २०७९/०४/१०

६ जुलाई, २०२२

.....................................


रमेशकुमार श्रेष्ठ

उपप्राध्यापक

वीरेन्द्र बहुमुखी क्याम्पस

नेपाली विभाग

भरतपुर, चितवन

# कृतज्ञताज्ञापन

प्रस्तुत *'लभ एट् पच्चीस* उपन्यासको कृतिपरक अध्ययन' शीर्षकको शोधपत्र त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिक शास्त्र सङ्कायअन्तर्गत वीरेन्द्र बहुमुखी क्याम्पस, भरतपुर, चितवनको नेपाली विभागको स्नातकोत्तर तह द्वितीय वर्षको दसौँ पत्रको पाठ्यांश परिपूर्तिका निम्ति तयार गरिएको हो ।

अध्ययनका क्रममा आफ्नो अत्यन्त कार्यव्यस्तताबाट पनि यथाशक्य समय उपलब्ध गराई आत्मीयतापूर्वक मलाई समुचित निर्देशन दिनुभएकोमा सर्वप्रथम म शोधनिर्देशक आदरणीय गुरु उप-प्रा. रमेशकुमार श्रेष्ठज्यूप्रति हार्दिक कृतज्ञता प्रकट गर्दछु । प्रस्तुत शीर्षकमा अनुसन्धान गर्न स्वीकृति प्रदान गर्नुहुने आदरणीय गुरु तथा विभागीय प्रमुख सहप्रा. भवनाथ सडौलाज्यू एवम् पूर्व विभागीय प्रमुख प्रा.डा. होमनाथ सापकोटाप्रति पनि म कृतज्ञता प्रकट गर्दछु । शोधप्रस्ताव लेखनमा विशेष सहयोग गर्नुहुने आदरणीय सह-प्रा. दामोदर रिजाल गुरुज्यूप्रति हार्दिक आभारी छु । लेखनकार्यका निम्ति सदैव हौसला प्रेरणा एवम् प्रोत्साहन दिई सहयोग पुऱ्याउनुहुने वीरेन्द्र बहुमुखी क्याम्पस, नेपाली विभागका सम्पूर्ण गुरुहरू तथा मलाई शोधसँग सम्बन्धित सामग्री उपलब्ध गराएर सहयोग गर्नुहुने वीरेन्द्र बहुमखी क्याम्पसका पुस्तकालय परिवार र शोधपत्रको तयारीका क्रममा आवश्य सामग्रीसङ्कलन गर्ने कामदेखि लिएर सोधपुछका क्रममा आफ्नो अमूल्य समय दिई पूर्ण सहयोग गर्नुहुने उपन्यासकार अनल गौतमज्यूप्रति पनि हार्दिक आभार व्यक्त गर्दछु ।

प्रस्तुत शोधपत्र तयार पार्ने सिलसिलामा मलाई प्रेरणा दिनुहुने मेरा अभिभावक रुद्रप्रसाद दाहाल, ज्ञानकुमारी, समीक्षा पौडेल एवम् शोधपत्र टङ्कणमा सघाउनुहुने मित्र सन्तोष काफ्लेज्यूप्रति आभारी छु । सामग्रीसङ्कलनमा विशेष सहयोग गर्नुहुने मित्र नारायणप्रसाद सापकोटाज्यूप्रति विशेष आभार व्यक्त गर्दछु ।

अन्त्यमा, प्रस्तुत शोधपत्रको आवश्यक मूल्याङ्कनका लागि वीरेन्द्र बहुमुखी क्याम्पस, नेपाली विभागसमक्ष प्रस्तुत गर्दछु ।

मिति : २०७९/०४/१०
२०२२, जुलाई २६

..............................
गोविन्दराज दाहाल
शोधार्थी

# विषयसूची


पहिलो परिच्छेद : शोधपरिचय १-६

१.१ विषयपरिचय १

१.२ शोधसमस्या १

१.३ शोधको उद्देश्य २

१.४ पूर्वकार्यको समीक्षा २

१.५ शोधको औचित्य ५

१.६ शोधको सीमा ५

१.७ शोधविधि ५

१.७.१ सामग्री सङ्कलनविधि ५

१.७.२ विश्लेषणविधि ५

१.८ शोधपत्रको रूपरेखा ६

दोस्रो परिच्छेद : उपन्यासको सैद्धान्तिक परिचय ८-३३

२.१ विषयपरिचय ८

२.२ उपन्यासको व्युत्पत्ति र अर्थ ८

२.३ उपन्यासको परिभाषा १२

२.४ उपन्यासका तत्त्वहरू १५

२.४.१ कथानक १५

२.४.२ चरित्र १९

२.४.३ परिवेश २१

२.४.४ भाषाशैली २२

२.४.५ द्वन्द्व २३

२.४.६ उद्देश्य २४

२.४.७ कथोपकथन २५

२.४.८ दृष्टिविन्दु २६

२.५ नेपाली उपन्यासको विकासक्रम र आधुनिक नेपाली उपन्यासमा *लभ एट् पच्चीस* २७

२.६ निष्कर्ष ३२

तेस्रो परिच्छेद : विधातत्त्वका आधारमा *लभ एट् पच्चीस* उपन्यासको अध्ययन ३४-६८

३.१ विषयपरिचय ३४

३.२ उपन्यासको संरचनात्मक विश्लेषण ३४

३.२.१ उपन्यासको बाह्य संरचना ३४

३.२.२ उपन्यासको आन्तरिक संरचना ३५

३.३ औपन्यासिक तत्त्वका आधारमा उपन्यासको विश्लेषण ४३

३.३.१ कथानक ४४

३.२.२ पात्रविधान ४६

३.२.२.१ 'म' पात्र ४७

३.२.२.२ 'उनी' पात्र ५०

३.२.२.३ 'तिनी' पात्र ५१

३.३.३ कथोपकथन ५३

३.३.४ परिवेश ५५

३.३.५ भाषाशैली ५८

३.३.५.१ साहित्यिक शैली ६०

३.३.५.२ चिह्नप्रयोग ६१

३.३.५.३ शब्द तथा वाक्यचयन ६१

३.३.५.४ भाषा-भण्डार ६३

३.३.५.५ उखान-टुक्का र कथन/उक्तिको प्रयोग ६३

३.३.६ दृष्टिविन्दु ६५

३.३.७ द्वन्द्व ६६

३.३.८ उद्देश्य ६७

३.४ निष्कर्ष ६८

चौथो परिच्छेद : *लभ एट् पच्चीस* उपन्यासको योगदान र मूल्याङ्कन ६९-७७

४.१ विषयपरिचय ६९

४.२ उपन्यासका तत्त्वहरूमा योगदान र मूल्याङ्कन ६९

४.२.१ कथानकका आधारमा ६९

४.२.२ भाषाशैलीका आधारमा ७०

४.३ स्वच्छन्दतावादी धारा लेखनमा योगदान र मूल्याङ्कन ७१

४.४ मनोविश्लेषणका आधारमा योगदान र मूल्याङ्कन ७३

४.५ सामाजिक विसङ्गति तथा विकृतिको चिरफार ७४

४.६ शीर्षक सार्थकता ७६

४.७ निष्कर्ष ७७

पाँचौँ परिच्छेद : सारांश तथा निष्कर्ष ७८-८३

५.१ विषयपरिचय ७८

५.२ सारांश ७८

५.२.१ पहिलो परिच्छेदको निष्कर्ष ७९

५.२.२ दोस्रो परिच्छेदको निष्कर्ष ७९

५.२.३ तेस्रो परिच्छेदको निष्कर्ष ८०

५.२.४ चौथो परिच्छेदको निष्कर्ष ८१

५.३ समग्र निष्कर्ष ८१

५.४ सम्भावित शोध शीर्षकहरू ८३

सन्दर्भग्रन्थसूची

# तालिकासूची


| तालिका नं. | शीर्षक | पृष्ठ |
|---|---|---|
| १ | पात्रविधान | ५२ |

# सङ्क्षेपीकृत शब्दसूची

यस शोधपत्रमा प्रयोग गरिएका सङ्क्षेपीकृत शब्दहरूको सूची यसप्रकार छन् :

| | |
|---|---|
| अ. | अनुकूल |
| आ.आ. | आबद्धताका आधारमा तथा आसन्नताका आधारमा |
| उप-प्रा. | उप-प्रधाध्यापक |
| एस.एम.एस. | सर्ट मेसेज सिस्टम |
| का.आ. | कार्यका आधारमा |
| क्र.सं. | क्रम सङ्ख्या |
| गौ. | गौण |
| जी.आ. | जीवनचेतनाका आधारमा |
| डा. | डाक्टर |
| ने. | नेपथ्य |
| पु. | पुरुष |
| प्र. | प्रमुख तथा प्रतिकूल |
| प्र.आ. | प्रवृत्तिका आधारमा तथा प्रभावका आधारमा |
| प्रा.लि. | प्राइभेट लिमिटेड |
| पृ. | पृष्ठ |
| ब. | बद्ध |
| म. | मञ्चीय |
| मु. | मुक्त |
| लि.आ. | लिङ्गका आधारमा |
| व. | वर्गीय |
| वि.सं. | विक्रम सम्वत् |
| व्य. | व्यक्तिगत |
| स. | सहायक |
| सह-प्रा. | सहायक प्राध्यापक |
| संस्क. | संस्करण |

# चिह्नप्रयोग तथा सङ्केताक्षरसूची

प्रस्तुत शोधपत्रमा अधोलिखित चिह्नप्रयोग तल दिइएका विशिष्ट अर्थमा गरिएको छ :

| चिह्न | अर्थ |
| --- | --- |
| ; | अर्धविराम |
| , | अल्पविराम |
| " " | कसैको प्रत्यक्ष उक्तिको उद्धरण गर्दा (उद्धरण चिह्न) |
| ... | केही अंश छोडिएको (अपूर्णता चिह्न) |
| । | पूर्णविराम |
| ? | प्रश्नवाचक |
| - | योजक |
| / | विकल्प, पर्याय |
| ! | विस्मयसूचक |
| ' ' | विशेष जोड दिँदा |
| : | व्याख्या/सापेक्ष (निर्देशक चिह्न) |
| – | बाट |
| ( ) | पेटे टिप्पणी दिँदा (कोष्ठक) |

पहिलो परिच्छेद

# शोधपरिचय

## १.१ विषयपरिचय

अनल गौतम, नेपाली साहित्यका विभिन्न धारामा कलम चलाउने एक प्रतिभाशाली स्रष्टा हुन् । कविताविधाबाट साहित्यिकयात्रा प्रारम्भ गरेका गौतमले हाइकु, कविता, कथा, गीत, उपन्यास आदि विधामा कलम चलाएका छन् । पुस्तकाकार कृतिका रूपमा उनका *शुभप्रभात* (हाइकुसङ्ग्रह, २०६४), *चिनारी* (कवितासङ्ग्रह, २०६६), *सरसी* (गीतिसङ्ग्रह २०७०), *घाटघाटका कथा* (कथोपन्यास २०७०) *लभ एट् पच्चीस* (उपन्यास २०७४) गरी उनका विभिन्न कृतिहरू प्रकाशनमा आएका छन् । *लभ एट् पच्चीस* उनको पहिलो औपन्यासिक कृति हो ।

उपन्यास चर्चित र लोकप्रियका साथै महत्त्वपूर्ण साहित्यिक विधाका रूपमा स्थापित छ । औपन्यासिक सिद्धान्तको आधारमा रही कृतिभित्रका यावत् पक्षको अध्ययन गर्नु नै कृतिपरक अध्ययन हो । त्यही आन्तरिक पक्षका आधारमा कृतिको अध्ययन गर्नु नै कृतिपरक अध्ययन हो । कृतिभित्र रहेका सम्पूर्ण रचनात्मक अवयवहरूको अध्ययनका आधारमा कृतिको विश्लेषण मूल्याङ्कन आदि यस कृतिपरक अध्ययनमा गरिन्छ । यस अध्ययनमा समाजशास्त्र, इतिहास, लेखकीय पृष्ठभूमिजस्ता कुराहरूलाई बाह्य विषयका रूपमा हेर्दै कृतिको संरचनामा आउने अवयव, तत्त्व, प्रवृत्ति आदिको अध्ययन-विश्लेषण गरिन्छ । यस्ता विभिन्न आन्तरिक गहनतम विषयवस्तुको यथार्थ चित्र प्रस्तुत भएको *'लभ एट् पच्चीस* उपन्यासको कृतिपरक अध्ययन' शीर्षकमा यो शोधकार्य गरिएको छ ।

## १.२ शोधसमस्या

*लभ एट् पच्चीस* उपन्यासको कृतिपरक अध्ययन यस शोधमार्फत गरिएको छ । प्रस्तुत '*लभ एट् पच्चीस* उपन्यासको कृतिपरक अध्ययन' नामक शोधशीर्षकसँग सम्बद्ध भएर गरिने शोधकार्यमा निम्नलिखित शोधसमस्याहरू रहेका छन् :

उपन्यासको सैद्धान्तिक स्वरूप के-कस्तो रहेको छ ?

*लभ एट् पच्चीस* उपन्यासमा उपन्यासका तत्त्वहरू के-कसरी पालना गरेको छ ?

नेपाली साहित्यमा *लभ एट् पच्चीस* उपन्यासको योगदान के-कस्तो रहेको छ ?

यिनै समस्याहरूमा आधारित भएर प्रस्तुत शोधकार्यलाई अघि बढाइएको छ ।

## १.३ शोधको उद्देश्य

उपर्युक्त शोधसमस्याहरूको प्रामाणिक समाधान हुने गरी निम्नलिखित उद्देश्यको प्राप्तितर्फ प्रस्तुत शोधकार्य केन्द्रित रहेको छ :

*लभ एट् पच्चीस* उपन्यासको सैद्धान्तिक स्वरूप प्रष्ट्याउनु,

*लभ एट् पच्चीस* उपन्यासको औपन्यासिक तत्त्वहरूका आधारमा अध्ययन गर्नु,

*लभ एट् पच्चीस* उपन्यासको योगदानको मूल्याङ्कन गर्नु ।

यिनै उद्देशयहरूमा प्रस्तुत शोधकार्य केन्द्रित रहेको छ ।

## १.४ पूर्वकार्यको समीक्षा

अनल गौतमद्वारा लिखित *लभ एट् पच्चीस* उपन्यासका बारेमा सामान्य टीकाटिप्पणी मात्र भएको पाइन्छ । यस कृतिका सम्बन्धमा विविध रुपमा चर्चा भए पनि सिङ्गो उपन्यासको विस्तृत अध्ययन एवम् औपचारिक तत्त्वका आधारमा विश्लेषण हुन सकेको देखिँदैन । हालसम्म यस कृतिको बारेमा गरिएका समीक्षा कालक्रमिक रूपमा यसरी प्रस्तुत गरिएको छ :

कृष्णचन्द्रसिंह प्रधान (२०५२) ले “जीवनको यथार्थप्रति बौद्धिक आग्रहको रोचकतापूर्ण कलात्मक परिणाम उपन्यास हो भन्दै रोचकता, कलात्मकता, बौद्धिकता र यथार्थतातर्फ जोड दिएका छन्” (पृ. १७) भनी आफ्नो धारणा व्यक्त गरेका छन् । प्रधानद्वारा सामान्य रूपमा उपन्यासको परिचय दिएका छन् । उनले *लभ एट् पच्चीस* उपन्यासको बारेमा उल्लेख गरेका छैनन् । यसैले यस पूर्वकार्यबाट प्रस्तुत शोधकार्यमा उपन्यासको सैद्धान्तिक पृष्ठभूमि तयार पार्न मात्र केही सहयोग पुगेको छ ।

कृष्णहरि बराल र नेत्र एटम (२०५८) ले “मानव र मानव समाजसँग सम्बन्धित सत्यलाई कलात्मक रूपमा अभिव्यक्त गर्ने, आवश्यक लमाइ भएको आख्यान नै उपन्यास हो” (पृ. ९)

भनेका छन् । बराल र एटमले पनि उपन्यासको सामान्य व्याख्या मात्र गरेका हुनाले उपन्यासको सैद्धान्तिक स्वरूप तयार पार्नका लागि मात्र सहयोग पुगेको छ ।

परशु प्रधान (२०६६) ले “कवि अनल गौतमका व्यक्तित्व तथा लेखनका बारेमा चर्चा गरेका छन् । कवि गौतमको प्रवृत्तिकै चर्चा भोलिका दिनहरू अनल र अनलहरूका भएको भए तापनि लेखनप्रवृत्तिको चर्चाद्वारा उपन्यासलाई पनि उजागर गर्ने कार्य भएको छ” (पृष्ठ उल्लेख नभएको) भनी आफ्नो धारणा प्रष्ट पारेका छन् । यस आलेखमा कवि व्यक्तित्वको बारेमा मात्र चर्चा गरिएको छ भने लेखकको उपन्यास र उपन्यासकार व्यक्तित्वको बारेमा चर्चा नभएकाले लेखकको व्यक्तित्वको बारेमा सामान्य जानकारी मात्र पाउन सहयोग पुगेको छ ।

कृष्ण अविरल (२०७०) ले “मृत्यु सम्झाउने कृति” शीर्षकमा अनल गौतमको आख्यानात्मकताका बारेमा चर्चा गरिएको छ । सामाजिक वेदना, परिवेश, भिन्न-भिन्न परिस्थितिका पात्र प्रवृत्तिजस्ता कुराहरू उनको कथामा भएको चर्चा गरिएको छ” (पृष्ठ उल्लेख नभएको) भनेका छन् । यस लेखमा सामाजिक अवस्था, परिवेश र पात्रगत विवरण आएको र कृतिको सतही वर्णन मात्र भएकाले यस शोधमा खासै उल्लेखनीय उपयोग हुन सकेको छैन ।

१८ फागुन २०७० को *नागरिक दैनिक* पत्रिकामा अनल गौतमद्वारा लिखित गजल र कथासङ्ग्रहको चर्चा गरिएको छ । उपन्यासको शैलीमा लेखिएको *घाट-घाटको कथा* कथासङ्ग्रहको मृत्युका बारेमा कथा लेखिएको बारेमा चर्चा गरिएको छ भने कथोपकथनको थोरै समीक्षा (पृ. १०) पनि यस लेखमा लेखिएको छ । कथासङ्ग्रहको लेखिएको यस पूर्वकार्यमा कथाको कथावस्तुगत विवरण प्रस्तुत गरिएको भए पनि उपन्यासको बारेमा विश्लेषण भएको छैन ।

१८ फाल्गुन २०७० को *कान्तिपुर दैनिक*मा “अनल गौतमद्वारा लिखित *सरसी* गीति एल्बम र *घाट-घाटका कथा* कथासङ्ग्रहको विमोचन कार्यक्रममा सहभागी व्यक्तित्त्वहरूद्वारा *घाट-घाटका कथा* कथासङ्ग्रहमा प्राप्त कथोपकथनको चर्चा गर्दै लेखनको प्रशंसा गरिएको छ” (पृ. १३) भनी गौतमका सिर्जनाका बारेमा जानकारीमूलक चर्चा गरिएको छ । यस पूर्वकार्यमा पनि अनल गौतमको *लभ एट् पच्चीस* कथासङ्ग्रहको बारेमा जानकारी नभएको तर पनि उनको *घाट-घाटको कथा* कथासङ्ग्रहको कथावस्तुगत विवरण प्रस्तुत गरिएको भए

पनि उपन्यासको बारेमा विश्लेषण भएको छैन । यसैले यस पूर्वकार्यबाट पनि प्रस्तुत शोधकार्यमा सहयोग पुगेको छैन ।

३० कार्तिक २०७४ को *अन्नपूर्ण पोष्ट दैनिक*मा "पुस्तक विमोचन कार्यक्रममा उपस्थित विभिन्न विशिष्ट व्यक्तित्त्वको चर्चासँगै पुस्तकको विषयमा टिप्पणी आदिको प्रसङ्ग र सर्वाधिक बिक्रीको शुभकामना आदिको जानकारीमूलक विषयको चर्चा" (पृ. १४) मात्र गरिएको छ । यस पूर्वकार्यमा पनि पनि उपन्यासको बारेमा विश्लेषण भएको छैन ।

१ मंसिर २०७४ को *विमर्स साप्ताहिक*मा "*लभ एट् पच्चीस* उपन्यासको विमोचन कार्यक्रममा सहभागी हुनुभएका व्यक्तित्त्व र उपन्यास प्रकाशनका यावत् जानकारी, चर्चा यस लेखमा गरिएको छ भने विमोचनमा सहभागी व्यक्तित्त्वको *लभ एट् पच्चीस*प्रतिको टिप्पणी" (पृ. ३) पनि यसमा राखिएको छ । यस पूर्वकार्यमा *लभ एट् पच्चीस* उपन्यासको बारेमा सङ्क्षिप्तरूपमा भए पनि उल्लेख भएकाले यस शोधका लागि केही उपयोगी बनेको छ ।

३ मंसिर २०७४ *कारोवार दैनिक*मा "*लभ एट् पच्चीस* उपन्यास विमोचनको चर्चा-परिचर्चाका साथै त्यहाँ उपस्थित विशिष्ट व्यक्तित्त्वबाट गरिएका उपन्याससम्बन्धी टिप्पणी तथा गौतमको व्यक्तित्त्व र लेखनकलाको चर्चासँगै कृतिको गहनताको पनि जानकारी" (पृ. ११) दिइएको छ । यस पूर्वकार्यले *लभ एट् पच्चीस* उपन्यास र उपन्यासका स्रष्टाको बारेमा सङ्क्षिप्तरूपमा भए पनि उल्लेख भएकाले यस शोधका लागि केही उपयोगी बनेको छ ।

यसरी उल्लिखित पूर्वकार्यहरूमा लेखकको बारेमा सामान्य टीका-टिप्पणीबाहेक प्रस्तुत *लभ एट् पच्चीस* उपन्यासको समीक्षा हुन सकेको छैन । गौतमद्वारा लिखित अन्य कृतिहरूको समीक्षा आदिमा गौतमको लेखनशैलीको चर्चा गरिएको भए तापनि यस उपन्यासको सामान्य चर्चामात्र भएको छ । माथि उल्लेख गरिएको उपन्यासको चर्चा कम भए पनि अन्य लेखहरूमा गौतमको लेखनशैलीको चर्चा भने भएकै छ । *लभ एट् पच्चीस* उपन्यासको औपन्यासिक तत्त्वका आधारमा भने अहिलेसम्म विश्लेषण भएको छैन । यसै प्राज्ञिक अभावको परिपूर्ति गर्ने उद्देश्यले यस '*लभ एट् पच्चीस* उपन्यासको कृतिपरक अध्ययन' शीर्षकमा शोधकार्य गरिएको छ ।

## १.५ शोधको औचित्य

प्रस्तुत *लभ एट् पच्चीस* उपन्यासको कृतिपरक अध्ययन र योगदानको मूल्याङ्कन शोधमार्फत गरिएको छ । प्रस्तुत उपन्यासको अध्ययन र विश्लेषण हालसम्म नभएको पूर्वकार्यको अध्ययनबाट देखिन्छ । त्यसैले प्रस्तुत उपन्यासको अध्ययन र विश्लेषणको विषय बनेको छ । यस शोधको अध्ययनपश्चात् *लभ एट् पच्चीस* उपन्यासले नेपाली साहित्यको फाँटमा दिएको योगदानको मूल्याङ्कनका साथै उपन्यासका बारेमा अध्ययन गर्न इच्छुक अनुसन्धाता, समालोचक, पाठक पनि लाभान्वित हुने भएकाले प्रस्तुत शोध औचित्यपूर्ण रहेको छ । प्रस्तुत उपन्यासको यससम्बन्धी विषयवस्तुको अनुसन्धनात्मक अध्ययन हालसम्म नभएको देखिएकाले यस शोधमा नयाँ ज्ञानको स्थापना हुने भएकाले शोध औचित्यपूर्ण रहेको छ ।

## १.६ शोधको सीमा

प्रस्तुत उपन्यासको अध्ययन विभिन्न कोणबाट हुनसक्ने भए तापनि कृतिपरक अध्ययनको कोणबाट मात्र यो उपन्यासको अध्ययन गर्नु यस शोधपत्रको सीमा रहेको छ । प्रस्तुत उपन्यासलाई कृतिपरक अध्ययनमार्फत कृतिभित्रै रही तत्त्वगत आधारमा विश्लेषण र अध्ययनमा मात्र प्रस्तुत शोधकार्य केन्द्रित रहने हुनाले यही नै यसको सीमा रहेको छ ।

## १.७ शोधविधि

प्रस्तुत शोधकार्यमा शोधविधिअन्तर्गतलाई निम्नानुसार सामग्री सङ्कलनविधि र विश्लेषणविधि गरी दुई प्रकारले वर्गीकरण गरेर अध्ययन गरिएको छ :

### १.७.१ सामग्री सङ्कलनविधि

प्रस्तुत *लभ एट् पच्चीस* उपन्यासको कृतिपरक अध्ययन शोधपत्र तयार गर्नका निमित्त विशेषतः पुस्तकालयीय विधि अपनाइएको छ । यसै गरी अनुसन्धान, समीक्षा, समालोचना, विश्लेषण आदिलाई आवश्यकताअनुसार द्वितीयक सामग्रीका रूपमा उपयोग गरिएको छ ।

### १.७.२ विश्लेषणविधि

*लभ एट् पच्चीस* उपन्यासको कृतिपरक अध्ययन शोधपत्रका लागि विश्लेषणात्मक विधिलाई अवलम्बन गरिएको छ । शोधसमस्यामा रहेका हरेक समस्याहरूलाई विश्लेषणात्मक विधिद्वारा उद्देश्य प्राप्तितिर यस शोधकार्य अग्रसर रहेको छ ।

## १.८ शोधपत्रको रूपरेखा

प्रस्तुत '*लभ एट् पच्चीस* उपन्यासको कृतिपरक अध्ययन' नामक शोधमा मूलतः आमुख, मूलपाठ, सन्दर्भ सामग्रीसूची गरी तीन खण्डमा विभाजन गरिएको छ । विभिन्न पाँच परिच्छेदहरूमा बाँडिएको छ भने तिनमा पनि आवश्यकताअनुसार शीर्षक तथा उपशीर्षकहरू राखिएको छ ।

पहिलो परिच्छेद : शोधपरिचय

यस परिच्छेदमा शोधविषयपरिचय, शोधसमस्या, शोधउद्देश्य, पूर्वकार्यको समीक्षा, शोधको औचित्य, शोधको सीमा, शोधविधिअन्तर्गत सामग्री सङ्कलनविधि र विश्लेषणविधि, शोधपत्रको रूपरेखाजस्ता शीर्षकहरू रहेका छन् ।

दोस्रो परिच्छेद : उपन्यासको सैद्धान्तिक स्वरूप

यस परिच्छेदमा विषयपरिचय, उपन्यासको व्युत्पत्ति र अर्थ, उपन्यासको परिभाषा, उपन्यासका तत्त्वहरू, नेपाली उपन्यासको विकासक्रम र आधुनिक नेपाली उपन्यासमा '*लभ एट् पच्चीस*' र निष्कर्षजस्ता शीर्षकहरू रहेका छन् ।

तेस्रो परिच्छेद : तत्त्वका आधारमा *लभ एट् पच्चीस* उपन्यासको अध्ययन

यस परिच्छेदमा विषयप्रवेश, *लभ एट् पच्चीस* उपन्यासको संरचनात्मक विश्लेषण, औपन्यासिक तत्त्वका आधारमा *लभ एट् पच्चीस* उपन्यासको विश्लेषण र निष्कर्षजस्ता शीर्षकहरू रहेका छन् ।

चौथो परिच्छेद : *लभ एट् पच्चीस* उपन्यासको योगदान र मूल्याङ्कन

यस परिच्छेदमा विषयपरिचयका साथै *लभ एट् पच्चीस* कृतिको उपन्यासका तत्त्वहरूमा योगदान र मूल्याङ्कन, स्वच्छन्दतावादी धारा लेखनमा योगदान र मूल्याङ्कन, मनोविश्लेषणका आधारमा योगदान र मूल्याङ्कन, सामाजिक विसङ्गति तथा विकृतिको चिरफारमा योगदान तथा मूल्याङ्कन, *लभ एट् पच्चीस* उपन्यासको शीर्षक सार्थकता तथा निष्कर्षजस्ता शीर्षकहरू रहेका छन् ।

पाँचौं परिच्छेद : उपसंहार

यस परिच्छेदमा समग्र शोधको सारांश, परिच्छेदगत निष्कर्ष, समग्र निष्कर्ष र भावी अध्येताका लागि सम्भावित शीर्षक प्रस्तुत गरिएको छ ।

शोधकार्यको अन्त्यमा सन्दर्भ ग्रन्थसूची प्रस्तुत गरिएको छ ।

दोस्रो परिच्छेद

# उपन्यासको सैद्धान्तिक परिचय

## २.१ विषयपरिचय

साहित्यका विभिन्न विधा (आख्यान, कविता, निबन्ध, नाटक) मध्ये उपन्यास आख्यान विधाअन्तर्गत पर्दछ । उपन्यास साहित्यका अन्य विधाभन्दा पछाडि जन्मेको भए तापनि अहिले निकै लोकप्रिय विधाका रूपमा देखापरेको छ । समाजको समसामयिक यथार्थतालाई प्रस्तुत गर्ने सशक्त माध्यमका रूपमा उपन्यासलाई लिने गरिएको पाइन्छ । उपन्यासले समसामयिक यथार्थलाई सशक्तरूपमा प्रस्तुत गर्दै भूतकालका इतिहास र भविष्यका सुनौलारूपलाई पनि प्रस्तुत गर्ने गर्दछ । पूर्वमा 'उपन्यास' र पश्चिममा 'नोबेल'को रूपमा परिचित यो विधा अहिले सर्वोत्कृष्ट र लोकप्रिय विधा भएर देखिएको छ । यसरी पछाडि जन्मेर पनि साहित्यको लोकप्रिय विधा बन्न पुगेको उपन्यासको व्युत्पत्ति, व्युत्पत्तिगत अर्थ पूर्वीय र पाश्चात्य साहित्यमा अलग-अलग र भिन्न दृष्टिले हेरिएको पाइन्छ । अहिलेको समयसम्म आइपुग्दा उपन्यासका अनेक प्रकारका रूप र उपन्यासका निर्माणमा विभिन्नता देखिएको छ ।

## २.२ उपन्यासको व्युत्पत्ति र अर्थ

उपन्यासको व्युत्पत्ति र अर्थका बारेमा पूर्वीय र पाश्चात्य साहित्यमा अलग-अलग र भिन्न-भिन्न दृष्टिकोण रहेको पाइन्छ । पूर्वमा उपन्यास र पश्चिममा नोबेलका रूपमा परिचित रहेको छ । उपन्यास संस्कृत तत्सम शब्द हो । टङ्कप्रसाद न्यौपानेका अनुसार "यस शब्दको अर्थ खोज्दा संस्कृततर्फ र स्वरूप खोज्दा पाश्चात्य साहित्यतर्फ ध्यान राख्नुपर्ने हुन्छ । उपन्यास शब्दको निर्माण 'उप'+'नि' (उपसर्गहरू) + 'अस्' (धातु) + 'घञ्' (प्रत्येय) लागेर बनेको देखिन्छ । 'अस्' धातुको अर्थ हुनु वा फ्याँक्नु भन्ने हुन्छ । 'उप' र 'नि' उपसर्गहरू लागेपछि यसको अर्थ सम्मुख प्रस्तुत हुनु भन्ने हुन्छ" (न्यौपाने, २०४९ : पृ. १७८) भनेका छन् । विधाका रूपमा उपन्यास नयाँ भए तापनि उपन्यास शब्दको प्रयोग र व्युत्पत्तिका बारेमा भरतमुनिले सर्वप्रथम आफ्नो *नाट्यशास्त्र* नामक ग्रन्थमा प्रकाश पारेका छन् ।

भरतमुनिपछिका विभिन्न संस्कृत साहित्यका आचार्य भामह, दण्डी, मम्मट, विश्वनाथ आदिले पनि आ-आफ्नो साहित्यशास्त्रमा उपन्यासका बारेमा चर्चा गरेका छन् ।

उपन्यासको बारेमा कृष्णचन्द्रसिंह प्रधानले आफ्नो धारणा निम्नानुसार प्रस्तुत गरेका छन् :

> संस्कृत साहित्यमा 'उपन्यासः प्रसादनम्' अर्थात् 'प्रसन्न गर्ने' तथा 'उत्पत्तिकृतोह्यर्थ उपन्यासः प्रकीर्तितः' अर्थात् 'कुशलतापूर्वक कुनै अर्थ प्रस्तुत गर्ने" भनी उपन्यासको व्याख्या दिइएको छ । यसैगरी उनले समीपता उपन्यासको शाब्दिक व्युत्पत्तिमा पनि छ, यो त्यसकै मूल आशयको साङ्केतिक रूप भन्नुपर्छ । 'उप' तथा 'न्यास' को जोड उपन्यास हो र यिनीहरूले क्रमशः नजिक राख्नुलाई बुझाउँछन् ...। (प्रधान, २०५२ : पृ. १३)

प्रधानका अनुसार उपन्यासको अर्थ नजिक राख्नु भन्ने हुन्छ । उनले कुशलतापूर्वक अर्थप्रस्तुत गर्ने अर्थबोध हुने उल्लेख गरेका छन् ।

राजेन्द्र सुवेदीले " 'उप' उपसर्गवाची पदपूर्वमा हुने 'न्यास' शब्दको संयोजनबाट निर्मित 'उपन्यास' शब्दले समीपमा विन्यास गरिने भन्ने अर्थ व्यक्त गर्दछ" (सुवेदी, २०६४ : पृ. १) भनी आफ्नो धारणा प्रस्तुत गरेका छन् । यसप्रकारले पूर्वीय साहित्यमा आख्यानका बारेमा चर्चा भए तापनि संस्कृतमा भनिएको उपन्यासको देन आजको उपन्यास हो वा होइन भन्ने बारेमा कृष्णचन्द्रसिंह प्रधानले उपन्यासको बारेमा निम्नानुसार आफ्नो मत प्रकट गरेका छन् :

> आधुनिक उपन्यासको प्रारम्भविन्दु वा उद्भवको इतिहास संस्कृत साहित्यतर्फ औंल्याएर त्यसको वंशावली केलाउनु वा स्रोत खोज्नु मनासीव छैन । कथा-आख्यायिकाहरूको स्वरूप निरूपणबारे गरिएका भामह, दण्डी आदिका परिभाषाबाट उपन्यासमा हुनुपर्ने केही प्राथमिक गुण वा तत्त्वको पूर्वाभास ती कथा आख्यायिकाहरूमा देखिएकाले यस्तो धारणा बन्न गएको सम्म हो... ।
>
> (प्रधान, २०५२ : पृ. १४)

माथिको भनाइलाई दृष्टिगत गर्दा केही गुणले सम्पन्न भए तापनि संस्कृत साहित्यको फलस्वरूप आजको उपन्यास नभएको उल्लेख गरेका छन् ।

पूर्वीय परम्परामा *रामायण, महाभारत,* दण्डीको *दशकुमारचरित,* वाणको *कादम्वरी*जस्ता लामा कथाहरू पाइए तापनि तिनलाई उपन्यासको उद्‌गम मान्नु युक्तिसङ्गत देखिँदैन । यी लामा कथाका रूपमध्ये कुनैबाट पनि उपन्यासको जन्म भएको मानिँदैन (श्रेष्ठ र शर्मा, २०६३ : पृ. ९५) । यस भनाइबाट बुझिन्छ कि संस्कृतमा उपन्यासलाई आख्यान वा आख्यायिकाका रूपमा व्याख्या गरिएको पाइन्छ । यसैगरी “भाषामा व्यक्त हुने अभिव्यञ्जनालाई कथातन्तुमा शृङ्खलित गर्ने र वस्तुलाई आख्यानतन्तुमा बाँध्ने प्रचलनको सुरुवात *रामायण* र *महाभारत*कालमै भयो... । दण्डी र वाण आदिको *दशकुमारचरित* र *कादम्वरी*जस्ता कथाहरू आख्यानको उपन्यासस्तरका सामग्री हुन्...” (सुवेदी, २०६४ : पृ. ७) । सुवेदीका अनुसार पनि संस्कृतमा लामा कथाहरू उपन्यासस्तरका भए तापनि ती आख्यानले आजका उपन्यासलाई वहन गर्न नसकेको देखिन्छ । यसर्थ आजको उपन्यासको प्रादुर्भाव पाश्चात्य साहित्यको देनका रूपमा रहेको छ । “उपन्यासलाई झन् संस्कृत साहित्यको परम्परामा गाँसेर हेर्नु र त्यसको विकसित रूप भन्न मिल्दैन । तसर्थ यसको स्रोत मूलतः पाश्चात्य साहित्यमै खोजिनुपर्दछ” (प्रधान, २०५२ : पृ. १४) भनेका छन् । यसरी पाश्चात्य साहित्यको पृष्ठभूमिमा उपन्यास रहेको कुरा प्रधानले गरेका छन् । उपन्यास जन्मेको पृष्ठभूमि जान्नका लागि पाश्चात्य साहित्यको इतिहास हेर्नुपर्ने हुन्छ (श्रेष्ठ र शर्मा, २०६३ : पृ. ९५) । यस भनाइलाई हेर्दा आधुनिक उपन्यासको उद्‌गम पाश्चात्य साहित्यबाट भएको हो र उपन्यासको स्वरूप, पृष्ठभूमि, अर्थवहन आदिका लागि पाश्चात्य साहित्यको अध्ययन गर्नुपर्ने हुन्छ भन्ने बुझिन्छ ।

नेपाली साहित्यमा प्रयोग हुँदै आएको ‘उपन्यास’ शब्दलाई अङ्ग्रेजीमा ‘नोबेल’ भनिन्छ । इसाको हजार वर्ष पूर्वतिर लेखिएको होमरका *इलियड* र *ओडिसी*जस्ता आख्यान ग्रन्थहरू पाश्चात्य साहित्यक्षेत्रका महत्त्वपूर्ण उपलब्धि हुन् । इसापूर्व तीन-चार शताब्दीतिरका विचार र चिन्तनका प्रणेताहरूका रूपमा प्लेटो, अरस्तुजस्ता दार्शनिकहरू पनि अभ्यूदित भए । यिनका विचारहरूले आख्यान क्षेत्रमा उपलब्धि प्राप्त भयो । यिनै आधारमा विभिन्न उतार-चढाव प्राप्त गरको पाश्चात्य साहित्यमा दाँतेको *डिभाइन कमेडी,* भर्जिलको *एनिड*जस्ता आख्यानमा आधारित पद्य रचनाहरू लेखिए । पन्ध्रौं शताब्दीपूर्वको पाश्चात्य साहित्यको दशा पनि पूर्वको आख्यान साहित्यको जस्तै रहेको पाइन्छ । पन्ध्रौं शताब्दीपछि बोकासियोको *डेकामेरोन*जस्ता सामग्रीहरू आख्यान धर्तीका आधारशिला मानिन्छन् (सुवेदी, २०६४ : पृ. ९) ।

यसरी माथिको कथनलाई हेर्दा पाश्चात्य साहित्यको सुरुवातसँगै उपन्यासको पनि सुरु भएको हो भन्न सकिन्छ ।

यसैगरी कृष्णचन्द्रसिंह प्रधानले पनि उपन्यासको बारेमा आफ्नो धारणा निम्नानुसार प्रस्तुत गरेका छन् :

> अङ्ग्रेजीमा भनिने 'नोबेल' शब्द इटालियन 'नोवेले' बाट लिइएको हो । यो ल्याटिन भाषाको 'नोवस्' तथा 'नोवलस्' शब्दकै रूपान्तरण मानिन्छ । फ्रान्सेली शब्द 'नोवेला' पनि त्यसैबाट निस्केको हो । एकातिर यसले नयाँलाई अर्थ्याउँछ भने अर्कातिर यो शब्दको सम्बन्ध इटालियन भाषाको 'नोवेले' सित जोडिएको छ, जसले समाचारलाई जनाउँछ । 'समाचार' शब्दले इङ्गित गर्ने आशयको व्याख्या गर्दा अचेल देखिने उपन्यासअनुसार यसले सामान्य जीवनबाट चरित्र तथा घटनाहरू बटुलेर प्रचलित भाषामा प्रस्तुत गर्ने गुणविशेषलाई सङ्केत गर्छ । (प्रधान, २०५२ : पृ. १५)

यसरी प्रधानले बोलचालको भाषामा सामान्य जीवनचरित्र र घटनाहरूको सङ्कलन भन्ने भाव नोवेल शब्दले बोकेको मानेका छन् । पन्ध्रौं, सोह्रौं र सत्रौं शताब्दीमा युरोपमा पुनर्जागरण आयो । त्यसबाट उद्भूत सांस्कृतिक चेतनाको परिणामस्वरूप अठारौं शताब्दीमा साहित्यिक विधाका रूपमा उपन्यासको जन्म भयो (श्रेष्ठ र शर्मा, २०६३ : पृ. १५) भनेका छन् । यसैगरी 'नोबेल' शब्द प्रयोगमा आउनुभन्दा पूर्व जस्तोसुकै कथालाई पनि आख्यानका रूपमा लिइन्थ्यो । अङ्ग्रेजी साहित्यमा पहिलो उपन्यास मोलोरीको 'प्मोर्टे डी आर्यर' मानिन्छ भने पहिलो यथार्थवदी उपन्यासका रूपमा डेनियल डिफोको *रविन्सन क्रुसो* आए पनि उपन्यासमा भने पूर्णरूपमा आधुनिकता आइसकेको थिएन केवल यसले उपन्यासको आभास मात्र दियो (न्यौपाने, २०४९ : पृ. १८६) भनेका छन् । उपन्यासमा जीवनको यथार्थ पक्षको चित्रण गरिएको हुन्छ । अठारौं शताब्दीमा यही प्रवृत्तिलाई लिएर अङ्ग्रेजी सहित्यमा डेनियल डेफो सेम्युअल रिचर्डसन, हेनरी फिल्डिङ् स्मोलेट स्टर्न आदि उपन्यासकारहरू प्रारम्भमा देखापरेका थिए । यिनीहरूका लेखनीबाटै विश्वमा उपन्यासविधाको जन्म भयो (श्रेष्ठ र शर्मा, २०६३ : पृ. ९६) । पाश्चात्य साहित्यमा विभिन्न उतार-चढावपछि देखापरेको कान्छो विधा उपन्यासले नयाँ जीवन, नयाँ दृष्टि, नयाँ विचारधाराको प्रारम्भविन्दु र जनसाधारणको जीवनलाई यथार्थतः अभिव्यक्ति दिने साहित्यका रूपमा आफ्नो स्थान सुनिश्चित गरेको छ (प्रधान, २०५२ : पृ. १६) । यसबाट बुझ्न सकिन्छ कि आख्यानबाट विकसित हुँदै आएको

नोवेलले एक निश्चित मौलिक यथार्थरूप पायो । मानवसमाजको उत्थान र पतनको प्रतिबिम्ब झल्काउने विधा बन्यो ।

यसरी पूर्वीय साहित्यमा उपन्यास शब्दको प्रचलन र प्रयोग पहिलादेखि गरे पनि पूर्वीय साहित्यमा भएका लामा कथा तथा आख्यानहरूले उपन्यासको प्रारम्भिक गुण समेटे पनि वर्तमानमा प्रयोग गरिने उपन्यासको अर्थलाई समेट्न सकेको देखिँदैन । वर्तमान समयको उपन्यास पाश्चात्य सहित्यको देन हो । यो आख्यानबाट सुरु भई विभिन्न उतार-चढावपछि उपन्यासले मौलिकरूप प्राप्त गऱ्यो । उपन्यासले नयाँ सोच, नयाँ दृष्टिकोण आदिबाट मानवजीवनको उत्थान र पतनको प्रतिबिम्ब झल्काउँदै यथार्थको कसीमा कसिएको छ । उपन्यास वर्तमान समयमा विश्वव्यापी र लोकप्रिय विधाको रूपमा देखापरेको छ ।

## २.३ उपन्यासको परिभाषा

साहित्यका विविध विधामध्ये सबैभन्दा कान्छो विधा भएर पनि उपन्यास ज्यादै लोकप्रिय विधाका रूपमा देखापरेको छ । पूर्वीय साहित्यमा उपन्यास शब्द धेरै पहिलेदेखि प्रयोग हुँदै आए तापनि तात्त्विक स्वरूप-संरचनाका दृष्टिले भने निकैपछि मात्र सफलता प्राप्त गऱ्यो । मानवजीवनको यथार्थ चित्र प्रस्तुत गर्ने विधा उपन्यास भएकाले यथार्थको नजिक रही आफ्नो स्वरूप प्रस्तुत गर्नुपर्ने र मानव स्वभाव परिवर्तनशील भएको र मानवीय स्वभाव नै उपन्यासमा बढी झल्कने हुनाले उपन्यासको आकार-प्रकार आदिलाई कुनै एक परिभाषामा समेट्न गाह्रो हुन्छ । पूर्वीय र पाश्चात्य साहित्यमा विद्वान्हरूले आ-आफ्नो तवरले उपन्यासको परिभाषा दिएका छन् तापनि उपन्यासको विधागत स्वरूपको निर्माणमा पश्चिमा जगत्को ठुलो योगदान रहेको छ । उपन्यासलाई राम्ररी चिन्न विभिन्न विद्वन्हरूको विचार हेर्नु आवश्यक रहेको देखिन्छ ।

राल्फ फक्सले उपन्यासलाई जीवनकै गद्य मान्दै यस्तो परिभाषा दिएका छन् । "उपन्यास कोरा रचनात्मक गद्यलेखन होइन, मानवजीवनको गद्य हो । उपन्यास कला नै पहिलो कला हो जसले मानवको सम्पूर्ण जीवनलाई अभिव्यक्त गर्ने प्रयास गर्दछ" (बराल र एटम, २०५८ : पृ. ७) । त्यस्तै *क्याम्ब्रिज इन्साइक्लोपेडिया*मा उपन्यासको परिभाषा यसरी दिइएको छ : "उपन्यास साहित्यको अठारौँ शताब्दीपछिको गद्यात्मक आख्यानलाई बुझाउने अभिधात्मक शब्द हो । यसमा जीवनको व्यापक पक्ष समेटिएको हुन्छ" (सुवेदी, २०६४ : पृ. ११) । जीवनको व्यापक पक्ष गद्यात्मक आख्यानमा समेटिएको उपन्यास हो भन्ने कुरा *क्याम्ब्रिज*

*इन्साइक्लोपेडिया*मा रहेको छ । यस्तै एम.एच्. अब्राह्मस्ले "विस्तारित गद्याख्यानको साझा विशेषता भएका सबैखाले कृतिलाई उपन्यास भनिन्छ" (बराल र एटम, २०५८ : पृ. ७) भनेका छन् । डी.एच्. लोरेन्सले "उपन्यासले मानवजीवनको सम्पूर्णताको अध्ययन गर्ने भएकाले यसको महत्ता अन्य कला र साहित्यभन्दा स्वाभाविक रूपले बढी छ" (बराल र एटम, २०५८ : पृ. ७) । उपन्यास मानवजीवनको सम्पूर्णताको अध्ययन भएकाले यसको महत्ता स्वाभाविकभन्दा बढी रहेको मानेका छन् ।

यस्तै प्रकारले उपन्यासको परिभाषा हिन्दी साहित्यमा पनि दिइएको छ । हिन्दी साहित्यका उत्कृष्ट उपन्यासका स्रष्टा प्रेमचन्दले उपन्यासको मूल काम मानवजीवनको चित्र र चरित्रमाथि प्रकाश पार्दै जीवनको रहस्यलाई उद्घाटन गर्नु हो भन्दै यस्तो परिभाषा दिएका छन् : "म उपन्यासलाई मानवजीवनको चित्र मान्छु । मानव चरित्रमाथि प्रकाश पार्नु र जीवनको रहस्यलाई उद्घाटन गरिदिनु उपन्यासको मूल काम हो" (सुवेदी, २०६४ : पृ. ११) । उपन्यासमाथि प्रकाश पार्दै डा. गोपाल राय भन्छन्, "उपन्यासले कल्पनाका आधारमा एउटा संसार खडा गरिदिन्छ । कहिलेकाहीँ त उपन्यासमा यति सबल भ्रम पैदा हुन्छ - हामी त्यसैभित्र हराएर सन्तोष प्राप्त गर्न पुग्दछौँ" (सुवेदी, २०६४ : पृ. ११) । रायका अनुसार मानिसहरू उपन्यासमा कल्पनाको आधारमा छुट्टै भ्रमको संसारमा सन्तोष प्राप्त गरिरहेका हुन्छन् ।

त्यसैगरी नेपाली समीक्षकहरूले पनि उपन्यासको परिभाषा आ-आफ्नै प्रकारले दिएका छन् । नेपाली उपन्यासका समीक्षक इन्द्रबहादुर राईका अनुसार यथार्थसँग परिचयन, सत्यको सन्धान, मूल्यको संरक्षण, जीवन वैविध्यमाथि एकरुपता प्रदान, जीवनशिक्षण, व्यक्तित्वको पुनरन्वेषण र मानवताको प्राप्ति उपन्यासका प्रमुख दायित्व (बराल र एटम, २०५८ : पृ. ७) मानेका छन् । राईले उपन्यासको दायित्वलाई आत्मसात् गर्दै उपन्यासमा मानवजीवनको एकरुपता, शिक्षा, व्यक्तित्वको अन्वेषण, प्राप्ति आदि हुनुपर्ने बारे चर्चा गरेका छन् ।

त्यसैगरी कृष्णचन्द्रसिंह प्रधानले "जीवनको यथार्थप्रति बौद्धिक आग्रहको रोचकतापूर्ण कलात्मक परिणाम उपन्यास हो" (प्रधान, २०५२ : पृ. १७) भन्दै रोचकता, कलात्मकता, बौद्धिकता, यथार्थतातर्फ जोड दिएका छन् । दयाराम श्रेष्ठ र मोहनराज शर्माले "बहुविधा संरचनात्मक एकाइहरूद्वारा हरेक अङ्गपरम्परामा शृङ्खलाबद्ध भई निश्चित मूल्य प्राप्त गरेको तथा व्यापक परिधिभरिको समय र स्थानभित्र विस्तारित भएको कलात्मक सौन्दर्ययुक्त गद्यलाई उपन्यास भनिन्छ" (श्रेष्ठ र शर्मा, २०६३ : पृ. ९४) भनेका छन् । यसबाट बुझ्न

सकिन्छ कि धेरै संरचनात्मक एकाइहरूद्वारा हरेक अङ्ग शृङ्खलाबद्ध भई मूल्य प्राप्त गरी व्यापक समय, परिधि, स्थानमा विस्तारित भई कलात्मक सौन्दर्ययुक्त गद्य उपन्यास हो ।

कृष्णहरि बराल र नेत्र एटमले मानव र मानव समाजसँग सम्बन्धित सत्यलाई कलात्मक रूपमा अभिव्यक्त गर्ने, आवश्यक लमाइ भएको आख्यानलाई उपन्यास हो (बराल र एटम, २०५८ : पृ. ९) भनेका छन् । राजन सुवेदीले उपन्यासमा आख्यानात्मकता, गद्यात्मकता, चरित्रविन्यास र मानवजीवनको व्यापकवृत्त प्रयोग हुनु अपेक्षित हुन्छ (सुवेदी, २०६४ : पृ. १४) भनी आफ्नो धारणा उल्लेख गरेका छन् ।

यसरी उपन्यासका बारेमा दिइएका परिभाषाहरूमा विद्वान्हरूका फरक-फरक धारणा देखा पर्दछन् । सुरुमा उपन्यासजस्तो रूपमा देखापरेको थियो अहिले सोहीरूपमा देखापरेको छैन । उपन्यासको स्वरूप उही भए तापनि वस्तुविन्यास गर्ने र जीवनजगत्लाई हेर्ने दृष्टिकोणमा फिकापन आएको छ । उपन्यासका बारेमा यसो हुनुमा यो परिवर्तनशील साहित्यिक विधा भएका कारणले गर्दा पनि हो । युगको परिवर्तनसँगै उपन्यासको स्वरूपमा पनि परिवर्तन आएको छ । यसै कारणले गर्दा एक समयमा दिएको परिभाषाले अर्को समयलाई समेट्न सक्छ भन्न सकिँदैन । माथिका परिभाषाहरूलाई हेर्दा कुनै परिभाषाले समयलाई, कुनैले चरित्रलाई, कुनैले घटनालाई, कसैले शैली, रूप, आख्यान तथा कलालाई, कसैले यथार्थतता आदि प्रमुख बनाई उपन्यासलाई चिनाउने प्रयास गरेका छन् । तर उपन्यासको स्वरूप र परिभाषा के-कति हो भनेर स्पष्ट पार्न अझै पनि कठिन रहेको देखिन्छ । कसैले लामो र धेरै पात्रलाई जोड दिएका छन् तर कति लामो र कति पात्र भन्नेबारे किटान गरेका छैनन् । कतिपय अवस्थामा त परिभाषा र उपन्यासबिच तालमेल रहेको भेटिँदैन । उपन्यास मानवजीवनको नजिक रहेर लेखिने साहित्यिक विधा भएकाले यसले मानवजीवनको यथार्थ चित्रण गर्दछ । यहाँ उपन्यासले मानवजीवनको यथार्थ चित्रण गर्दछ भन्ने खालका परिभाषा उपयुक्त रहेका देखिन्छन् । वर्तमानमा देखिएका समग्र उपन्यासहरूलाई समेटेर उपन्यासको परिभाषा निम्नानुसार दिन सकिन्छ :

मानवजीवनका सङ्गत तथा असङ्गत पक्षहरूको यथार्थ ढङ्गले चरित्र तथा घटनाका माध्यमबाट कलात्मक र रोचकपूर्ण रूपमा प्रस्तुत गर्ने विशाल र आफैमा पूर्ण रचना नै उपन्यास हो ।

## २.४ उपन्यासका तत्त्वहरू

साहित्यका विभिन्न विधाहरूका आ-आफ्नै प्रकारका संरचनागत तत्त्वहरू रहेका हुन्छन् । उपन्यास पनि साहित्य विधाहरूमध्येको एक प्रसिद्ध र चर्चित विधा मानिएको छ । संरचक तत्त्वहरूबिना उपन्यास पूर्ण हुन सक्दैन । एउटा विधा अन्य विधाबाट अलग हुनका लागि तत्त्वले महत्त्वपूर्ण भूमिका खेलेको हुन्छ । उपन्यासलाई राम्रोसँग चिन्नका लागि यसका आधारभूत तत्त्वलाई चिन्नु अनिवार्य हुन्छ । आधार तत्त्वहरूको संयोजनबाट उपन्यासको स्पष्टस्वरूप बनेको हुन्छ । जसरी मानव शरीर पूर्ण हुन विभिन्न अङ्गहरूको आवश्यकता पर्दछ त्यसै गरी उपन्यास बन्नका लागि पनि आधारभूत तत्त्वको आवश्यकता रहेको हुन्छ । उपन्यासका तत्त्वहरूका बारेमा विभिन्न विद्वान्हरूले चर्चा-परिचर्चा गरेका छन् तर सबैमा मतैक्यता पाइँदैन । कृष्णचन्द्रसिह प्रधानले "कथानक, चरित्र, कथोपकथन, शैली, भाषा वातावरण र उद्देश्य" (प्रधान, २०५२ : पृ. ७) लाई आधारभूत तत्त्वका रूपमा उल्लेख गरेका छन् । दयाराम श्रेष्ठ र मोहनराज शर्माले "कथानक, चरित्र, परिवेश, विषयसरुत्र, भाषाशैली उद्देश्य र दृष्टिविन्दु" (श्रेष्ठ र शर्मा, २०६३ : पृ. ९४) लाई आख्यानका तत्त्व मानेका छन् । राजेन्द्र सुवेदीले "वस्तु, चरित्र, कथोपकथन, द्वन्द्व, परिवेश, विचार, कौतुहल, दृष्टिविन्दु आदि" (सुवेदी, २०६४ : पृ. १७) लाई उपन्यासका उपकरण भनेका छन् ।

यसरी समालोचकहरूले उपन्यासका तत्त्वका सम्बन्धमा विभिन्न प्रकारका तत्त्व देखाए पनि उपन्यासका लागि महत्त्वपूर्ण तत्त्वका रूपमा कथानक, चरित्र, परिवेश, भाषाशैली, द्वन्द्व, उद्देश्य, कथोपकथन र दृष्टिविन्दुलाई मानिएको छ । यिनैको यसप्रकार चर्चा गरिएको छ :

### २.४.१ कथानक

उपन्यास संरचनाका लागि आवश्यक पर्ने तत्त्वहरूमध्ये कथानक महत्त्वपूर्ण तत्त्व हो । कथानक भनेको उपन्यासमा घट्ने घटनाहरूको योजनाबद्ध ढाँचा हो । "कथानक उपन्यासको आधारभूत वस्तु (तत्त्व) हो, जसको निर्माण सामान्य वा जटिल घटनाहरूको संयोजनबाट हुन्छ । अर्को शब्दमा भन्ने हो भने घटनाहरूलाई एक-अर्कोसित उनेर सम्बन्ध जोर्ने र सुसङ्गठितता प्रदान गर्ने काम कथानकले गर्छ" (प्रधान, २०५२ : पृ. ७) भनेका छन् । उपन्यासमा आउने घटनाहरू कसिएका, व्यवस्थित गरिएका हुन्छन् । कथानकले घटनाहरूलाई एकअर्कोसँग जोडेर सुसङ्गठितता गर्ने काम गर्दछ । "कथानक भनेको उपन्यासमा घट्ने घटनाहरूको योजनाबद्ध ढाँचा हो । यसमा आउने घटनाहरू कार्यकारण

सम्बन्धद्वारा कसिएका र व्यवस्थित गरिएका हुन्छन्" (बराल र एटम, २०५८ : पृ. २२) भन्दै उपन्यासको तत्त्वको बारेमा आफ्नो धारणा प्रस्तुत गरेका छन् । कथानकमा धेरै कथाहरूको संयोजन गरिएको हुन्छ । कथानक उपन्यासको मूलढाँचा निर्माणको आधारभूत तत्त्व हो जुन घटनाहरूको योजनाबद्ध तरिकाले संयोजन गरिएको हुन्छ । कथानकमा रहस्य र कौतूहलता पनि गाँसिएको हुन्छ । घटनाहरूको निरन्तरताका साथ चरित्र र उद्देश्यसँग तारतम्य मिलाउने तत्त्व कथानक हो । पुनः "कथानकमा चरित्र, विचार, बुद्धि, कल्पनाजस्ता कुराहरू समाविष्ट रहेका हुन्छन् । कथानकले नै उपन्यासको मूलढाँचा निर्माण गर्ने प्राथमिक तत्त्वको काम गर्दछ" (बराल र एटम, २०५८ : पृ. २३) भनेका छन् । कथानकले रहस्य र कौतूहलता दुवै बोकेको हुनाले कतिपय विद्वान् र उपन्यासकारले कथानकलाई उपन्यासको प्राण मानेका छन् । तर आजको समयमा भएको स्थितिले अकथानक उपन्यासतर्फ अग्रसर भएको पाइन्छ ।

घटनाप्रधान उपन्यासमा त खासगरी यसकै प्रमुखता हुन्छ, आत्मास्वरूप अवस्थित हुन्छ । तर उपन्यासको शिल्पीय विकासले शास्त्रीयपद्धति निर्धारित हुन सकिरहेको छैन । त्यसैले प्रारम्भकालीन उपन्यासमा कथानक प्रमुख तत्त्व मानिए तापनि हाल त्यसको महत्त्व र अनिवार्यता घट्दै गइरहेको छ । कथानकलाई गौण स्थान दिएर अथवा त्यसको आवश्यकत नै नसम्झेर उपेक्षा गर्न खोजिएझैं विश्व-उपन्यासको स्थिति छ । यसरी तथाकथित 'उपन्यास' को शिल्पीयस्वरूप कथानकबिनाको प्रयोगतर्फ लम्कन चाहेको दृष्टान्त भने प्रष्ट हुन्छ । "तर पनि - किनभने यो कथा-साहित्यअन्तर्गतको विधा हो - कथातत्त्वकै परित्याग कत्तिको सम्भव होला, विचारणीय छ र कथानक उपन्यासको मुख्य तत्त्व हुनाले यसको अवहेलना जस्ता-तस्ताका लागि दुःसाध्य नै ठहरिन्छ" (प्रधान, २०५२ : पृ. ७-८) भनी आफ्नो धारणा प्रस्तुत गरेका छन् ।

उपन्यासमा कथा कुनै न कुनै रूपमा आएकै हुन्छ । चाहे त्यो गौण होस्, शृङ्खलाबद्ध होस् वा विशृङ्खलित होस् तर कथानक अनिवार्यरूपमा उपस्थित हुन्छ । यसरी कथानक उपन्यासको कार्यव्यापारसँग सम्बद्ध तत्त्व हो । यो घटनाहरूको निरन्तर अन्वितिका साथ चरित्र, उद्देश्य र उपन्यासको कथासँगै तारतम्य मिलाउने तत्त्वका रूपमा प्रयोग भएको हुन्छ ।

कथानकको विकास आदि, मध्य र अन्त्यका अवस्थाबाट भएको हुन्छ । यो तीन प्रकारको हुन्छ । जर्मनीका फ्रेटागका अनुसार कथानकको विकास चित्ररूपमा राख्दा तलतिर फुकेको,

माथितिर साँघुरो हुँदै जाने 'कोन' वा 'पिरामिड' को आकार हुन्छ । उनले कथानकलाई आरम्भ, सङ्घर्षविकास, चरम, सङ्घर्षह्रास र उपसंहार गरी पाँच भागमा विभाजन गरेका छन् (बराल र एटम, २०५८ : पृ. २७) । उपन्यासको सुरुको अवस्थालाई आरम्भ मानिएको छ । यस भागमा पात्रका परिचय दिइन्छ । साथै भविष्यमा आउने घटनाहरूको सङ्केतसमेत पाइन्छ । कथानक विकासको दास्रो अवस्थालाई सङ्घर्षविकास मानिएको छ । यस अवस्थामा जटिल परिस्थिति उत्पन्न हुन थाल्दछ । पात्रमा आपसी द्वन्द्वको अवस्था देखिनुका अतिरिक्त कथानकमा द्वन्द्व र क्रियाको अवस्था देखा पर्दछ । कथानकको यस भागमा थप कौतूहलताको सिर्जना भएको हुन्छ । चरम अवस्थामा समस्याले पराकाष्ठाको रूप लिएको हुन्छ । आपसी द्वन्द्व चर्किँदै गएर समस्या वार कि पार हुने अवस्थालाई सङ्घर्षविन्दु मानिएको छ । चरमावस्थालाई कथानकको उच्चविन्दु मानिएको छ । द्वन्द्वमा ह्रास आइसकेको अवस्थालाई सङ्घर्षह्रास भनिएको छ । यस अवस्थामा घात-प्रतिघात, मनोमालिन्य, आदिबाट कथानकले मुक्ति पाउन थालेको हुन्छ । सामान्यतया यस अवस्थमा असत्यपक्ष कमजोर हुँदै गएको पाइन्छ । कथानकको अन्तिम अवस्थालाई उपसंहार भनिएको छ । यस अवस्थामा द्वन्द्वले निश्चितता पाइसकेको र उपन्यासले आफ्नो आकार ग्रहण गरिसकेको हुन्छ । उपन्यासको सारवस्तु स्पष्ट भइसकेको हुनाले उपसंहारमा आरम्भमा देखिएको समस्या समाप्त भएको हुन्छन् । यस पाँच अवस्थाको विकास यदि आदि, मध्य र अन्त्यमा तीन भागको विकास हेर्दा आदिभागमा आरम्भ र सङ्घर्षविकास देखा पर्दछन् भने मध्यभागमा चरम पर्दछ र अन्त्यभागमा सङ्घर्षह्रास र उपसंहार पर्दछन् ।

लेखकले कथानिर्माण गर्न लिइएको आख्यानात्मक आधार कथानकको स्रोत हो । उपन्यासकारले उपन्यास लेख्दा कुनै न कुनै स्रोतबाट कथा ग्रहण गरेको हुन्छ । यसरी लिइएको कथानकलाई लेखकले जस्ताको तस्तै प्रयोग नगरी त्यसलाई कलात्मकरूपले सजाएर प्रस्तुत गर्दछ । कथानक विभिन्न स्रोतबाट लिन सकिन्छ । उपन्यासमा प्रयोग हुने कथानकका स्रोतहरू सामान्यतया पाँच किसिमका मानिएका छन् । ती इतिहास, यथार्थमूलक अनुभव, मिथक, रागात्मक सौन्दर्य र स्वैरकल्पना रहेका छन् । इतिहासमा घटिसकेको घटनालाई आधार बनाएर तयार गरिएका उपन्यासहरू ऐतिहासिक उपन्यास हुन् । डाइमन शमशेरका *सेतो बाघ* (२०३०), *वसन्ती* (२००६), उपन्यासका कथानक इतिहासमा आधारित रहेका छन् । यथार्थमूलक अनुभव उपन्यासमा स्रष्टाले आफ्नो निरिक्षण क्षमाका माध्यमबाट ग्रहण गरेको समाजका स्थूल घटनाका स्रोतबाट सामाजिक यथार्थवादी उपन्यासको कथानक

टिपिएको हुन्छ । मानवीय सूक्ष्म एवम् अमूर्त आन्तरिक दृष्टिबाट मनोवैज्ञानिक उपन्यासको कथानक लिइएको हुन्छ । हृदयचन्द्रसिंह प्रधानको *एक चिहान* (२०१७) बाह्य सामाजिक यथार्थवादी उपन्यास हो भने गोविन्दबहादुर मल्ल 'गोठाले' को *पल्लो घरको झ्याल* (२०१६) मनोवैज्ञानिक उपन्यासका रूपमा देखिएको छ । मिथक उपन्यासमा अतिकाल्पनिक, प्रचलित पौराणिक सन्दर्भ, लोककथा, दन्त्यकथा आदिको संस्कार प्राप्त तथा मानवीय जीवनसन्दर्भसँग जोडेर व्याख्या गरिएको हुन्छ । यस्ता उपन्यासले पौराणिक र आधुनिक सन्दर्भलाई जोड्ने पुलको काम गरेको हुन्छ । विश्वेश्वरप्रसाद कोइरालाको *सुम्निमा* (२०२७), राजेश्वर देवकोटाको *द्वन्द्वको अवसान* (२०४१) जस्ता उपन्यास मिथकीय उपन्यास मानिएको छ । रागात्मक सौन्दर्यमूलक उपन्यासमा मानवीय भावनाका कुराहरू पर्दछन् । रागात्मक सौन्दर्य भन्नु हेराइको कुरा हो र यसमा आदर्श पनि जोडिएको हुन्छ । रूपनारायण सिंहको *भ्रमर* (१९९३), शिवकुमार राईको *डाकबङ्गला* (२०१३) जस्ता उपन्यास यसअन्तर्गत रहेका छन् । स्वैरकल्पना उपन्यासमा अप्राप्य वस्तुलाई प्रतीक बनाएर जीवनका विसङ्गति ओकल्ने काम गरिएको हुन्छ । यस्ता उपन्यासमा ध्रुवचन्द्र गौतमको *अलिखित*(२०४०), मनोजबाबु मिश्रको *स्वप्नसम्मेलन* (२०५६) जस्ता उपन्यासहरू रहेका छन् (बराल र एटम, २०५८ : पृ. २६-२७) ।

उपन्यासमा रहने आदिदेखि अन्त्यसम्मका घटनाहरूको संयोजनको अवस्थालाई कथानकको ढाँचा (बराल र एटम, २०५८ : पृ. २८) मानिएको छ । घटनावलीलाई उपन्यासकारले आफ्नो रुचि तथा कौशलताको प्रदर्शन गर्नका लागि विभिन्न ढाँचा अवलम्बन गरेर कथानकको निर्माण गरेको हुन्छ । कथानकको ढाँचालाई पनि दुई भागमा बाँड्न सकिन्छ । जहाँ कथानक आदि, मध्य र अन्त्यको क्रममा अगाडि बढ्दछ भने त्यस्तो ढाँचालाई रैखिक ढाँचा भनिन्छ । लैनसिंह वाङ्देलको *मुलुकबाहिर* र विश्वेश्वरप्रसाद कोइरालाको *सुम्निमा*जस्ता उपन्यास रैखिक ढाँचाका उपन्यास हुन् । कथानकका अङ्गलाई सरल रेखामा अघि नबढाएर पूर्वदीप्तिका मध्यमबाट उपन्यासमा राख्दा क्रमबद्धतामा विचलन हुन्छ तथा कथानक भूमरीझैँ घुमेको अवस्थामा प्रकट हुन्छ र कथानकको अन्त्यबाट कथानक आरम्भ हुन्छ भने यस ढाँचाले विशिष्टता प्राप्त गरेको हुन्छ । धनुषचन्द्र (ध.च.) गोतामेको *घामका पाइलाहरू*, मदनमणि दीक्षितको *माधवी*जस्ता उपन्यासहरू वृत्ताकारीय ढाँचाका उपन्यास हुन् ।

यसरी उपन्यास संरचनाका लागि आवश्यक पर्ने विभिन्न तत्त्वहरूमध्ये सबैभन्दा महत्त्वपूर्ण तत्त्व कथानक हो । यसलाई उपन्यासको अभिन्न अङ्गका रूपमा लिइन्छ । विभिन्न तत्त्वहरूको संयोजनमा संरचित उपन्यासको कथानकमा मानवजीवनका आन्तरिक र बाह्य सङ्घर्ष, सुख-दुःख, आशा-निराशा र सफलता-असफलता आदि सबैको चित्रण हुन्छ ।

२.४.२ चरित्र

उपन्यासको कथानकमा आएका घटनासँग सम्बद्ध हुँदै कथानकलाई सजीव बनाउन आउने मानव वा मानवेतर सहभागीलाई चरित्र मानिएको छ । उपन्यास संरचनाका लागि ज्यादै महत्त्वपूर्ण तत्त्व चरित्र हो । "उपन्यासभित्र कुनै विशेषता बुझाउन व्यवस्थितरूपले प्रयोग गरिने मानव वा मानवेतर प्राणीलाई पात्र वा चरित्र" (बराल र एटम, २०५८ : पृ. ३०) भनेका छन् । आ-आफ्ना प्राकृतिक र भौगोलिक प्रभावबाट निर्मित प्रवृत्तिले मान्छे-मान्छेमा विविध स्वभावहरू निर्माण भएका हुन्छन् र ती विविधताभित्रको क्रियात्मक अभिव्यक्तिमा एकतालाई चरित्रचित्रणको लक्ष्य मानिएको छ । "सामाजिक, वैयक्तिक वा मानवीय आधारमा उनीहरूको वैविध्यको र विविधताभित्रै एकताको अध्ययन गर्नु उपन्यासमा चरित्रचित्रणको लक्ष्य हो" (प्रधान, २०५२ : पृ. ८) भनेका छन् । वर्तमान समयमा नवीन उपन्यासमा चरित्रको स्थान मूल्यवान् हुँदै गएको छ । आजको समयमा व्याप्त जटिलता र विषमताका साथै मनोविज्ञान र मनोविश्लेषणको बढ्दो विकास र यसप्रतिको अभिरुचिले गर्दा पात्रको विभिन्न सम्वेदना तथा यसको परिवेशमा आधारित चरित्रप्रधान उपन्यासको वृद्धि भएको पाइन्छ । मानव वा मानवेतर चरित्र जे भए पनि मानवीय जीवनको प्रतिबिम्ब झल्काउने काम चरित्रले गर्दछ । चरित्र परिवेश सुहाउँदो, समाज सुहाउँदो भएन भने उपन्यास अस्वाभाविक बन्न पुग्दछ । प्राचीन आख्यानात्मक कृतिमा चरित्रका रूपमा मानवसँगै मानवेतर पात्र देवता, राक्षस, पशुपक्षीजस्ता अतिमानवेतर चरित्रको प्रयोग भएको पाइन्छ भने समयसापेक्ष र सुहाउँदो उपन्यास बनाउन आधुनिक उपन्यासमा बढी मात्रामा मानव चरित्रकै प्रयोग भएको पाइन्छ । मानवले भोगेको जीवन र औपन्यासिक चरित्रले भोगेको जीवन एकाकार हुनु आवश्यक हुने भएकाले सबै उपन्यासमा मानवेतर चरित्र मानवजीवनको प्रतिनिधित्व गर्दै औपन्यासिक भूमिका पूरा गर्न सक्दैनन् तथापि मानवेतर चरित्र प्रयोग हुँदा मानवजीवनको प्रतिनिधित्व गर्नु आवश्यक रहेको देखिन्छ । "उपन्यासको आयतनभित्र सिङ्गो मानवसभ्यता चरित्रचित्रणकै आधारमा परिभाषित भएको हुन्छ । विगत

र अनागतलाई वर्तमानसम्म तानेर ल्याउने तत्त्व चरित्र हो" (सुवेदी, २०६४ : पृ. २३) भनेका छन् ।

उपन्यासमा प्रयुक्त पात्र तथा तिनका प्रकारहरू बराबर चर्चामा आइरहन्छन् । पात्रको कामलाई निश्चितरूपमा विभाजन गर्नु कठिन कार्य हो । पात्रका वर्गीकरणका बारेमा कुनै निश्चित र ठोस आधार पाइँदैन । उपन्यासको परम्परामा पात्रहरूको वर्गीकरण गर्दा गतिशील र स्थिर पात्र, यथार्थ र आदर्श पात्र, अन्तर्मुखी र बहिर्मुखी पात्र, गोला र च्याप्टा पात्र, सार्वभौम र आञ्चलिक पात्र, पारम्परिक र मौलिक पात्र भनी वर्गीकरण गरेको पाइन्छ । "उपन्यासका चरित्रहरू एक-अर्काका सापेक्षतामा कस्ता विशेषताहरू लिएर कृतिमा आएका छन् भन्ने कुरा तिनको वर्गीकरणद्वारा स्पष्ट पार्न सकिन्छ" (बराल र एटम, २०५८ : पृ. ३२) भनेका छन् ।

माथि विभिन्न विद्वान्हरूले चरित्रको बारेमा व्याख्या गरेका छन् । जसलाई दृष्टिगत गर्दा ती सबै चरित्रका प्रकारहरू वर्गीकरण गर्ने आधार हुन् भने निम्नलिखित आधारलाई पनि चरित्रको महत्त्वपूर्ण वर्गीकरण मानिएका छन् :

लिङ्गका आधारमा : पुरुष र स्त्री । लिङ्गले पात्रको प्राकृतिक जात छुट्याउँछ । नायक र नायिका, पुरुष र स्त्री भनी छुट्याइएको पाइन्छ ।

कार्यका आधारमा : प्रमुख, सहायक र गौण । कामका आधारमा पात्रलाई प्रमुख भूमिका खेल्ने र गौण भूमिका खेल्नेलाई क्रमशः प्रमुख र सहायक भनी विभाजन गरिएको पाइन्छ ।

प्रवृत्तिका आधारमा : अनुकूल र प्रतिकूल । सकारात्मक काम गर्ने र फल प्राप्त गर्ने पात्र अनुकूल तथा नकारात्मक कार्य गर्ने र फल प्राप्त नगर्ने पात्रलाई प्रतिकूल पात्रको रूपमा चिनाइएको छ ।

स्वाभावका आधारमा : गतिशील र गतिहीन । उपन्यासको आरम्भदेखि अन्त्यसम्म एउटै अवस्थामा अडिएको पात्रलाई गतिहीन तथा परिस्थिति र अवस्थाअनुसार परिवर्तन हुने पात्रलाई गतिशील पात्रका रूपमा चिनाइएको छ ।

जीवनचेतनाका आधारमा : वर्गीय र व्यक्तिगत । जीवनचेतनाका आधारमा सामाजिक वर्गको भूमिका निर्वाह गर्ने वर्गीय र निजी भावको प्रतिनिधित्व गर्ने पात्रलाई व्यक्तिगत पात्रको रूपमा चिनाइएको छ ।

आसन्नताका आधारमा : मञ्चीय र नेपथ्य । आसन्नताका आधारमा उपन्यासमा उपस्थित भई कार्यव्यापार वा संवाद प्रस्तुत गर्ने पात्रलाई मञ्चीय पात्र तथा नामोच्चारण मात्र हुने पात्रलाई नेपथ्य पात्रको रूपमा चिनाइएको छ ।

आबद्धताका आधारमा : बद्ध र मुक्त । आबद्धताका आधारमा जुन पात्रलाई उपन्यासबाट झिक्दा कथानक भत्किन्छ ती पात्रलाई बद्ध पात्र तथा जुन पात्रलाई झिक्दा कथानकमा असर पर्दैन भने त्यसलाई मुक्त पात्रका रूपमा चिनाइएको छ ।

यसरी उपन्यासका माध्यमबाट उपन्यासकारले समाजको चित्रण गर्दा मानवीय स्वभावको प्रस्तुति र हरेक सङ्गत, विसङ्गत पक्षको उद्घाटन गर्दा पात्रकै माध्यमबाट व्यक्त गर्ने हुनाले उपन्यासका तत्त्वहरूमध्ये चरित्रलाई महत्त्वपूर्ण स्थान दिइएको पाइन्छ ।

२.४.३ परिवेश

उपन्यासका तत्त्वहरूमध्ये परिवेश महत्त्वपूर्ण तत्त्व हो । परिवेश भन्नाले देश, काल र वातावरणलाई जनाउँदछ । उपन्यासको कथानक र चरित्रले टेक्ने स्थान, घटना घटेको समय र वातावरण परिवेशभित्र पर्दछन् । कृष्णचन्द्रसिंह प्रधानले “उपन्यास देश, काल तथा वातावरणमा केन्द्रित भएर लक्ष्योन्मुख हुन्छ । वर्णित वस्तु वा चरित्र देश-कालको वातावरणमा आबद्ध भई त्यसै युगको सामाजिक परिस्थितिले उपन्यासलाई सङ्गति दिन्छ, विश्वसनीयता दिन्छ” (प्रधान, २०५२ : पृ. १०) भनेका छन् । उपन्यासमा उपन्यासकारले कुनै निश्चित र निश्चित कालको चित्रण गर्दछ । उपन्यासका पात्रहरू प्रत्येक देश, जाति, समााज, आ-आफ्नै रीतिरिवाज र आ-आफ्नै प्राकृतिक एवम् कलात्मक विशेषतामा हुर्केका वा बाँचेका हुन्छन् । जसरी प्रत्येक देश, जाति र समाजको आफ्नोपन हुन्छ त्यसै गरी हरेक युगको आफ्नै चिन्तन, मान्यता, समस्या र चालचलन हुन्छ । यसका बारेमा उपन्यासकार विज्ञ हुनुपर्दछ । उपन्यासको वातावरण आसपासको प्रत्यक्ष प्रभाव पार्ने तत्त्व भन्ने बुझिन्छ (पोखरेल र अन्य, २०५७ : पृ. ६२९) ।

“उपन्यासमा हुने कार्यव्यापारले पाठकमा छोड्ने प्रभावलाई वातावरण भनिन्छ । उपन्यासको कथानक अगाडि बढ्दै जाँदा पाठकमा उत्पन्न हुने सुख, दुःख, घृणा, क्रोध आदि भावनाको उद्बोध र तिनको परितृप्ति नै वातावरण हो” (बराल र एटम, २०५८ : पृ. ३७) भनी आफ्नो धारणा प्रस्तुत गरेका छन् । वातावरणले पात्रहरूको भावना क्रियाकलापसँग सोझो

सम्बन्ध राख्दछ । उपन्यासमा घटित काल निश्चित हुन्छ जसले पात्रको उमेरअनुसारको अवस्थाको पनि निर्धारण गर्दछ । पात्रका विचार मनोभावहरू पनि देश, काल र वातावरणअनुसार परिवर्तन हुँदै जान्छ । देशकाल भन्नाले समय मात्र नभई रीतिरिवाज, चालचलन, पात्रका भेषभूषा, आचार-व्यवहार, चिन्तन, वार्तालाप, भाषाशैली तथा कथाको पृष्ठभूमिसमेत पर्दछन् । कृष्णचन्द्रसिंह प्रधानले "देश, काल वातावरणबिना उपन्यासले कथानकलाई विश्वसनीयता, पात्रहरूलाई यथार्थता, र ऐतिहासिकतालाई सङ्गति प्रदान गर्न सकिँदैन" (प्रधान, २०५२ : पृ. ११) भनेका छन् ।

यसरी माथि उल्लिखित भनाइहरूलाई दृष्टिगत गर्दा मानवजीवनको यथार्थको नजिक उपन्यास हुने भएकाले र मानिस र समाजमा रहने भएकाले समाजको आन्तरिक र बाह्य दुवै परिवेशको चित्रण यथार्थरूपमा उपन्यासमा अभिव्यक्त हुनुपर्दछ र परिवेशले नै उपन्यासमा विश्वसनीयता प्रदान गर्दछ भनी प्रस्ट्याउन सकिन्छ ।

२.४.४ भाषाशैली

विचार विनिमयको सशक्त माध्यम भाषा हो । उपन्यास वर्णनात्मक साहित्यिक विधा भएकाले यसका लागि भाषा अनिवार्य तथा महत्त्वपूर्ण तत्त्वका रूपमा रहेको हुन्छ । भाषाको माध्यमबाट कथानक र चरित्र अभिव्यक्त भएका हुन्छन् । उपन्यासले भाषाद्वारा नै मूर्तरूप प्राप्त गर्दछ । यथार्थलाई अभिव्यक्त गर्ने हुनाले उपन्यासमा गद्य भाषाको प्रयोग हुन्छ । "भाषाका माध्यमबाट लेखकले अभिव्यक्त गर्ने ढङ्गमा अनेकता हुन्छ, त्यसकारण भाषालाई अभिव्यक्तिको माध्यम भनिएको छ । आफूले व्यक्त गर्न खोजेको कुरालाई लेखकले कला र सीपले सिँगार्दछ । भाषाको त्यही शृङ्गार नै शैली हो" (प्रधान, २०५२ : पृ. ६७) भनी आफ्नो धारणा प्रस्तुत गरेका छन् । यसलाई प्रष्ट पार्दै कृष्णचन्द्रसिंह प्रधानले आफ्नो धारणा निम्नानुसार प्रस्तुत गरेका छन् :

> औपन्यासिक तत्त्वहरूलाई आन्तरिक एकात्मकता प्रदान गर्ने सामान्य कार्यमा भाषाको महत्त्व सर्वाधिक छ । साधारणतया हेर्ने हो भने उपन्यासमा कथानक, समय र पात्रअनुकूल भाषा अख्तियार गरिन्छ - निजत्वको विशिष्टरूप शैली । यसले अभिव्यक्तिको स्वतन्त्र र व्यक्तित्वपूर्ण मार्गप्रशस्त गर्दछ । अर्को शब्दमा भनूँ, शैली नै उपन्यासको व्यक्तित्व हो । (प्रधान, २०५२ : पृ. ९)

उल्लिखित भनाइहरूलाई हेर्दा भाषाशैलीले उपन्यासलाई महत्त्वपूर्ण र बलियो बनाउँदछ । कथा, समय र पात्रअनुसारको भाषा भएमा उपन्यासले यथार्थको नजिक पुग्ने अवसर प्राप्त गर्दछ । उपन्यासको भाषा गद्यात्मक भए तापनि कलात्मक हुनुपर्दछ । पात्रको स्थितिलाई हेरेर भाषाको विविधरूप प्रयोग गर्न सकिन्छ । शैली भनेको उपन्यासकारको व्यक्तिगत हुन्छ । शैली उपन्यासकारअनुसार फरक-फरक हुन्छन्, जसको प्रभावले पाठकलाई नयाँ स्वाद दिने गर्दछ र प्रभावित तुल्याउँदछ । भाषाशैली आकर्षक र सुन्दर भएमा उपन्यास कलात्मक हुन सक्दछ भन्न सकिन्छ ।

"यथार्थतालाई वर्णन गर्ने साहित्यिक विधा भएकाले यसमा गद्यभाषाको प्रयोग गरिन्छ । उपन्यासमा कथ्य र लेख्य दुवै प्रकारको भाषाको प्रयोग आवश्यकताअनुरूप हुने गर्दछ" (बराल र एटम, २०५८ : पृ. ४२) भनेका छन् । यस भनाइलाई हेर्दा उपन्यास गद्य भाषामा लेखिए तापनि भाषा सरल, सहज, स्वाभाविक र कलात्मक हुन्छ । उपन्यासमा भाषाको प्रयोग साधारणतया दुई किसिमको हुन्छ । पहिलो किसिमको भाषा उपन्यासकार आफैले प्रयोग गरेको हुन्छ । यस्तो भाषा अपेक्षाकृत् नियमबद्ध लेखकीय स्तरअनुरूप र मानक भाषा हुने गर्दछ भने दोस्रो भाषा पात्रहरूको स्तरअनुरूप, परिवेशअनुरूप संवादमा प्रयोग गरिन्छ र यसमा विविधता पाइन्छ । संवादलाई स्वाभाविक बनाउनका लागि यसमा कथ्य तथा भाषिकाको प्रयोग अपेक्षाकृत् धेरै प्रयोग गरिएको हुन्छ ।

निष्कर्षमा उपन्यासको महत्त्वपूर्ण तत्त्व भाषाशैली पनि हो । भाषाशैलीले उपन्यासलाई अभिव्यक्त गर्दछ । पात्र सुहाउँदो भाषाले उपन्यासको गरिमालाई उच्च बनाउँदछ । उपन्यासमा प्रयोग हुने भाषा गद्यात्मक भइकन पनि कलात्मक हुन्छ ।

२.४.५ द्वन्द्व

कथानकलाई गति प्रदान गर्ने र पात्रसँगको सम्बन्धलाई स्थापित गर्ने तत्त्वका रूपमा द्वन्द्वलाई हेरिएको छ । द्वन्द्वको बारेमा राजेन्द्र सुवेदीले "कथावस्तु र पात्रलाई क्रियाकलापसँग आबद्ध गराएर अभिव्यक्त हुने तत्त्व 'द्वन्द्व' हो । द्वन्द्वलाई कतिपय विद्वान्हरूले सङ्घर्ष पनि भन्न रुचाउँछन् । मानसतत्त्वको सङ्घातबाट अन्तर्द्वन्द्व पनि जन्मिने हुनाले सङ्घर्ष भन्दा द्वन्द्व भन्नु बढी उपयुक्त ठहर्छ" (सुवेदी, २०६४ : पृ. २४) भनेका छन् । यस भनाइलाई हेर्दा वास्तवमा रचनाकारको जीवनको अन्तर्जटिलताको सूचक द्वन्द्व हो । कथानक घटनाको कार्यकारण सम्बन्धमा आबद्ध भएको शृङ्खला भएकाले यसमा द्वन्द्व र त्यसबाट उत्पन्न हुने

क्रियाको सर्वाधिक महत्त्व रहन्छ । सामान्यतया द्वन्द्व बाह्य र आन्तरिक गरी दुई किसिमका हुन्छन् र द्वन्द्वकै माध्यद्वारा पात्रहरूले अगाडिका क्रियाकलाप प्रदर्शन गर्दछन् । यस्तो प्रदर्शनले कथानक गतिशील भई शृङ्खलितरूपमा अगाडि बढ्दछ । यसैगरी "कथानकमा आउने द्वन्द्व र क्रियाकलापहरू स्वाभाविक, रोचक, सुगठित हुनुपर्दछ । स्वाभाविकताको अर्थ विश्वसनीयता वा सम्भाव्यता हो जसले कथानकलाई यथार्थसँग जोड्ने काम गर्दछ" (बराल र एटम, २०५८ : पृ. २६) भनेका छन् । यस भनाइबाट बुझ्न सकिन्छ कि, द्वन्द्वले उपन्यासमा रोचकता प्रदान गर्दछ । बाह्य द्वन्द्वमा मानिस-मानिसबिच, मानव-समाजबिच, समाज-समाजबिच, मानव र मानवेतर वस्तुका बिच भएका द्वन्द्वहरू पर्दछन् भने आन्तरिक द्वन्द्वमा मान्छेको मनभित्रको द्वन्द्व पर्दछ, जसलाई मनोद्वन्द्व पनि भनिन्छ ।

यसरी द्वन्द्वले कथानक र पात्रका बिच क्रियाकलापीय सम्बन्ध स्थापित गराउँदै कथानकलाई शृङ्खलित तरिकाले अगाडि बढाउँछ । कथानकलाई रोचक, स्वाभाविक, कौतूहलपूर्ण बनाउने भएकाले द्वन्द्व उपन्यासको तत्त्वका रूपमा रहेको छ ।

### २.४.६ उद्देश्य

जीवनका विभिन्न उद्देश्य भएझैँ उपन्यास लेखनको पनि केही न केही उद्देश्य रहेको हुन्छ । उद्देश्यबिना कुनै पनि कार्य गर्न सम्भव नभएकाले उपन्यासकारले उपन्यास रचना गर्दा एउटा न एउटा उद्देश्य राखेको हुन्छ । बिनाउद्देश्य लेखिएको कृतिले पूर्णता प्राप्त गर्न असम्भवप्रायः रहेको हुन्छ । राजेन्द्र सुवेदीले "जुनसुकै रचनाको सृजना गर्दा स्रष्टाले कुनै न कुनै उद्देश्य राखेको हुन्छ । त्यस उद्देश्यको परिपूर्तिका लागि रचनामा विचारको शृङ्खला प्रभावित गरिएको हुन्छ । यस विचार मात्रका निष्कर्षमा प्राप्त हुने उद्देश्यलाई उपन्यासको प्राप्ति भनिन्छ" (सुवेदी, २०६४ : पृ. २६) भनेका छन् । लेखकको जीवनजगत्सम्बन्धी विचार, उसको जीवनजगत्प्रतिको दृष्टिकोण, उसले प्राप्त गरेको ज्ञान आदिलाई उपन्यासमा कलात्मकरूपले अभिव्यक्त गरेपछि व्यक्त हुने दृष्टिकोण वा विचार नै उद्देश्य वा जीवनदर्शन हो । यसैगरी "सारवस्तु स्थानीय र विश्वजनीन गरी दुईप्रकारका हुन्छन्" (बराल र एटम, २०५८ : पृ. ४२) भनेका छन् । स्थानीय उद्देश्य कुनै देशकालमा सीमित रहेको हुन्छ भने विश्वजनीन उद्देश्यमा जीवनको शाश्वत् सत्यको खोजी गरिएको हुन्छ । नाटकीय विधिद्वारा उपन्यासमा जीवनप्रतिको दृष्टिकोण प्रस्तुत गर्दा उपन्यासकार आफै उपस्थित नभई पात्रका माध्यमबाट औपन्यासिक रूपमा व्यक्त हुन्छ भने विश्लेषणात्मक विधिमा उपन्यासकार आफै उपस्थित हुनसक्छ । अभिधात्मक तवरले भन्दा व्यञ्जनात्मक र कलात्मक तवरले उपस्थित

हुनु उपयुक्त देखिन्छ । यदि यस्तो भएन भने उपन्यास नीरस र सिद्धान्तको व्याख्याजस्तो देखिन्छ ।

निष्कर्षमा उपन्यासमा उद्देश्य महत्त्वपूर्ण तत्त्वका रूपमा रहेको हुन्छ । उपन्यासमा उद्देश्यका रूपमा आएको जीवनदर्शनको ठुलो भूमिका रहेको हुन्छ । जीवनदर्शनलाई जीवनको व्याख्या वा आलोचना पनि भन्न सकिन्छ । यसरी सजग नभएमा उपन्यासले भाषण वा प्रवचनको रूप लिने सम्भावना रहेको हुन्छ ।

२.४.७ कथोपकथन

उपन्यासमा कथानक र चरित्रका साथै संवाद (कथोपकथन) को पनि उत्तिकै महत्त्व रहेको छ । संवाद वा कथोपकथन भन्नाले पात्रहरूबिचको कुराकानीलाई बुझिन्छ । औपन्यासिक चरित्रको चित्रण गर्नु र घटनाहरूलाई नाटकीकरण गरेर अगाडि लैजानुलाई संवादको प्रमुख कार्य मानिएको छ । पात्रहरूका बिचमा स्थापित समस्या, अन्तर्द्वन्द्व र परिणतिलाई संवादले उपयुक्त ढङ्गले प्रस्तुत गर्न सक्दछ (बराल र एटम, २०५८ : पृ. ३५) । संवादले उपन्यासलाई रोचक बनाएको हुन्छ । आधुनिक उपन्यासमा संवादले पात्र र कथानकमा आउने घटनालाई सुसङ्गठित पार्न सहयोग गरेको हुन्छ । उपन्यासकारले मात्र एकोहोरो वर्णन गरिरहँदा उपन्यास नीरस  बन्दछ । त्यसैले उपन्यासकारले के भन्दछ भन्दा पनि उपन्यासका पात्रले भन्ने कुरा जान्न पाठक आतुर रहेका हुन्छन् । उपन्यासकारको शैल्पिक कौशल संवादमा देखिने भएकाले संवादलाई आकर्षक बनाउनुपर्ने हुन्छ । पात्रको जीवनस्तर भौतिक क्षमता, संस्कारगत संरचना आदि सबै पक्षको समुचित व्यवहारलाई सुहाउँदो पारेर मात्र कथोपकथनको काम पात्रलाई जिम्मा लगाउनु पर्ने (सुवेदी, २०६४ : पृ. २४) उल्लेख गरिएको छ । कथानक घटना परिवेशअनुसारको पात्र भएन भने उपन्यास नीरस हुने गर्दछ । पात्रको धरातलभन्दा भिन्न पात्रले धान्न नसक्ने संवादको प्रयोग गर्नु उपयुक्त मानिएको छैन । संवादकै माध्यमबाट द्वन्द्वको सृजना पनि हुने गरेको पाइन्छ । पात्रका कुण्ठा, वेदना आदि पनि संवादकै माध्यमद्वारा दर्शाइएको हुन्छ । यसले यथार्थबोधमा सहयोग गरेको हुन्छ । चरित्रसँग संवादको प्रत्यक्ष सम्बन्ध रहेको हुन्छ । उपन्यासमा प्रत्यक्ष र नाटकीय दुवै विधिबाट चरित्रचित्रण गरिनु उपयुक्त मानिएको छ । यी दुईको समायोजनमा नै उपन्यासको उत्कृष्टता देखिन्छ (बराल र एटम, २०५८ : पृ. ३६) भनी आफ्नो धारणा प्रस्तुत गरेका छन् ।

माथि उल्लिखित कथनहरूलाई हेर्दा संवाद नाटकका लागि अनिवार्य ठानिए तापनि उपन्यासका लागि पनि आवश्यक देखिएको छ । संवाद योजनाबाट थप कौतूहलता थपिँदै जाने र पात्र-पात्रका बिच द्वन्द्वको सृजना गर्ने हुनाले संवादलाई उपन्यासको महत्त्वपूर्ण तत्त्वअन्तर्गत राखिएको छ ।

२.४.८ दृष्टिविन्दु

उपन्यासमा प्रयोग भएको कथा कसको कथा हो र त्यसलाई भन्ने समाख्याता को हो ? भन्ने कुराको उत्तरलाई दृष्टिविन्दु भनिएको छ । उपन्यासमा प्रयुक्त पात्र भोक्ता वा सहभागी भएर वस्तुका घात-प्रतिघात, परिवेशका चाप र पीडा तथा स्थितिको सङ्घात भोग्ने कुरा हो (सुवेदी, २०६४ : पृ. २७) भनेका छन् । उपन्यासमा कथाको प्रत्यक्ष असर कसमा परेको छ ? भन्ने प्रश्नको उत्तरलाई दृष्टिविन्दु भनिएको छ । यसमा कथयिताले कसरी घटना तथा चरित्रहरूको वर्णन तथा उपस्थापन गर्छ ? भन्ने कुराको निर्धारण गरेको हुन्छ भने कथा कसले र कसरी भनिएको छ ? भन्ने पनि बुझाएको हुन्छ ।

दृष्टिविन्दुलाई बाह्य वा तृतीयपुरुष दृष्टिविन्दु र आन्तरिक वा प्रथमपुरुष दृष्टिविन्दु गरी दुई प्रकारमा बाँडिएको छ । बाह्य वा तृतीयपुरुष दृष्टिविन्दुमा कथयिता बाहिर बसेर कथामा अरूका बारेमा टिप्पणी गरेको हुन्छ । कथयिताले यसमा आफ्ना पात्र र घटनाका कुरालाई सर्वज्ञझैँ बनेर वर्णन एवम् टिप्पणी गर्दै सबै कुरा आफ्नै नियन्त्रणमा लिएको हुन्छ । तृतीयपुरुष दृष्टिविन्दुमा ऊ, त्यो वा कुनै नाम प्रयोग गरेर कथा अगाडि बढाएको हुन्छ । प्रथमपुरुष दृष्टिविन्दुमा कथयिता स्वयम् उपन्यासभित्र 'म' वा 'हामी" का रूपमा रहेर कथा भनेको हुन्छ । कथयिता नै प्रमुख पात्र भएर कथा भनेको अवस्थालाई केन्द्रीय प्रथमपुरुष दृष्टिविन्दु भनिएको छ भने कथयिता कथामा भएर पनि केन्द्रीय पात्रका रूपमा उपस्थित नभई केन्द्रीय पात्र भन्दा टाढा बसेर वृत्तान्त सुनाइरहेको अवस्थालाई परिधीय प्रथमपुरुष दृष्टिविन्दु हो (बराल र एटम, २०५८ : पृ. ४०) भनिएको छ ।

यसरी उपन्यास बन्नका लागि विभिन्न माथि उल्लेख गरिएका संरचक तत्त्वहरूको आवश्यकता रहेको हुन्छ । यी तत्त्वहरू कुनै अलि बढी र कुनै कम प्रयोग हुन सक्दछन् तर यी तत्त्वहरूका अभावमा उपन्यास उत्कृष्ट बन्न नसक्ने भएकाले उपन्यासका लागि यी तत्त्वहरू महत्त्वपूर्ण मनिएका छन् ।

## २.५ नेपाली उपन्यासको विकासक्रम र आधुनिक नेपाली उपन्यासमा *लभ एट् पच्चीस*

आधुनिक साहित्यमा सर्वोत्कृष्ट विधाको रूपमा देखिएको उपन्यासविधा जीवन तथा समाजलाई नजिकबाट हेर्न र त्यसको सर्वाङ्गीण चित्र खिच्न अत्यन्तै सक्षम देखिएको छ । प्रधान (२०५८) ले उपन्यासको विकासक्रमको बारेमा आफ्नो धारणा निम्नानुसार प्रस्तुत गरेका छन् :

> उपन्यास विधागत रूपमा कान्छो भए तापनि वर्तमानमा साहित्यका अरू विधालाई उछिनेर नयाँ-नयाँ प्रयोगका साथ अघि बढेको छ उपन्यास तत्सम शब्द भए तापनि उपन्यासविधाको विकासमा पाश्चात्य साहित्यको योगदान रहेको देखिन्छ । यसरी विश्वसाहित्यको इतिहासमा नै कान्छो विधाको रूपमा रहेको उपन्यास नेपाली साहित्यमा बिसौँ शताब्दीको अन्तिम दशकबाट प्रारम्भ भएको हो । (पृ. ४२०)

नेपाली साहित्यका सन्दर्भमा कथा र उपन्यास दुवै विधाको इतिहास एउटै रहेको हुँदा जहाँबाट कथाको इतिहास सुरु भयो त्यहीँबाट उपन्यासको इतिहास सुरु भएको मानिन्छ ।

माथि उल्लिखित भनाइहरूलाई हेर्दा नेपाली साहित्यमा आख्यानविधा शक्तिबल्लभ अर्यालको *महाभारत विराट्पर्व* (१८२७) बाट सुरु भई विभिन्न मोडहरू पार गरेको छ । यिनै आख्यानहरूमा नेपाली उपन्यासको बीज रहेको पाइन्छ । यसरी सुरु भएको नेपाली उपन्यासको अध्ययनलाई विभिन्न काल र चरणमा विभाजन गरेर अध्ययन गरिएको छ । उपन्यासको कालविभाजनमा पनि विभिन्न विद्वान्हरूका बिचमा मतभेद देखिएको छ । अध्ययनको सुगमताका लागि ऐतिहासिक कालक्रमिक र कृतिले बोकेको प्रवृत्तिलाई आधार मानेर गरिएको कालविभाजन बढी उपयोगी मानिएको छ । यहाँ सम्पूर्ण कालखण्डलाई समग्ररूपमा अध्ययन गरी *लभ एट् पच्चीस* उपन्यासको स्थाननिर्धारण गरिएको छ ।

माध्यमिककाल नेपाली उपन्यास लेख्ने पूर्वाधारको समय मानिएको छ । कृष्णचन्द्रसिंह प्रधानले "सम्वत् १८२७ देखि १९४६ पूर्वको समयलाई लोककथापरम्पराको आख्यान अथवा नेपाली उपन्यास लेख्ने पूर्वाधारको सृजनाकाल भन्नुपर्छ" (प्रधान, २०५२ : पृ. २१) भनेका छन् । प्राचीन कथालाई उपन्यासको परम्परामा नराखे तापनि उपन्यासको स्रोत तिनै

कथाहरूलाई नै मानिएको छ । पृथ्वीनारायण शाहले नेपाल एकीकरणको क्रममा वि.सं. १८२५ मा काठमाडौँ विजय गरेका थिए । त्यसको दुई वर्षपछि वि.सं १८२७ मा *महाभारत विराट्पर्व* अनुवाद भएको थियो । यसले नेपाली साहित्यलाई आख्यानका क्षेत्रमा पदार्पण गराएको मानिन्छ । त्यस्तै संस्कृतबाट अनुदित भानुदत्तको *हितोपदेश मित्रलाभ* (१८३३), शक्तिबल्लभ अर्ज्यालको *हास्यकदम्ब* (१८५५ तिर) भवानीदत्त पाण्डेको *मुद्राराक्षस* (१८८०) आदि कृतिहरूमा उपन्यासको बीज रहेको छ (जोशी, २०६३ : पृ. ५३) । यस्तै अज्ञात व्यक्तिद्वारा अनुदित दण्डीको *दशकुमार चरित* (१८७५), *स्वस्थानी व्रतकथा* (१८७८), विजय नन्दको *महाभारत विराट्पर्व* (१८८६), अज्ञातले लेखेको *आदिपर्व* (१८८९) आदि कृतिलाई पनि नेपाली आख्यानको सुरुवात मानिएको छ... (सुवेदी, २०६४ : पृ. २५) । यी कृतिहरू नाट्यकृति भए तापनि आख्यानतिर बढी उन्मुख रहेका छन् । प्राथमिककालमा पूर्णतया औपन्यासिक कृति भने पाइएको छैन । यसकालका कृतिहरू संस्कृतबाट अनुदित थिए । “जीवनका असम्बद्धतालाई अलौकिकतालाई र अतिमानवीयतालाई नै आख्यानले आत्मसात् गरेको छ” (सुवेदी, २०६४ : ३८) भनेका छन् । प्रायः एउटै ढाँचाको शैली, धर्म र नीतिसम्बन्धी कुराहरूको वर्णन, औपदेशिक चरित्रको खोज, साहस, कौतूहल, आश्चर्य तथा प्रेमको प्रारूप भेटिनु, हास्यव्यङ्ग्यको प्रारम्भ हुनु, कथा र उपन्यासमा भिन्नता नदेखिनु, घटनाको वर्णन भएको आख्यानको प्रारम्भ हुनु आदिजस्ता यस कालका कृतिमा भेटिएका विशेषता र प्रवृत्तिहरू हुन् (बराल र एटम, २०५८ : पृ. ७८) । प्राथमिककालका कृतिहरू उपन्यास नभई आख्यानका रूपमा रहेका तथा आधुनिक उपन्यासका जग मानिएका छन् ।

विभिन्न पृष्ठभूमि तथा विदेशी प्रभावका फलस्वरूप वि.सं. १९४६ मा *वीरसिक्का* प्रकाशित भएपछि नै आख्यानले उपन्यासको स्वरूप निर्धारण प्रयास थालनी गरी काल्पनिकताको सृष्टिमा रमाउन थालेको हो (बराल र एटम, २०५८ : पृ. ७८) भन्ने कुरा उल्लेख गरेका छन् । विश्वसाहित्यमा आधुनिक उपन्यासको प्रभावले छोएको समयमा नै उपन्यासको माध्यमिककालको आरम्भ भएको मानिन्छ । यस अवधिमा भएको सामाजिक चेतना तथा राजनीतिक पर्यावरण, शिक्षाको स्थिति, कलेजको स्थापना, नेपालको अन्य मुलुकसँगको सम्बन्ध आदिले पनि पृष्ठभूमिको काम गरेको पाइन्छ (सुवेदी, २०६४ : पृ. ३८) । विभिन्न भाषाका प्रभावका साथै *गोरखापत्र, उपन्यासतरङ्गिणी, सुन्दरी* र *गोर्खाली*जस्ता पत्रपत्रिकाहरूले धारावाहिक उपन्यास प्रकाशित गरेर नेपाली गद्यलेखन तथा आख्यान-साहित्यलाई पूर्वाधार तयारका साथै सुदृढ गरेको पाइन्छ । माध्यमिककालको प्रारम्भ

शिवदत्त शर्माको *वीरसिक्का* (१९४६) बाट भएको मानिन्छ । प्राथमिककालको कृति लेखोटमा मात्र सीमित थिए भने प्रकाशनको समयमा आएपछि नेपाली आख्यानका क्षेत्रमा एउटा नयाँ प्रकाश उद्भासित भयो त्यो औपन्यासिक शरीर रचनाको आधार थियो । चिरञ्जिवी पौड्यालको *प्रेमसागर* (१९४७), हरिहर शर्माको *दुर्गा सप्तसती* (१९४८), कपिलदेव शर्माको *नलोपाख्यान* (१९५८) जस्ता प्राथमिककालीन उपन्यास हुन् । गिरिसबल्लभ जोशीको *वीरचरित्र* (१९५६), सदाशिव शर्माको *महेन्द्रप्रभा* (१९५९) *गोरखापत्र*मा प्रकाशित कृतिहरूमा *नरदेव* (१९६१) *यमपञ्चप्रपञ्च* (१९६३), *जादुगर* (१९६४), *नौलाखाहार* (१९६७) आदि रहेका छन् भने सदाशिव शर्माको *महेन्द्रप्रभा* (१९५९) प्रथम मौलिक उपन्यासका रूपमा देखिएको छ (प्रधान, २०५८ : पृ. ४२२) । प्राथमिककालको तुलनामा अझ सशक्त र उर्वर देखिएको नेपाली उपन्यासको माध्यमिककालमा अनुवादको प्रधानता कायम हुनु, सचेत लेखनको अभाव, अनुकरणको प्रयोग पाइनु, काल्पनिक, असम्भव, अलौकिक एवम् अतिमानवीय घटनाको प्रस्तुतीकरण गर्नु, युगचेतनाको न्यूनता, नीतिवादी र सुधारवादी स्वर, मौलिक सामाजिक यथार्थको चित्रणमा सङ्क्रमित अवस्था, स्थानीय चित्रमा प्रयास हुनु, पात्रको स्वतन्त्रतामा आंशिक प्रयास, घटनाको विन्यासमा शिथिलता, नाटकीय पद्धतिको प्रयोग, उपन्यासको मौलिक शिल्पमा अस्पष्टता (बराल र एटम, २०५८, पृ. ८६-८७) जस्ता प्रवृत्तिहरू देखिएका छन् ।

'आधुनिक' शब्दले वर्तमान भन्ने अर्थबोध गराएको छ । साहित्यिक विधाहरूमा परम्परागत प्रवृत्तिका विरुद्ध नवीन मूल्य र मान्यतालाई आधुनिक चिन्तन भनिएको छ । विभिन्न साहित्यिक विधाले आफ्नो स्वरूपलाई पटकपटक परिवर्तन गरेको पाइन्छ । इतिहासको लामो बहाइको क्रममा देखापरेको प्राथमिककालीन र माध्यमिककालीन प्रवृत्तिलाई परित्याग गरी राजनैतिक, सामाजिक, शैक्षिक आदि पृष्ठभूमिमा नवीन कथ्यको प्रयोग, नवीन स्वरूपको स्थापना, यथार्थवादी दृष्टिकोणको अवलोकन, वैज्ञानिक दृष्टिकोणको स्थापना, परम्पराप्रतिको विरोध, पाश्चात्यको प्रभाव, नयाँ जीवनमूल्यको स्थापनाजस्ता समयचेतनाको प्रभाव अवलम्बन गर्दै आधुनिक नेपाली उपन्यासको आरम्भ आदर्शोन्मुख यथार्थवादी उपन्यास रुद्रराज पाण्डेको *रूपमती* (१९९१) बाट भएको मानिन्छ (बराल र एटम, २०५८ : पृ. ९०) । *रूपमती* उपन्यासले अतिकल्पनालाई छोडेर, सम्भाव्यता र स्वाभाविकताको खोजी गर्दै, नेपाली भाषा र नेपाली पर्यावरण प्रस्तुत गर्दै, द्वन्द्वको समेत प्रयोग गर्दै उपन्यासको आधुनिकताको सुरुवात गरेको पाइन्छ । नेपाली उपन्यासको आधुनिककाल आदर्शोन्मुख

यथार्थवादी धाराबाट सुरुवात भएको पाइन्छ । आधुनिककालमा आएर नेपाली उपन्यासमा विभिन्न धाराहरू देखापरेका छन् । आदर्शोन्मुख यथार्थवादी धारापछि रूपनारायण सिंहको *भ्रमर* (१९९३) बाट स्वच्छन्दवादी धारालाई आत्मसात् गरेको छ । सामाजिक जीवनका यावत् पक्षको यथार्थ वर्णन गर्न सामाजिक यथार्थवादीको सुरुवात लैनसिंह वाङदेलको *मुलुकबाहिर* (२००४) ले सुरु गरेको भने इतिहाससँग सम्बन्धित ऐतिहासिक यथार्थवादी धारा डायमन समशेर राणाको *वसन्ती* (२००६) बाट भएको छ । लैनसिंह वाङ्देलको *लङ्गडाको साथी* (२००६) उपन्यासले अतियथार्थवादी धारालाई आत्मसात् गरेको छ । आलोचनात्मक यथार्थवादी धाराको सुरुवात हृदयचन्द्रसिंह प्रधानको *स्वास्नीमान्छे* (२०११) ले गरेको छ भने अन्तर्जगत्को चित्रण गर्ने मनोविश्लेषणवादी धारालाई सर्वप्रथम गोविन्दबहादुर मल्ल 'गोठाले' को *पल्लोघरको झ्याल* (२०१६) बाट भएको देखिन्छ । जीवनजगत् र विचार आदिमा सङ्गति नभएको देख्ने धारणामा विश्वास राख्ने विसङ्गतिवादी धाराको सुरुवात इन्द्रबहादुर राईको *आज रमिता छ* (२०२१) बाट भयो भने विसङ्गतिवादको पृष्ठभूमिमा अस्तित्ववादको सुरुवात पारिजातको *शिरिसको फूल* (२०२२) उपन्यासबाट भएको मानिन्छ । आदिम संस्कारहरूको नवीन ढङ्गले पुनःसृजन गरेर लेखिएका उपन्यासहरू मिथकीय धाराअन्तर्गत पर्दछन् र यस धाराको सुरुवात विश्वेश्वरप्रसाद कोइरालाको *सुम्निमा* (२०२७) उपन्यासबाट भएको मानिन्छ । नवीन शैलीलाई आत्मसात् गर्ने प्रयोगवादी धारालाई ध्रुवचन्द्र गौतमको *अन्त्यपछि* (२०२४) उपन्यासले सुरुवात गरेको छ । कार्ल मार्क्सको ऐतिहासिक द्वन्द्वात्मक भौतिकवादमा आधारित दृष्टिकोणलाई आत्मसात् गरी लेखिने उपन्यासलाई समाजवादी उपन्यास भनिन्छ र यस धाराको सुरुवात डी.पी. अधिकारीको *आशमाया* (२०२५) उपन्यासले गरेको देखिन्छ । डार्विनको विकासवाद तथा जीववैज्ञानिक भौतिकशास्त्रीय मान्यताहरूमा आधारित उपन्यास लेखनलाई प्रकृतिवादी उपन्यास भनिन्छ । यसप्रकारको उपन्यासलेखनको सुरुवात शङ्कर कोइरालाको *खैरेनीघाट* (२०१८) उपन्यासबाट भएको पाइन्छ । नारीपक्षलाई आत्मसात् गर्दै उपन्यासमा नारीदमन, हक, अधिकारका बारेमा लेखिने नारीवादी उपन्यास हुन् हृदयचन्द्रसिंह प्रधानको *स्वास्नीमान्छे* (२०११) उपन्यासबाट अगाडि बढेको पाइन्छ ।

यसरी रुद्रराज पाण्डेको *रूपमती* (१९९१) उपन्यासबाट सुरु भएको नेपाली आधुनिक उपन्यासको परम्परा विभिन्न मोड र धाराहरूमा उपन्यासहरू रचना भएका छन् । उपन्यास रचना हुँदै जाने क्रममा इन्द्रबहादुर राईको *आज रमिता छ* (२०२१) उपन्यासबाट नवीन

परम्परा र मूल्यको थालनी भएको पाइन्छ । यसपछिको समयलाई समालोचकहरूले नवचेतनावादी, नवसंरचनावादी, प्रयोगधर्मी उपन्यासको कालखण्ड पनि भनेका छन् । यस नवसंरचनावादी युगको थालनीपश्चात् उपन्यासका क्षेत्रमा विभिन्न प्रयोगहरू भएका छन् । यस कालखण्ड बौद्धिक कालखण्डमा रमाउनका साथै अप्रासङ्गिक, अवास्तविक, कथावस्तुहीन उपन्यास रचनातर्फ आकर्षित छ । अउपन्यासात्मक नवकलाको पनि प्रयोग भएको पाइन्छ । सुन्दरतम कथ्यको र शैल्पिक विखण्डनको प्रवृत्ति, विशृङ्खलित कथ्यको प्रयोग, विमिथीकरण गर्ने औपन्यासिक कला, स्वैरकल्पना, श्यामव्यङ्ग्य, सहकारी उपन्यासलेखन तेह्रजना लेखकको एक उपन्यासलेखन आदिजस्ता प्रवृत्तिहरूको प्रयोगले नवसंरचनात्मक औपन्यासिक कलाको माग गरेका छन् । वाद निरपेक्षताको घोषणा गर्ने *आज रमिता छ* (२०२१) र त्यसमा अन्तर्निहित बहुउपन्यासको संयोजन, सरुभक्तका *पागल बस्ती* (२०४८) र *तरुनी खेती* (२०५३) ले स्थापना गर्न खोजेको औपन्यासिक कला जगदीश घिमिरेको *अन्तर्मनको यात्रा* (२०६३) र झमक घिमिरेको *जीवन काँडा कि फूल* (२०६६) जस्ता उपन्यासले निम्त्याउन खोजेको आत्मपरक निबन्धको निकट औपन्यासिककला, ध्रुवचन्द्र गौतमका सम्पूर्ण उपन्यासमार्फत व्यक्त भएको औपन्यासिक कला र तिनमा पाइने श्यामव्यङ्ग्यात्मक कथनकला, एकोहोरो कथ्य कथानक घटना र चरित्रको संयोजनबिना पनि उपन्यास लेख्न सकिन्छ भन्ने नितान्त नयाँ मान्यता, गोला पात्रको मागजस्ता कुराहरू नवसंरचनावादी कालखण्डमा विकसित भएको पाइन्छ । नवसंरचनावादी युग, विसङ्गतिवादी, अस्तित्ववादी प्रयोगधारा र मिथकीय धाराजस्ता धाराहरूमा अगाडि बढिरहेको छ ।

उपन्यासलेखनको यही परम्परालाई अङ्गीकार गर्दै अनल गौतमले *लभ एट् पच्चीस* उपन्यासको लेखन गरेका छन् । *लभ एट् पच्चीस* उपन्यासले स्वच्छन्दतावादी धारालाई आत्मसात् गरेको छ । आधुनिक समाजको चित्रण र समाजमा रहेका विकृति, विसङ्गतिलाई आँखीझ्यालबाट चिहाएको छ । आजको आधुनिक समाजमा सङ्घर्षरत दुई युवा-युवतीबिच झ्याङ्गिएको प्रेम र त्यसका उतार-चढावलाई उपन्यासमार्फत स्वच्छन्द वर्णन गरेका छन् । समाज आधुनिकतातिर प्रवेश गरिरहेको र यौनलाई सामान्यरूपमा लिन थालिएको अवस्थामा पनि ती दुईबिचको आदर्शप्रेमलाई उपन्यासकारले उत्कृष्ट रूपमा प्रस्तुत गरेका छन् । पात्रको मनोविश्लेषण र कल्पनालाई उपन्यासले देखाएको छ । रूपनारायण सिंहको *भ्रमर* (

१९९३) उपन्यासबाट सुरु भएको स्वच्छन्दतावादी धारामा गौतमले कलम चलाएर उपन्यासको दीर्घकालीन परम्परामा एउटा सानो भए पनि योगदान दिएका छन् ।

यसरी उपन्यास साहित्यको कान्छो विधा भएर पनि सुरुदेखि नै विभिन्न उतार-चढाव, नयाँ दृष्टिकोण, नयाँ सोचमा अगाडि बढेको देखिन्छ । युगको परिवर्तनसँगै उपन्यासको विधा पनि नयाँ दृष्टिकोणमा अगाडि बढेको पाइन्छ । सभ्यताको विकासक्रममा युग बदलिएको छ । पुरातनवादी प्रवृत्तिलाई लत्याउँदै नयाँ संरचना, नयाँ विषयवस्तु, जीवनसम्बन्धी नयाँ दृष्टिकोण बोकेर अगाडि बढेको नवसंरचनावादी युगले नयाँ कथ्य, नयाँ पद्धति र नयाँ सम्भावनाको खोजी गरिरहेको छ ।

## २.६ निष्कर्ष

'उपन्यास' संस्कृत तत्सम शब्द हो । उपन्यासविधा पाश्चात्य साहित्यको देन भए पनि नेपाली साहित्यमा शक्तिबल्लभ अर्ज्यालको *महाभारत विराटपर्व* (१८२७) अनुदित कृतिबाट आख्यानको प्रारम्भ भएको भेटिन्छ । प्राथमिककालीन आख्यानहरू उपन्यासको मूल्य र मान्यतामा खरो नउत्रिए पनि उपन्यासलेखनको पृष्ठभूमि तयार पार्न सफल भएका छन् । विशेषतः संस्कृत भाषाबाट अनुदित आख्यानात्मक कृतिहरू प्राथमिककालमा लेखिएका छन् । यसै परिवेशमा १९४६ मा शिवदत्त शर्माको *वीर सिक्का* नामक उपन्यासको प्रकाशनपश्चात् माध्यमिककालको सुरुवात भयो र आकारका हिसाबले उपन्यासले रूप प्राप्त गरे तापनि उपन्यासको मूल्य र मान्यता माध्यमिककालमा पनि पूरा हुन सकेको देखिँदैन । तापनि मौलिक उपन्यासको रचना, आकारगत प्राप्ति, संस्कृतसहित अन्य भाषाबाट अनुदित उपन्यासको रचनाका साथै राजनैतिक, शैक्षिकजस्ता विभिन्न परिवेशले माध्यमिककालीन उपन्यासले नयाँ-नयाँ प्रयोग गरेको पाइन्छ । प्राथमिककालीन र माध्यमिककालीन आख्यान र उपन्यासको पृष्ठभूमिमा रुद्रराज पाण्डेको *रूपमती* (१९९१) उपन्यासले विभिन्न परिवेशको पृष्ठभूमिमा उपन्यासको मूल्य र मान्यतालाई आत्मसात् गर्दै आधुनिककालको ढोका खोलेको पाइन्छ । १९९१ सालबाट सुरु भएको आधुनिककालले नवीन मूल्य र मान्यताको स्थापना गर्ने काम गर्‍यो । त्यसैको फलस्वरूप हाल नेपाली उपन्यासका फाँटमा नयाँ-नयाँ प्रयोग भएका  छन् । यो उपन्यासविधा आफ्नै मौलिक स्वरूप तथा संरचनाका साथ यथार्थको धरातलमा उभिन सक्षम भएको छ ।

आधुनिककालको प्रारम्भसँगै नेपाली उपन्यासको मूल्य र मान्यतामा परिवर्तन आएको देखिन्छ । आधुनिककालमा लेखिएका उपन्यासहरूले माध्यमिककालीन कृत्रिमता, रोमाञ्चक र अतिमानवीयजस्ता प्रवृत्तिलाई छोड्दै यथार्थको धरातल पक्रिन सफल भएका छन् । यस अवधिमा नेपाली उपन्यासमा विभिन्न धारा र प्रवृत्ति देखापरेका छन् । आदर्शोन्मुख यथार्थवादी, स्वच्छन्दतावादी, सामाजिक यथार्थवादी, ऐतिहासिक यथार्थवदी, आलोचनात्मक यथार्थवादी, अतियथार्थवादी, मनोविश्लेषणवादी, प्रकृतवादी, प्रयोगवादी, समाजवादी यथार्थवादी, विसङ्गतिवादी, अस्तित्ववादी, मिथकीय, नारीवादीजस्ता विभिन्न धाराको प्रयोग भएको छ । यी धाराहरूसँगै नयाँ-नयाँ प्रयोग पनि भएका छन्, जसको विश्लेषण अझै पनि भइरहेको छ । उपन्यास कान्छो, बहुचर्चित विधा र साहित्यिक अन्य विधाभन्दा बढी गहन र रोचक, जीवनलाई सशक्त ढङ्गले नियाल्ने विधा भएकाले नेपाली गद्याख्यानमा यसको महत्त्व दिन-प्रतिदिन बढिरहेको छ ।

तेस्रो परिच्छेद

# विधातत्त्वका आधारमा *लभ एट् पच्चीस* उपन्यासको अध्ययन

## ३.१ विषयपरिचय

वि.सं. २०७४ मा प्रकाशित *लभ एट् पच्चीस* उपन्यास अनल गौतमको पहिलो उपन्यास हो । काठमाडौँ उपत्यकामा सङ्घर्षरत युवायुवतीबिचको प्रेम र त्यो प्रेमको उतार-चढावलाई समेटेर यस उपन्यासको कथावस्तु तयार पारिएको छ । यस उपन्यासको संरचना, आख्यान, पात्रविधान, परिवेश आदिको अध्ययन यस परिच्छेदमा गरिएको छ ।

## ३.२ उपन्यासको संरचनात्मक विश्लेषण

संरचना भन्नाले कुनै पनि कृतिको बनोट भन्ने बुझिन्छ । कृतिको सम्पूर्ण आकार-प्रकार, कृतिभित्र रहेका कथानक, चरित्र, परिवेश, भाषा, अन्तर्वस्तु आदिको समष्टिगत रूप नै संरचना हो । कृतिको संरचनालाई आन्तरिक र बाह्य गरी दुई भागमा विभाजन गरिन्छ :

### ३.२.१ उपन्यासको बाह्य संरचना

कृतिको बाह्य संरचनाअन्तर्गत कृतिको आकार-प्रकार, बनोट र परिच्छेद वा भाग, पृष्ठसङ्ख्या आदि पर्दछन् । बाह्य संरचनाले कृतिको मूलमर्म र लेखकीय उद्देश्यसम्म पुग्न सहयोग पुऱ्याउने हुनाले यसको अध्ययन गरिनु आवश्यक छ । *लभ एट् पच्चीस* उपन्यास मध्यम आकारको औपन्यासिक कृति हो । कृतिका अगाडि र पछाडि दुवैभागमा बाक्लो कागजको आवरण लगाइएको छ । अगाडिपट्टिको आवरण पृष्ठको बाह्य भागको माथितिर कृतिको नाम दिइएको छ भने तलतिरको भागमा कृतिको नामभन्दा सानो अक्षरमा लेखकको नाम राखिएको छ । यस कृतिको आवरण कालो र हल्का रातो तथा हल्का नीलो रङ्गको रहेको छ । आवरणमा दिइएको प्रेमी-प्रेमिकाको चित्र कालो रङ्ग मिसिएर बनेको छ । उक्त चित्रले प्रेमी-प्रेमिकाको मायालाई दर्शाएको छ । एक प्रेमिल जोडी उभिएर हात समाएर साँझको बेलामा मन नलागी-नलागी छुट्टिन लागेको जस्तो देखिएको छ । यसले माया गर्ने प्रेमी-प्रेमिकाको प्रतिनिधित्व गरेको छ, जसले प्रेम र मायाको उच्चतालाई दर्शाउँदै उपन्यासको नामसँग मेल खाएको छ । यसरी हेर्दा आवरण पृष्ठको चित्र र उपन्यासको शीर्षक मेल खाएको देखिन्छ ।

बाह्यावरणमा कृति र लेखकको नामसँगै प्रकाशकको चिह्न (लोगो) पनि राखिएको छ । त्यसको पछिल्लो पृष्ठमा प्रकाशनसम्बन्धी विवरण दिइएको छ । यस कृतिको पहिलो प्रकाशन २०७४ सालमा जयकाली प्रकाशन प्रा.लि. बाट भएको हो । यसको आवरणकला स्नेह डिजाइन एन्ड प्रिन्टले तयार पारेको हो । यस कृतिको मूल्य तीन सय पचास रुपैयाँ तोकिएको छ । त्यसपछि उपन्यासकारले उपन्यासको समर्पण गरेका छन् र पछिल्लो पृष्ठ खाली राखिएको छ । त्यसपछिको पृष्ठमा उपन्यासकारले उपन्यासबारे आफ्ना कुरा प्रकट गर्दै सँगै सहयोगी हातहरूलाई आभार प्रकट गरेका छन् । आभार प्रकट गरेर सकिएको पृष्ठको पछिल्लो पृष्ठ खाली छोडिएको छ । अर्को पृष्ठबाट कथानक सुरु गरिएको छ । दुई सय बाह्र पृष्ठसम्म फैलिएको यो उपन्यास मझौला आकारको छ । यस उपन्यासको कथा पच्चिस दिनभित्र घटित घटनाबाट बनेको छ तसर्थ प्रत्येक दिनको एक भागको प्रकारले पच्चिस भागमा विभाजित गरिएको छ । प्रत्येक भागहरू छदेखि दस पृष्ठसम्म फैलिएका छन् । उपन्यासको पछाडिको आवरणमा उपन्यासकारको परिचय र प्रकाशित कृतिहरूको बारेमा लेखिएको छ भने उपन्यासका केही अंश पनि लेखिएको छ । यसरी *लभ एट् पच्चीस* उपन्यासको बाह्य संरचना तयार भएको छ ।

### ३.२.२ उपन्यासको आन्तरिक संरचना

आन्तरिक संरचना भनेको यसको वस्तुसन्दर्भ हो । *लभ एट् पच्चीस* उपन्यासमा भएका चरित्र-चित्रण, कथानक विकास, यसले बोकेका विसङ्गति सबै यस उपन्यासको आन्तरिक संरचनाअन्तर्गत पर्ने घटनाविवरण यसप्रकार रहेको छ :

२० फेब्रुअरी

नौ पृष्ठदेखि उन्नाइसौँ पृष्ठसम्म फैलिएको यस भागमा त्यस दिन परेको शिवरात्रिको चर्चा, म पात्र (नायक) ले आत्मालाप गरेको, बिदाको दिन भएकाले डाक्टरकोमा जाँच गर्न गएको, म पात्रको उनी पात्र (नायिका)सँग भेट, उनीलाई देखेपछि म पात्रलाई स्कुलेजीवनको प्रेम याद आएको, उनको रूप-सौन्दर्यको वर्णन, म पात्र आकर्षित, लाइन बस्न अल्छी मानी बाहिर जाँदा म पात्रको उनीसँग भेट र कुराकानी, डाक्टरसँग भेट, म पात्रद्वारा फर्कने क्रममा उनीलाई सँगै जाने प्रस्ताव, मोबाइल नम्बर साटासाट, सँगसँगै कफी खाएको, घर फर्केपछि म पात्रले उनलाई एस.एम.एस. र रिप्लाई तथा त्यसमै रुमलिँदै सुतेको घटनाबाट यस भागको अन्त्य भएको छ ।

२१ फेब्रुअरी

बिसदेखि छब्बिस पृष्ठसम्म रहेको यस भागमा बिहान उठेर उमङ्ग र रमाइलो मानेको म पात्रको मनोभावको वर्णन, बिहान उनीसँग गफ, रमाउँदै अफिस गएको, पुनः उनीसँग गफ भेट्ने प्रस्ताव, उनी नमानेपछि भोलिलाई फिल्म हेर्ने र भेट्ने प्रस्ताव, घर फर्कँदा कपाल मिलाएको, नयाँ कपडा सिलाउन दिएको, बेलुका उनीसँग बोलेको, राति उनी वा उनी पात्र (खलप्रतिनायिका) को फोन आएको र फोनपछि म पात्र तनावमा आएको र सुतेको जस्ता प्रसङ्गबाट यस भागको अन्त्य भएको छ ।

२२ फेब्रुअरी

पृष्ठ सत्ताइसदेखि पैँतिस पृष्ठसम्म रहेको यस भागमा म पात्रको विचार, अफिस नभए पनि उनको यादमा अफिस गएको, भाग्यवादी कुराको सोच, उनीसँग भेटघाट, मनमनै उनको तारिफ, फिल्म हेर्न गएको, फर्कँदा कफी खानु, उनलाई घर छोडेर कोठामा पुगी राति फोनमा उनीसँग गफ गरेको र सुतेको जस्ता घटनाबाट यस खण्डको अन्त्य भएको छ ।

२३ फेब्रुअरी

पृष्ठ छत्तिसदेखि छयालिस पृष्ठसम्म रहेको यस भागमा म पात्रद्वारा आफ्नो बारेमा गरेको विचार, आफ्नो पूर्वदिनको चोटको याद, उनको व्रत र भगवान्प्रतिको विश्वासको कुरा, अफिस गएको र अफिसमा अल्झेको कुरा, उनीसँगको भेटमा विलम्ब, उनी रिसाएको, म पात्र उनको अफिस गएको, भाग माग्नु, म पात्रले कुरा घुमाएर उनीलाई प्रेमप्रस्ताव राख्नु, उनले जवाफ नदिएको, म पात्रले आफूले लेखेको किताबको पाण्डुलिपि हेर्न दिएको, म पात्र ढिलो घर पुगेको, उनी हजुरआमासँग सुतेकाले एस.एम.एस.मार्फत लामो कुराकानी, उनले घनिष्ठ बन्ने तर प्रेमिका नबन्नेजस्तो जवाफ दिएको, तिनै कुरा सोच्दै छट्पटिँदै म पात्र सुतेसम्मको प्रसङ्गबाट यस भागको अन्त्य भएको छ ।

२४ फेब्रुअरी

पृष्ठ सतचालिसदेखि चउन्न पृष्ठसम्म रहेको यस भागमा बिहान उठेर हिजो रातीको कुरा सोच्नु, निराश हुनु, आफ्नो अतीतको सम्झना, उनी (तिनी) पात्रले म पात्रलाई दिएको पीडा र घाउको याद र त्यसको औषधीको रूपमा आएकी उनी (नायिका) पात्रको हिजोको कुराले म पात्र निराश, बिहान छिटो उठी उनलाई एस.एम.एस. र फोन दुवैको रिप्लाई नआउनु, म पात्र भौतारिँदै बाटोमा हिँडेको, उनको फोन कल देखेर रोएको र खुसी भएको, उनले

अफिसमा व्यस्त भएको जानकारी दिएकी, म पात्र अफिस गएको, साँझ भेट हुनु, म पात्रको साथीको फोन आएको र उनकै अगाडि बिहानदेखि निराश देखिएको बारे सोध्नु, उनले सुन्नु कफीसप जानु, कफी खाँदै उनी पात्रले म पात्रसँग नबोली बस्न नसक्ने कुरा बताउनु, उनीलाई घर पुऱ्याएर म पात्र घर जानु, उनीसँग फोनमा माया र प्रेमका कुरा गर्नु र सुखपूर्वक निदाउनुसम्मको प्रसङ्ग यस भागमा आएको छ ।

२५ फेब्रुअरी

पृष्ठ पचपन्नदेखि साठी पृष्ठसम्म रहेको यस भागमा म पात्र ढिलो तर उनको फोनले उठ्नु, शनिबारको दिन घुम्न जाने निर्णय, नायक र उनी पात्र फिल्म हेर्न गएको एक-अर्कासँग नजिकिनु, कफी पिउन जानु, उनीलाई उसको घरमा पुऱ्याएर म पात्र आफ्नो घर गएको, फोनमा कुरा हुनु, म र उनीबिच भविष्यको बारेमा कुरा हुनु, उनीका परिवारले सम्बन्ध थाहा पाएको र सम्बन्धप्रति स्वीकृति नदेखाएको, बोल्दाबोल्दै उनी निदाउनु, यस प्रसङ्गले म पात्रद्वारा आफ्नो पुरानो कुराको कसरी कथा सुनाउँदा साथी निदाएको थियो र भोलि कथा के थियो भनी सोधेको कुरा स्मरण गर्नुजस्ता प्रसङ्गबाट यस भागको अन्त्य गरिएको छ ।

२६ फेब्रुअरी

पृष्ठ एकसाठीदेखि छैसट्ठी पृष्ठसम्म रहेको यस भागमा बिहान उनको एस.एम.एस. ले मात्र उठेको र उनी र आफ्नो सम्बन्धको बारेमा कल्पना गरेको, फोनमा कुरा गर्नु, अफिस जानु, उनीसँग म पात्रको भेट र कफी पिउन गएको, कफी सपमा चिनजान भेट हुनु, परिचय आदान-प्रदान, कफी पिउनु, म पात्रले चुरोट खाँदा उनको व्यङ्ग्य, म पात्रले उनीलाई घर पुऱ्याएर आफू पनि घर गएको, फोनमा कुरा भएको, चुरोटको प्रसङ्ग, फोनपछि म पात्रले चुरोट पिउने बानीको बारेमा सोच्नु, अतीतमा उनी पात्र (तिनी पात्र) लाई सकारात्मक बनाउन चुरोट छुटाउन चुरोट खाएको र उनीको व्यवहारले पछि बानी परेको सम्झना गर्नु, उनी पात्रको सम्झनाले म पात्रलाई विक्षिप्त बनाउनु र म पात्र उनी पात्रको यादगर्दै निदाउनुजस्ता घटना आएका छन् ।

२७ फेब्रुअरी

पृष्ठ सतसट्ठीदेखि सतहत्तर पृष्ठसम्म रहेको यस भागमा देशको राजनीतिक र सामाजिक चिन्तन, आज परेको छुट्टी र नगरकोट घुम्न जाने निर्णय गरी घुम्न जानु, म पात्र र उनी पात्रबिचमा प्रेमिल वार्ता, उनको वर्णन, नगरकोटको टुप्पोमा रहेको होटलको छतमा बस्नु,

म पात्रले सिधा रूपमा प्रेमप्रस्ताव राख्नु, उनीद्वारा प्रेमप्रस्ताव स्वीकार गरिनु, चुम्बन र आलिङ्गन, उनले म पात्रलाई खाना खुवाएको फर्कँदा प्रेमिल वार्तालाप र क्रियाकलाप, उनीलाई उनको घरमा पुऱ्याई म पात्र अस्पताल गएको, फर्कँदा कपडा लिएको घर पुगेपछि फोनमा कुरा भएको, खानापछि उनी हजुरआमासँग सुतेकीले एस.एम.एस.मार्फत प्रेमिल कुरा हुनु र सुत्नुजस्ता प्रसङ्ग आएका छन् ।

२८ फेब्रुअरी

पृष्ठ अठहत्तरदेखि छयासी पृष्ठसम्म रहेको यस भागमा म पात्रको कल्पना, उनको प्रसंशा, अफिस गएको, उनको फोन र एस.एम.एस. नआएको म पात्र दुःखी हुँदै उनी पात्रले अतीतमा गरेका व्यवहारलाई सम्झँदै विक्षिप्त हुनु, उनको सन्देश आउनु, फोनमा कुराकानी हुनु, उनले आफू बुबासँग भएको जानकारी दिनु सदाझैँ भेट भई कफी खान जानु, भविष्यको सुमधुर कल्पना गर्नु, उनीले विदेश जान प्रस्ताव गर्नु, म पात्रले उनीलाई उनको घर पुऱ्याएर आफ्नो घर आउनु, सुमधुर नोकझोक भएको, म पात्रले देवघाटमा भएको स्वामीजीको प्रवचनको स्मरण गर्नु, फोनमा बोल्दै सुनौलो भविष्यको कल्पना गर्दै सुत्नुजस्तो प्रसङ्गबाट यसखण्डको अन्त्य भएको छ ।

२९ फेब्रुअरी

सतासी पृष्ठदेखि एकानब्बे पृष्ठसम्म रहेको यस भागमा उनीको अफिसको अन्तिम दिन भएको, म पात्र उनीलाई लिन गएको, रूँदै भावुक हुँदै उनी पात्र आएको उनले पारिश्रमिक तल्लो दर्जाका कर्मचारीलाई दिएको जानकारी, खाना खान गएको, घुम्न जानु, प्रकृतिमा रमाउनु, आलिङ्गन तथा चुम्बन गर्नु, उनी विदेश जाने दिन नजिकिएको जानकारीले पिरोलिनु, घर फर्किनु, म पात्रले फोन गर्दा उनीलाई घरका सदस्यहरूले कराएको सुन्नु, सन्देशमार्फत कुरा गर्नु र निदाउनुजस्ता प्रसङ्ग आएका छन् ।

१ मार्च

छयानब्बे पृष्ठदेखि एक सय चार पृष्ठसम्म रहेको यस भागमा म पात्रले नयाँ अफिसमा काम सुरु गर्नु, अफिस जानु, उनले बधाइ र शुभकामना दिनु, उनी विदेश नजाउन्जेल घरायसी काम देखाउँदै अफिसमा बिदा माग्नु, बेलुका उनीसँग भेट भएको, कफी खाँदै रमाइलो कुरा गर्दै समय बिताएको, प्रेमका कुरा गरेको, घर फर्किएको, बेलुका फोनमा कुरा

हुँदा उनले घरायसी कुराले चिन्तित भएको बताएको, त्यसपछि सामान्य कुरा गरी सुतेको जस्ता घटनाहरू आएका छन् ।

२ मार्च

पृष्ठ एक सय पाँचदेखि एक सय तेह्रसम्म रहेको यस भागमा बिहानको सन्देशबाट म पात्र उठ्नु, अफिस जानु, उनीसँग भेट भएको, क्याफेमा गएर मस्रुम-चिल्ली खाएको, रमाइलो गफ र आलिङ्गन, चुम्बन गर्दै बस्नु, बाहिर निस्कँदा म पात्रले तिनी पात्रलाई देखेको झल्को लाग्नु र आत्तिँदै विक्षिप्त हुनु, पछि उनीलाई देखेर खुसी हुँदै कुरा ढाँट्नु, उनीलाई घरमा पुऱ्याउनु र आफू घर जानु, राती बोल्दाबोल्दै उनी निदाउनु र म पात्र सुत्नुजस्ता घटनाहरू आएका छन् ।

३ मार्च

पृष्ठ एक सय चौधदेखि एक सय एक्काइससम्म रहेको यस भागमा शनिबारको दिन म पात्र ढिलो उठ्नु र सन्देशको रिप्लाई दिएर दिउँसो भेट्ने कुरा हुनु, उनीको काममा जानु, न्यायाधीशसँग भेट, कफी पिउन गएको, न्यायाधीशले श्रीमान्-श्रीमती भनेको कुरा सम्झँदै जिस्किएको, म पात्रको काम पर्नु, उनलाई घर पुऱ्याएर जानु, राती सुत्ने बेलामा हल्का कुराकानी गर्नु र सुत्नुजस्ता प्रसङ्गहरू आएका छन् ।

४ मार्च

पृष्ठ एक सय बाइसदेखि एक सय उनन्तिससम्म रहेको यस भागमा म पात्रले आफ्नो र उनीको सम्बन्धबारे विचार गर्नु, उनको सन्देश आउनु, सपिङ् गर्ने अनुरोध गर्नु र सपिङ् गर्न जानु, अनेकौँ ठाउँ जानु, घुम्नु र खानु म पात्रको आत्मालाप, पर्फ्युम गिफ्ट, साँझ छुट्टिने कुराले म पात्र चिन्तित, कफीसप गएको, उनीलाई घर पुऱ्याउनु, राती ढिलो फोन भएको रातभरि फोनमा कुरा, उनको घरमा थोरै कुरा थाहा भएको र नमान्नु, हजुरआमाले उनको गिफ्ट मन पराउनुजस्ता प्रसङ्गहरू आएका छन् ।

५ मार्च

एक सय तिसदेखि एक सय पैँतिस पृष्ठसम्म रहेको यस भागमा म पात्रले सपनामा आफू साधु भएको र प्रवचन गर्दै जिज्ञासा शान्त पारेको सपना देख्नु, उनको फोनले ब्युँझनु, सपना र यथार्थप्रति विचार गर्नु, कुराकानी हुनु, म पात्र अफिस जानु, उनी र आफ्नो

साथीबिच म पात्रले तुलना गर्नु, उनको फोन आउनु र उनले “मेरो माया कति लाग्छ ?” भन्ने प्रश्न सोध्नु, म पात्रले “धेरै माया लाग्छ” भन्नु, अफिसपश्चात् भेटघाट र घुम्नु, कफीसप जानु र कफी पिउनु उनीले म पात्रको किताबको पाण्डुलिपि फिर्ता दिनु, म पात्रको लेखनशैलीको प्रशंसा गर्नु, उनीलाई घर पुऱ्याएर म पात्र घर जानु, घर पुगी एस.एम.एस. मार्फत कुराकानी गरेर सुत्नुजस्ता घटना आएका छन् ।

६ मार्च

पृष्ठ एक सय अठ्तिसदेखि एक सय बयालिस पृष्ठसम्म रहेको यस भागमा बिहान म पात्रलाई नयाँ नम्बरबाट फोन आउनु र म पात्र झर्किनु, पछि त्यो नम्बर उनको भन्ने थाहा पाएपछि कुराकानी हुनु, अफिस गएर हाजिर गरी उनीसँग भेट हुनु, थकाली खाना खान जानु, कफीसप गएर गफ गर्दै कफी पिउनु, उनले भोलि ऱ्याफ्टिङ् जाने कुरा गर्नु, कुनै ठाउँमा रात बिताउने चर्चा हुनु, उनले सपिङ् गर्न बहिनी बोलाउनु, म पात्र उनलाई त्यहीँ छोडी घर जानु, घर पुगी छोटो कुराकानी गरी म पात्र गीत सुन्दै सुतेको जस्ता प्रसङ्ग आएका छन् ।

७ मार्च

पृष्ठ एक सय त्रिचालिसदेखि एक सय पचास पृष्ठसम्म रहेको यस भागमा बिहान उनको फोन आउनु, म पात्रले आज होली भन्ने सम्झनु, उनी पात्र ऱ्याफ्टिङ्को लागि जानु, केही वर्षअघि होलीमा म पात्र वसन्तपुर जाँदाको प्रसङ्गको सम्झना आउनु, म पात्र उनको यादमा बस्नु, फोनमा दिनभर कुराकानी नहुनु, रातीको बारेमा सोच्नु र रमाउनु, उनलाई लिन नयाँबानेश्वर पुग्नु, उनको गाडी बिग्रनु, उनले फोन गरेर म पात्रलाई घर जान भन्नु, म पात्रले घर फर्कँदा तर्कना गर्नु, म पात्र दुःखी हुनु, राती उनी घर पुगी फोन गर्नु, थोरै कुराकानी र म पात्र मनमा कुरा खेलाउँदै दुःखी हुँदै सुत्नु तर निदाउन नसक्नुजस्ता घटनाहरू आएका छन् ।

८ मार्च

पृष्ठ एक सय एकाउन्नदेखि एक सय अन्ठाउन्न पृष्ठसम्म रहेको यस भागमा प्रथमपटक म पात्रले आफ्नो मोबाइलमा फोन र सन्देश नहेरी उठेको र मौसमबारे सोचेको, उनको याद आउनु, उनको विदेश जाने दिन नजिकिएको सम्झनु, उनको सन्देश आउनु, बुबासँग मन्दिर जाने जानकारी दिनु, दिउँसो फोन आउनु र मन्दिरमा भीड भएको जानकारी दिनु, अफिस

पुगेको म पात्र उनलाई लिन जानु, भेट, कुराकानी फूडकोर्ट गएर कफी र गफ उनले जीवन सँगै बिताउने कुरा गर्नु, उनले न्यापिटङ जाँदाको रमाइला तस्बिरहरू देखाउनु, उनलाई घर पुऱ्याएर म पात्र घर नपुग्दै उनको फोन आउनु, लामो कुराकानी र अनेक तर्कना गर्दै सुत्नुजस्ता प्रसङ्ग आएका छन् ।

९ मार्च

पृष्ठ एक सय उनन्साठीदेखि एक सय छैसट्ठीसम्म रहेको यस भागमा बिहानै उनको सन्देश आउनु, म पात्र ढिलो उठ्नु, उनको फोन अनि छिट्टै भेट्ने निर्णय गर्नु, म पात्र अफिस गई उनलाई लिन जानु, कुराकानी गर्नु, खाना खान गोदावरी रिसोर्ट जानु, प्रेमालाप र आलिङ्गन गर्दै कफी खानु, प्रकृतिमा रमाउनु, उनले आफ्नै हातले म पात्रलाई खाना खुवाउनु, वरिपरी घुमघाम गर्नु, उनलाई घर पुऱ्याई म पात्र घर गएको हुनु, धेरै समय फोनमा कुराकानी गर्नु, फोनमा भावना छचल्किनु, बहकिनु, उनले पछि माफी माग्नु र म पात्रले सान्त्वना दिनु, म पात्र सुत्नुजस्ता घटना आएका  छन् ।

१० मार्च

पृष्ठ एक सय सतसट्ठीदेखि एक सय पचहत्तरसम्म फैलिएको यस भागमा म पात्र उठेर सोचमग्न हुनु, शनिबार भएकाले ढिलो उठ्नु, उनको सन्देश र ढिलो भेट्ने निर्णय, तिनी पात्रको फोन आएको र नानाभाँती गाली गर्नु, त्यसबाट म पात्र विक्षिप्त भएर आफ्नो अतीतको कल्पना गर्नु, म पात्रको होस हराएको हुनु, उनको कल आउनु र "कुरेको धेरै भयो खै आउनुभएको ?" भन्नु, भेटपछि म पात्रले आफ्नो र तिनीको सम्बन्धको बारेमा उनीलाई भन्नु, उनी रिसाउनु, कफी पिउन जानु, वेटरले जिस्काउनु, थोरै कुराकानी हुनु, घर जाँदा गाडीमा पनि उनी रिसाएको, रिसाएरै कुरा गर्नु, उनलाई घर छोड्नु, म पात्रको सोच, म पात्र साथीको घरमा गएको र ढिलो घर जानु, उनले सन्देश पठाएर माफी माग्नु, घर पुगेपछि फोनमा कुरा हुनु, फोनमा पनि उनले दिउँसोको कुरामा माफी माग्नु, उनले विदेश जाने दिन आएकाले दुःखी भएको भन्नु, रातभरि एकअर्कालाई सम्झाउँदै सुत्नुजस्ता प्रसङ्ग आएका छन् ।

११ मार्च

पृष्ठ एक सय छहत्तरदेखि एक सय एकासीसम्म रहेको यस भागमा बिहानै म पात्र र उनीबिच फोन भएको, बोल्दै फ्रेस हुनु र अफिस जानु, उनको विदेशको अफिसबाट तयार

भई बस्न भनी फोन आएको, कुरा हुनु, दुवै चिन्तित, उनको सपिङ् जाने कुरा, अफिसबाट उनी र उनको बहिनीसँग भेट्नु, बहिनीलाई छोडी दुवै कफी पिउन जानु, उनीले विदेशबाट आएर सँगै बस्नका लागि तयार हुन आग्रह गर्नु, बहिनीको फोन आएको, उनको पारिवारिक पृष्ठभूमिको कुरा, म पात्र र उनी दुवै घर जानु, उनलाई विवाहको प्रस्ताव आउनु, उनी हजुरआमासँग भएकाले सन्देशमार्फत कुरा गर्दै सुत्नुजस्ता घटनाहरू आएका छन् ।

१२ मार्च

पृष्ठ एक सय बयासीदेखि एक सय उनान्नब्बेसम्म रहेको यस भागमा बिहान उठेर म पात्रले उनीसँगको सम्बन्धका बारेमा सोच्नु, उनको आज डिनर सँगै जाने कुराले म पात्र खुसी हुनु, धेरै कुरा सोच्नु, अफिस गएर दिनभर काम गर्नु, म पात्र साथीको विवाहमा जानु, बेलुका उनको फोन आउनु, म पात्र र उनीको भेट हुनु, उनी पात्रले आफूलाई हेर्न केटा आएको जानकारी दिनु, उनलाई आमाको बारम्बार फोन आएर डिनर नगरी फर्कनु, पानीपुरी खानु, उनलाई घर छोड्नु, राती फोनमा कुरा हुँदा दुवै रूँदै चिन्तित हुनु, उनले घरमा विवाहको कुरा जोडतोडले चलेको कुरा गर्नु, दुवै चिन्तित हुँदै सुत्नुजस्ता प्रसङ्गहरू आएका छन् ।

१३ मार्च

पृष्ठ एक सय नब्बेदेखि एक सय छयानब्बे पृष्ठसम्म रहेको यस भागमा बिहान म पात्र र उनीबिच फोनमा कुरा हुनु, बिहानदेखि नै भेट्ने कुरा हुनु, म पात्र उनलाई लिन जानु, गाडीमा चुम्बन र आलिङ्गन हुनु, बिहानको नास्ता सँगै गर्नु, गाडीमै घुम्नु र सपिङ् गर्नु, उनको फोन आउनु र उनी चिन्तित हुनु, म पात्रले सोध्दा उनले पर्सी विदेश जानुपर्ने कुराको फोन आएको जानकारी दिनु, विदेशको अफिसको काठमाडौँमा भएको शाखामा जानु, चिन्तित हुँदा म पात्रको गाडीले अर्को गाडीलाई छुनु, म पात्रले उनलाई घर छोड्दा उनले टाटा मात्र भन्नु, म पात्र दुःखी हुनु, म पात्र घर पुग्नासाथ उनको फोन आउनु र माफी माग्नु, राती आएको फोनमा दुःखी कुरा नगरी रसिक र भावनाका कुरा गर्दै लिन सकिने मनोरञ्जन लिँदै दुवै सुत्नुजस्ता प्रसङ्गहरू आएका छन् ।

१४ मार्च

पृष्ठ एक सय सन्तानब्बेदेखि दुईसय तीन पृष्ठसम्म रहेको यस भागमा पहिलोपटक म पात्रको फोनले उनी उठ्नु, म पात्र अफिस जानु, फोनमा डिनरको चर्चा हुनु, बेलुका दुवैको

भेट हुनु, मिठो कुराकानी हुनु, क्यान्डल लाइट डिनर गर्नु, उनीले म पात्रलाई गिफ्ट दिनु, बाटोमै चुम्बन गर्नु, पानीपुरी खानु, उनलाई घरमा छोड्नु, म पात्रले उनी गएपछि मात्र गिफ्ट हेर्ने निर्णय गर्नु, रातभरि फोनमा कुरा हुनु, सेल्फसेक्सको मजा लिनु, गिफ्टलाई सुम्सुम्याउँदै म पात्र निदाउनुजस्ता प्रसङ्ग आएका छन् ।

१५ मार्च

पृष्ठ दुईसय चारदेखि दुईसय बाह्र पृष्ठसम्म रहेको अन्तिम भागमा बिहान पाँच बजे म पात्र उठ्नु राती एघार बजे उनको उडानलाई सम्झँदै म पात्र सोचमा डुब्नु, अफिस जानु, उनको सन्देश आउनु र दिउँसो लिन आउन आग्रह गर्नु, लिन जानु र भेट हुनु, उनको टिकट लिनु, पहिला पुगेका ठाउँहरू घुम्नु, सधैं जाने ठाउँमा गई कफी पिउनु, उनको घरमा इष्टमित्र आएको कुरा हुनु, उनी घर जान नमान्नु, छुट्टिने बेला दुवै निरास चुम्बन, उनी रुँदै घर जानु, म पात्रसँग सन्देशमार्फत कुरा हुनु, एकअर्कालाई सम्झाउनु, म पात्र घर नगई होटलमा गएर बस्नु, म पात्र रुनु, उनको सन्देश आउनु र उनी पनि रुनु, उनको फोन आउनु र उनले मलाई रोक्नुहोस् भन्नु, उनले मलाई किन नरोक्नुभएको भनी प्रश्न गर्नु, म पात्रले यो सुनेर आफैलाई धिक्कार्नु, म पात्रले उनलाई सम्झाउनु, म पात्र पनि रुनु, होटलको कोठाबाहिर चुरोट खान गएको म पात्रले तिनी पात्रलाई देख्नु, म पात्र तिनी पात्रलाई देखेर विक्षिप्त हुँदै ढल्नुजस्ता घटनाहरूबाट कथावस्तुको अन्त्य भएको छ ।

यस किसिमका घटनाहरूको संयोजनबाट *लभ एट् पच्चीस* उपन्यासको कथानक निर्माण भएको छ । उपन्यासकारले युवावस्थामा पुगेका दुई युवा र युवतीका बिचमा भएको प्रेम अङ्कुरण हुँदै कसरी झ्याङ्गिन पुग्दछ भन्ने कुरालाई देखाउन खोजेका छन् । उनले कथानकमार्फत आफ्नो निर्णय आफै गर्न सक्नेका बिच प्रेमलाई उत्कर्षमा पुऱ्याउनुका साथै विश्वास र भरोसा कसरी कायम छ तथा परिवारप्रतिको आफ्नो कर्तव्यलाई कसरी पूरा गरेका छन् भन्ने कुरालाई कथानकमार्फत प्रष्ट पार्न खोजिएको छ । उपन्यासको कथानक म पात्र र तेइस/चौबिस वर्षकी उनी पात्रको सेरोफेरोमा घुमेको छ ।

## ३.३ औपन्यासिक तत्त्वका आधारमा उपन्यासको विश्लेषण

साहित्यका विभिन्न विधाहरूलाई एक-अर्काबाट अलग र विशिष्ट बनाउन महत्त्वपूर्ण भूमिकाका रूपमा रहने कुरा नै तत्त्व हो । उपन्यास पनि साहित्यको एक विधा भएकाले यसको पनि आफ्नै प्रकारका संरचक तत्त्वहरू रहेका छन् । उपन्यासका तत्त्वका बारेमा २.४

नम्बरको शीर्षकमा व्यापक चर्चा गरिएको छ । *लभ एट् पच्चीस* कृति पनि उपन्यास भएकाले यसमा पनि उपन्यासका सैद्धान्तिक तत्त्वहरू समावेश भएका छन् । उपन्यास निर्माणका लागि आवश्यक पर्ने सैद्धान्तिक तत्त्वहरूमा कथानक, चरित्रचित्रण, परिवेश, द्वन्द्व, कथोपकथन, दृष्टिविन्दु, भाषाशैली र उद्देश्य रहेका छन् । *लभ एट् पच्चीस*भित्रका औपन्यासिक तत्त्वहरूलाई निम्नानुसार प्रस्तुत गरिएको छ :

३.३.१ कथानक

उपन्यासमा भएका घटनाहरूको योजनालाई कथानक भनिन्छ । घटनालाई योजनाबद्ध रूपमा कार्यकारण सम्बन्धमा उनेपछि कथानकको रचना हुन्छ । यही कथानकको आधारमा सिङ्गो उपन्यासको संरचना हुन्छ । उपन्यास संरचनाका लागि आवश्यक पर्ने अन्य घटकहरू कथानकमा आबद्ध हुने भएकाले उपन्यासमा कथनकको महत्त्वपूर्ण स्थान देखिन्छ ।

*लभ एट् पच्चीस* उपन्यास सीमित पात्रहरूका कथा प्रशस्त प्रसङ्ग आदिमा जेलिएको छ । यस उपन्यासको प्रमुख चरित्र म पात्रको उनी पात्रसँग भेटपछि सुरु भएको माया-प्रेम र त्यसको उतार-चढावमा यस उपन्यासमा अनेक घटनाहरू आएका छन् । प्रस्तुत उपन्यासको अध्ययन गर्ने क्रममा कथानकको स्रोत, प्रकार, ढाँचा, विकासक्रम आदिको अध्ययन गर्नु आवश्यक रहेको छ ।

लेखकले कृतिको सृजना गर्दा विविध स्रोतबाट कथानकको चयन गर्दछ । तिनै घटनाहरू टिपोट गरेको क्षेत्रलाई कथानकको स्रोत भनिन्छ । *लभ एट् पच्चीस* उपन्यासमा युवावस्थाका नारी-पुरुषको मनोविज्ञानलाई चित्रण गर्न खोजिएको छ । उनीहरूको इच्छा-आकाङ्क्षा र मनोदशा उतार्न खोजिएको छ । उनीहरू एक-अर्काप्रति समर्पित छन् । हरेक दिन शान्त र एकान्त स्थानको खोजीमा भौंतारिएका छन् । एक-अर्कामा हराउँदै प्रेमालापमा बेहोसीजस्तै हुन्छन् तर उत्कर्षमा पुग्न नपाउँदै सम्हालिन्छन् । समाज आधुनिकतातिर प्रवेश गरिरहेको र यौनलाई सामान्यरूपमा लिन थालिएको अवस्थामा पनि उनीहरू आफ्नो धैर्य, संयम र सङ्कल्पप्रतिको विश्वासलाई कायम राख्न सफल हुन्छन् । यो उपन्यास विदेसिएकी युवतीको छुट्टीको समय र स्वदेशमै सङ्घर्षरत युवाको वितृष्णाबिचको मिलन अथवा संयोगवस गाँसिएको प्रेमको कथामा आधारित छ । आधुनिकतातिर प्रवेश गर्दै गरेको समाजको विकृतिलाई आँखीझ्यालबाट चिहाउँदै दुवै युवा-युवतीबिच झ्याँगिएको र मौलाएको प्रेमको कथालाई यस उपन्यासले आत्मसात् गरेको छ । समाजका नीति, नियमभन्दा भिन्न

परिस्थितिमा मौलाएको प्रेम र यसका मोडहरूको घटनालाई कल्पना र थोरै मनोविश्लेषणका माध्यमबाट यस उपन्यासमा प्रस्तुत गरिएको छ । समाज र प्रेमलाई अँगाल्न खोजिएको प्रस्तुत *लभ एट् पच्चीस* उपन्यासले रागात्मक सौन्दर्यलाई कथानकको स्रोतका रूपमा ग्रहण गरेको छ ।

संरचित आख्यानात्मक कृतिभित्र कथानकको विकासक्रम पहिल्याउन सकिन्छ । उपन्यास आख्यानविधा भएकाले यसको कथावस्तु आङ्गिक दृष्टिकोणले पूर्ण हुनुपर्दछ । कथानकको विकास आदि, मध्य र अन्त्यको शृङ्खलामा हुन्छ । पच्चिस दिनभित्र दुई युवायुवतीबिच भएको प्रेमप्रसङ्गलाई आधार बनाएर पूर्ण गरिएको *लभ एट् पच्चीस* उपन्यासको सुरुवातमै म पात्रको मनोलापबाट भएको छ । पच्चिस दिनमा घटित घटनाहरूलाई कथानकको रूप दिइएको यस उपन्यासमा पच्चिस भाग रहेका छन् । प्रत्येका दिनलाई एक भागका रूपमा राखिएको यस उपन्यासको सुरुवात २० फेब्रुअरी (प्रथम भाग) बाट भएको छ । २० फेब्रुअरी अर्थात् प्रथम भागबाट सत्ताइस फेब्रुअरी अर्थात् आठ भागसम्मको सर्गलाई आदिभाग मान्न सकिन्छ । त्यस्तै नवौं भाग अर्थात् २८ फेब्रुअरीदेखि एक्काइसौं भाग अर्थात् ११ मार्चसम्मको भागलाई यस उपन्यासको मध्यभाग मान्न सकिन्छ । बाइसौं भाग अर्थात् १२ मार्चदेखि पच्चिसौं भाग अर्थात् १५ मार्चसम्म यस उपन्यासको अन्त्यभाग हो ।

यसरी *लभ एट् पच्चीस* उपन्यासको कथानकको आदि, मध्य र अन्त्यको शृङ्खला आफैमा परिपूर्ण रहेको देखिन्छ । यस उपन्यासमा पच्चिस दिनभित्र दुई युवा-युवतीबिच भएको विछोड देखाएर सिङ्गो उपन्यासको समाप्ति गरिएको छ । यो भाग नै उपन्यासको अन्त्यभाग हो ।

यसैगरी *लभ एट् पच्चीस* उपन्यासको विकासक्रमलाई पाँच भागमा वा पाँच अवस्थामा राखेर हेर्न सकिन्छ । प्रसिद्ध जर्मन समालोचक गुस्तभ फ्रेटागले आख्यानात्मक कृतिमा पाइने कथानकको पाँच विकासक्रम देखाएका छन् । यसलाई पिरामिड पनि भनिन्छ । ती पाँच विकासक्रममा आरम्भ/चिनारी, सङ्घर्षविकास, चरम, सङ्घर्षह्रास र उपसंहार/परिणति पर्दछन् । यस दृष्टिले *लभ एट् पच्चीस* उपन्यासलाई हेर्दा पहिलो पाठ अर्थात् २० फेब्रुअरीदेखि तेस्रो पाठ अर्थात् २२ फेब्रुअरीसम्मको अवस्थालाई प्रारम्भिक अवस्था अर्थात् आरम्भको रूप मान्न सकिन्छ । यस उपन्यासको चारौं पाठ अर्थात् २३ फेब्रुअरीदेखि एघारौं पाठ अर्थात् १ मार्चसम्म सङ्घर्षविकास मान्न सकिन्छ । बाह्रौं पाठ अर्थात् २ मार्चदेखि एक्काइसौं पाठ अर्थात् ११ मार्चसम्म चरमको अवस्था हो । बाईसौं पाठअर्थात् १२ मार्चदेखि

चौबिस पाठ अर्थात् १४ मार्चसम्म सङ्घर्षह्रासको अवस्था हो । उपन्यासको अन्तिम पाठ अर्थात् १५ मार्चलाई उपसंहार भाग हो ।

आधुनिकतिर प्रवेश गर्दै गरेको समाजमा दुई युवा-युवतीबिच भ्याङ्गिएको प्रेमप्रसङ्गलाई कलात्मक सौन्दर्यका रूपमा सशक्त ढङ्गले यस उपन्यासमा प्रस्तुत गरिएको छ । यो नै उपन्यासको उपलब्धि हो ।

यस उपन्यासको कथानक सामान्यतया रैखिक ढाँचामा प्रस्तुत भएको छ । उपन्यासको एक-दुई ठाउँमा पूर्वदीप्तिको प्रयोग भए तापनि कथानक अन्त्यबाट सुरु भएको छैन । कथानक सरसर्ती अगाडि बढ्ने क्रममा पूर्वदीप्ति र पूर्वसङ्केतहरूले अवरोध गरेको पाइँदैन । कथानकको बिचबिचमा आएका केही पूर्वदीप्तिमध्ये एउटा नमुना यसप्रकार रहेको छ : "एकदिन आकस्मिक रूपमा भेट भएको थियो उनीसँग । उनी काठमाडौँबाट पूर्व आउने क्रममा रहिछिन्, म भने काम विशेषले काठमाडौँतर्फ लाग्दै थिएँ" (पृ. १३-१४) ।

प्रस्तुत उपन्यासमा यसरी पूर्वदीप्तिहरू आएका छन् । यी पूर्वदीप्तिहरू उपन्यासको नायक पात्रले व्यक्त गरेको छ । *लभ एट् पच्चीस* उपन्यासको प्रस्तुति र ढाँचा वर्णनात्मक रहेको छ । एकालापको आधिक्य भएको यस उपन्यासमा नायक धेरै ठाउँमा एक्लै उभिएको छ । पच्चिस दिनभित्र भ्याङ्गिएको प्रेमप्रसङ्गका अनेकौँ घटना तथा उतार-चढावहरू उपन्यासमा कथानकबद्ध ढङ्गका रूपमा अघि बढेको छ । म पात्रको उनी पात्रसँग भेट हुनु, कुराकानी हुनु, माया बस्नु, अनकौँ ठाउँमा घुम्न जानु, उनीले म पात्रलाई छोडेर विदेश जानुजस्ता घटनाहरूद्वारा उपन्यासले पूर्णता पाएको छ ।

यसरी सबै भागहरू घटना सुरुबाट अन्त्यतिर बढेको छ । तसर्थ उपन्यासको कथानक ढाँचा वृत्ताकारीय नभएर रैखिक रहेको छ भने कालक्रमका दृष्टिले कथानक क्रमिक रूपमा रहेको छ । कथानक एक विन्दु वा समयबाट प्रारम्भ भई क्रमिक रूपमा विकसित भएकाले आदि, मध्य र अन्त्यको शृङ्खलामा विन्यस्त रहेको पाउन सकिन्छ ।

### ३.२.२ पात्रविधान

*लभ एट् पच्चीस* उपन्यासमा विभिन्न पात्रहरूको प्रयोग भएको छ । उपन्यासमा प्रयोग भएका पात्रहरू म पात्रको सेरोफेरोमा आएका छन् । महिला र पुरुष दुवै पात्रको प्रयोग भएको यस उपन्यासमा प्रमुख पात्र 'म' रहेको छ । उपन्यासमा प्रयोग भएका कतिपय पात्रहरू छोटो समयका लागि मात्र देखापरेका छन् । उपन्यासको सुरुबाट अन्त्यसम्म सक्रिय

रूपमा म पात्र देखिएको छ । उपन्यासमा रहेका हजुरआमा, बाबा, आमा, पात्रहरू परम्परावादी सोचका देखिएका छन् भने प्रमुख पात्र 'म' आन्तरिक र बाह्य दुवै मनोलोक र क्रियाकलापमा सक्रिय रहेको छ । सामयिक परिस्थितिलाई देखाउन साथीहरू, हाकिमजस्ता पात्रहरू जीवनको यथार्थ प्रस्तुत गर्न आएका चरित्र हुन् । यहाँ उपन्यासकारले समाजको नवअभिजात चरित्रको सुन्दर ढङ्गले प्रस्तुत गरेका छन् ।

यस उपन्यासमा प्रयोग गरिएका पात्रहरू म, उनी, तिनी, बाबा, आमा, हजुरआमा, बहिनीहरू, डाक्टर, प्रहरी, साथीहरू, प्रमुख कार्यकारी अधिकृत, चालक, कर्मचारी, वेटर, न्यायाधीस, स्वामीजी, व्यवसायिक बुज्रुकहरू, फुपू, मारवाडी र तराईमूलका मानिस हुन् । यी पात्रहरूलाई लिङ्ग, कार्य, प्रवृत्ति, स्वाभाव, जीवनचेतना, आसन्नता र आबद्धताका आधारमा वर्गीकरण गरेर निम्नानुसार अध्ययन गर्नु उपयुक्त देखिन्छ :

३.२.२.१ 'म' पात्र

म पात्र *लभ एट् पच्चीस* उपन्यासको प्रमुख पुरुष पात्र एवम् नायक हो । उपन्यासको सुरुवातबाट अन्त्यसम्म म पात्रको सेरोफेरोमा कथानक अगाडि बढेको छ । उपन्यासको सुरुवात म पात्रको मानसिक स्थितिलाई वर्णन गर्दै भएको छ । दिग्भ्रमित, त्रस्त, भयभीत भएको म पात्रको जीवन लक्ष्यहीन देखिएको छ । जस्तै : "साँच्चै भन्नु पर्दा मेरो कुनै खास लक्ष्य नै छैन अहिले" (पृ. ३७) भन्नुले पनि उसको जीवन लक्ष्यहीन देखिन्छ । म पात्र आफ्नो दैनिक क्रियाकलापमा व्यस्त देखिएको छ । उसले आफ्ना आवश्यकता पूर्तिका लागि प्रसस्त कमाइ हुने जागिर खाएको छ । यसको एक नमुना : "गाडीको साँचो, चस्मा, मोबाइल आदि पनि उनैले समाइन्" (पृ. १७) का आधारमा म पात्र सुविधासम्पन्न व्यक्तिका रूपमा देखिएको छ । म पात्र सहरी परिवेशमा बसेको छ । म पात्रको रहनसहन उच्चवर्ग तथा आधुनिक समाजअनुरूप देखिएको छ । म पात्रको उमेरका बारेमा उपन्यासमा किटान गरिएको छैन । म पात्रको "यो अधवैंसे उमेरसम्म आइपुग्दा..." (पृ. २०४) भन्ने भनाइले उमेरको अनुमान गर्न सकिन्छ । यस्तै उनी पात्रसँगको संवाद "हजुर मभन्दा हरेककुराले सिनियर हुनुहुन्छ" (पृ. २४) ले पनि अनुमान गर्न सकिन्छ । उपन्यासमा भिन्न-भिन्न स्थानमा उनी पात्रको उमेरसँग तुलना हुँदा उनी पात्रभन्दा सिनियर म पात्र रहेको कुराले उमेरको अनुमान गर्न सकिए तापनि किटान गर्न गाह्रो छ । म पात्रको घर, परिवार, साथीसँगी, इष्टमित्र आदि कुराको बारेमा उपन्यास मौन छ । उपन्यासको कुनै-कुनै ठाउँमा आउने "उनीसँग भेट भएको दिनदेखि मैले घर-परिवार, समाज, अफिस र साथीभाइलाई पूरै

बेवास्ता गरिसकेको छु" (पृ. १८४) भन्ने जस्ता भनाइले पनि म पात्रको पारिवारिक कुरा भए तापनि म पात्र घरमा एक्लै बसेको देखाइएको छ ।

स्वतन्त्र, स्वावलम्बी, आफ्नो खुट्टामा उभिएको म पात्र आधुनिक समाज, बाहिरी परिवेश, उच्च रहनसहनको प्रतिनिधि पात्र हो । म पात्र आफूलाई भाग्यमानी ठान्छ । कर्ममा विश्स्वास गर्ने म पात्र कर्तव्यनिष्ठ छ । आफूले चाहेको कुरा प्राप्त गर्ने म पात्र आफूले बनाएका योजनाहरूलाई पूरा गर्न उद्यत देखिएको छ । छिटो निर्णय गर्ने र प्रतिज्ञा गर्नसक्ने म पात्र विविध क्षेत्रका जिम्मेवारीसमेत लिएर त्यसलाई पूर्ण गर्नसक्ने प्रतिभावान् देखिएको छ । म पात्र सम्वेदनशील छ । उसको लेखनप्रतिभा समेत रहेको "उनलाई मेरो प्रकाशोन्मुख एउटा कृतिको पाण्डुलिपि जिम्मा लगाएँ" (पृ. ४३) भन्ने भनाइले प्रष्ट पारेको छ । समय मिलेसम्म धेरैबेर सुत्न मन पराउने म पात्र शाकाहारी हो । उसले अत्यधिक मात्रामा चुरोटको सेवन गर्छ । हरेक कुरालाई सामान्य सोच्ने म पात्रको बानी रहेको छ । उसले धेरै कल्पना गर्नुका साथै हरेक कुरालाई विचार गर्दछ । म पात्रले उनीको बारेमा धेरै चिन्ता व्यक्त गरेको पाइन्छ । उपन्यासको सुरुवातमा नै म पात्र दिग्भ्रमित, त्रस्त, भयभीत, लक्ष्यहीन भएको देखिन्छ । उपन्यासभित्र म पात्र र उनी पात्रबिच भएको भेट र भ्याङ्गिदै गरेको प्रेम पच्चिस दिनमा घटेको घटनाको चित्रण रहेको छ । उपन्यासको सुरुवातमै म पात्रको जीवनीको झलक दिइएको छ । म पात्रको पूर्वजीवनमा घटेको घटनाले उपन्यासको सुरुमा म पात्रको स्थिति भयभीत, लक्ष्यहीनजस्ता कुराले भरिएको छ । उपन्यासले म पात्रको पूर्वजीवनको पूर्ण वर्णन गरेको छैन । कहींकतै उनी र धेरै ठाउँमा तिनी शब्दले सम्बोधन गरिएको तिनी पात्रले दिएको चोट, पीडा, वेदनाले म पात्र विक्षिप्त भएको र त्यो चोट, पीडा, वेदनालाई बिर्सँदै जीवन अगाडि बढाएको देखिन्छ । तिनी पात्रको सम्झना र फोनले म पात्र विक्षिप्त हुन्छ । म पात्रलाई तिनी पात्रको सम्झनाले विक्षिप्त अवस्थामा पुऱ्याएको कुरा "उफ् ! किन आउँछ फेरि उही कुराको याद जसले मलाई कहिल्यै शान्तिपूर्वक रहन दिएन" (पृ. ६६) भन्ने उपन्यासको भनाइले बुझाउँछ । तिनी पात्रसँगको सम्बन्धले म पात्रलाई गल्ती, विषपान गरको जस्तो आभास गराउँछ । तिनी पात्रको सम्झना र फोनले म पात्रलाई सिरेटोले हानेजस्तो छट्पटाहट हुनु, ज्वारभाट पलाउनु, नमेटिने चोट दिनु, घाउ कोट्टिएको हुनु, पहाडको टुप्पोमा पुग्ने लक्ष्य पूरा हुन लाग्दा चिप्लिएको आभास हुनुजस्तो स्थितिमा पुऱ्याउँछ र चेतनासून्य बनाउँछ । म पात्र बेहोस हुन्छ, सबै कुरा बिर्सएर विक्षिप्त हुन्छ । उपन्यासमा तिनी पात्रको सम्बन्धको बारेमा पूर्ण उल्लेख नभए तापनि कथानकको बिचमा

तिनी पात्रको सम्झना र फोनले म पात्र विचलित भएको छ । म पात्रलाई चुरोट पिउन बाध्यात्मक स्थिति सृजना गर्ने तिनी पात्र देखिएकी छिन् । विक्षिप्त अवस्थालाई बिर्संदै जीवन अगाडि बढाउने क्रममा उनी पात्रसँगको भेटबाट उपन्यास सुरु भएको छ ।

म पात्र अस्पताल जाँदा उनी पात्रसँग भेट भएको छ । उसले बहाना बनाएर उनी पात्रसँग नजिकिएको छ । उनी पात्रको बोली, व्यक्तित्त्व, सुन्दरता स्वभाव आदिबाट मोहित भएर म पात्रले उनी पात्रसँग मित्रता गरेको छ । साथी भइसकेपछि विभिन्न ठाउँमा घुम्ने, कुराकानी गर्ने, कफी पिउनेजस्ता क्रियाकलापले दुवैबिच घनिष्ठता बढ्दै जान्छ । म पात्रले उनी पात्रको समक्ष प्रेमप्रस्ताव राखेको छ । उनी पात्रले राम्रो मित्र भएर बस्ने इच्छा सुनाउँछे । म पात्रको मनमा उनी पात्रप्रति प्रेम पलाउँछ र अनेकौँ कल्पना गर्छ । म पात्र उनी पात्रसँग कुराकानी गर्न नपाउँदा विचलित भएको छ । घुम्ने क्रममै म पात्रले दोस्रोपटक प्रेमप्रस्ताव राख्दा उनीले स्वीकार गरेकी छिन् । यसरी यी दुई पात्रका बिचमा भेटपछि हुने कुराकानी, प्रेमालाप, आलिङ्गन, चुम्बनजस्ता क्रियाकलापहरू दोहोरिइरहेका छन् । म पात्र र उनी पात्रका बिचमा केवल प्रेम मात्रै मिलेको छ भने जात, उमेर, पारिवारिक परिस्थिति तथा व्यक्तिगत अवस्था आदि सबैजसो कुरा भिन्न रहेका छन् । उनीहरूले जीवनसँगै जिउने प्रण गरेका थिए । उनीहरूले एक-अर्कालाई पूर्णविश्वास गरेका थिए । म पात्रले उनी पात्रसँग जीवन बिताउने कल्पना गरको हुन्छ । उनी पात्रसँगको प्रेमिल सम्बन्धका बारेमा उनको घर-परिवारले थाहा पाए पनि दुवै प्रेममा विश्वस्त थिए । म पात्र प्रेममा परे तापनि पारिवारिक मर्यादा, दायित्व र संस्कारलाई बिर्सिएर हराउन चाहँदैन । उनी पात्रका सामु म पात्रको प्रेम आदर्शोन्मुख देखिन्छ जुन जीवन्त बनाउन चाहन्छ । आधुनिक समाजमा पनि म पात्र र उनी पात्रबिचको प्रेमप्रसङ्ग अवर्णनीय र विश्वसनीय छ । म पात्रलाई तिनी पात्रले दिएको चोटलाई उनी पात्रको सान्निध्यले औषधीको काम गरेको छ । म पात्रजस्तो परिस्थितिमा पनि उनी पात्रलाई साथ दिने कसम खान्छ । विभिन्न ठाउँमा घुम्ने प्रेमालाप, आलिङ्गन गर्ने, राती फोनमा कुरा गर्नेजस्ता क्रियाकलापले दुवैबिचको प्रेम झ्याङ्गिएको छ ।

झ्याङ्गिएको प्रेमको बिचमा उनी पात्र विदेश जाने दिन आउँछ । म पात्र विचलित भए तापनि उनी पात्रलाई आफू पर्खिरहने वाचा गरेर विदेश जान भन्छ । विदेश जानका लागि उनी पात्र विमानथलभित्र छिरेपछि म पात्र होटलमा गएर बस्दछ । उनीसँग फोनमा कुरा गरेपछि विचलित भएर बाहिर निस्कने क्रममा तिनी पात्रलाई देखेर म पात्र विचलित भएर बेहोस भएको प्रसङ्गबाट उपन्यासको अन्त्य भएको छ ।

यसरी उपन्यासको सुरुवातदेखि उपन्यासको अन्त्यसम्म म पात्रकै सेरोफेरोमा कथानकले पूर्णता पाएको छ । म पात्रको क्रियाकलाप प्रेम प्रसङ्गको वर्णन आदिको परिवृत्तमा उपन्यास घुमेको छ र यही पात्र *लभ एट् पच्चीस* उपन्यासको प्रमुख पात्र हो ।

३.२.२.२ उनी पात्र

'उनी पात्र' *लभ एट् पच्चीस* उपन्यासकी प्रमुख स्त्री पात्र वा नायिका हो । उपन्यासमा उनी पात्र म पात्रपछि सुरुदेखि अन्त्यसम्म देखिएकी पात्र हो । उनी पात्रको रूप, स्वभाव, व्यक्तित्त्व देखेर म पात्र मोहित भएको छ । उनी पात्रको उमेर तेइस-चौबिस वर्ष पुगेको छ । भर्खरै विदेशबाट घर फर्किएकी उनी पात्र आफ्नो परिवारसँग बस्छिन् । पोखरामा हजुरआमा, बाबा, ममी र दुई बहिनीहरू छन् । मध्यम परिवारमा सहरी परिवेशमा हुर्किएकी उनी पात्र आफ्नो कामप्रति लगनशील देखिन्छिन् । रूपवती, गुणवती, क्षमतावान् उनी पात्रमा कुनै पनि कुलतको बानी छैन । म पात्रको "म छक्क परेको थिएँ, यस्ती सम्पूर्ण क्षमतायुक्त जवान र आधुनिक युवती पनि छुट्टीमा आउँदा घुमफिर, घरायसी भेटघाट, रमाइलो र आरामसम्म नगरी काममै व्यस्त हुन्छिन्" (पृ. २३) भन्ने भनाइले उनी पात्रको कामप्रति रहेको लगनशीलतालाई देखाएको छ । आधुनिक समाज र सहरी परिवेशमा हुर्किएको भए तापनि उनी पात्रमा सामाजिक मर्यादा, पारिवारिक मर्यादा, सांस्कृतिक सोचजस्ता कुराको पालना गर्ने क्षमता र विचार रहेको छ । म पात्रको भनाइ "आज उनको विहिवारको व्रत छ । बगलामुखी माताको ।" (पृ. ३८) ले उनी पात्रमा धार्मिक संस्कार तथा नेपालीपन देखिएको छ । कफीको सौखिन उनी पात्र भावुक, सम्वेदनशील र सहयोगी भावना भएकी पात्रको रूपमा देखिएकी छिन् । शाकाहारी खान त्यति मन नपराउने उनी पात्र समयानुकूल निर्णय लिनसक्ने क्षमता भएकी छिन् । हरेक दृष्टिकोणले सक्षम देखिने उनी पात्रको विचार उच्च रहेको देखाइएको छ । उनी पात्र आधुनिक समाजकी प्रतिनिधि पात्र तथा जिम्मेवार युवती हो ।

उनी पात्रको रूपलाई देखेर म पात्रले "नीलो रङ्गको ठिक्कको स्कर्ट र खैरो रङ्गको खुला टिसर्टमाथि मुजैमुजा परेको रातो ज्याकेट लगाएकी, ठिक्कैको छोटो सुनजस्तै भुक्क फुकेको कपाल, पोटिला गाला, टम्म मिलेको कसिलो जिउ, विदेशीजस्ती देखिने फक्रँदो वैंसमा रहेकी, गोरो-उज्यालो मुहारकी ती युवती असाध्यै सुन्दर थिइन्" (पृ. ११-१२) भनेको छ । यस भनाइले उनी पात्रको सौन्दर्य दर्शाएको छ । उनी पात्र फरासिली स्वभावकी रहेकी छ । उनी पात्र म पात्रलाई असाध्यै माया गर्ने पात्रका रूपमा देखिएकी छ । आफ्नो इच्छाका

विपरीत हुन लागेको उसको विवाहको विरोध गरेकी छ र आफ्नो जीवनको गोप्य तवरले फैसला गर्ने पात्रका रूपमा चित्रण गरिएको छ । उनी पात्रलाई नेपाली व्याकरणको जानकार चरित्रका रूपमा देखाइएको छ । “आफैमा विश्वस्त छु र सारा जीवन हजुरसँग बिताउनका लागि पूर्ण रूपमा तयार छु” (पृ. १५६) भन्ने वाक्य उनी पात्रले भनेकी छ । यसर्थ ऊ आफ्नो इच्छाअनुसार जीवन जिउनुपर्छ भन्ने सोच भएकी पात्र हो । ऊ आफ्नो खुट्टामा उभिएकी स्वावलम्बी पात्रको रूपमा परिचित भएको कुरा विदेश जाने प्रसङ्गले जनाएको छ ।

यसरी उपन्यासको सुरुदेखि अन्त्यसम्म आएकी प्रमुख स्त्री पात्रका रूपमा उभ्याइएकी अनुकूल पात्र मानिएको छ ।

३.२.२.३ ‘तिनी’ पात्र

*लभ एट् पच्चीस* उपन्यासमा कहीँ उनी र कहीँ तिनीको रूपमा सम्बोधन गरिएको तिनी पात्रलाई प्रतिकूल अवस्थाको पात्रका रूपमा वर्णन गरिएको छ । उपन्यासमा तिनी पात्रको पूर्ण र खुलस्त रूपमा वर्णन गरिएको छैन । उपन्यासको फेब्रुअरी २१, फेब्रुअरी २४, फेब्रुअरी २८, मार्च २, मार्च १० र मार्च १५ पाठमा तिनी पात्रको थोरै प्रसङ्ग आएको छ । तिनी पात्रको उपस्थिति उपन्यासमा म पात्रको विगतमा घटेको घटनासँग जोडिएका पात्रका रूपमा भएको छ । म पात्रलाई विगतका दिनमा प्रेममा परेर धोका, पीडा, वेदना दिएको पात्रका रूपमा तिनी पात्र देखिएकी छ । उपन्यासमा म पात्रलाई समय-समयमा फोन गरेर विक्षिप्त गराउन म पात्रको अप्रत्यक्ष रूपमा उपस्थित गराइएकाले उसलाई खलपात्रका रूपमा जानिएको छ । म पात्रले तिनी पात्रलाई चुरोट छुटाउन चुरोट पिउँदा-पिउँदै बानी परेको छ । तिनी पात्रको अवस्थालाई सामान्य बनाउने क्रममा म पात्रको जिन्दगी नै नरक बनेको देखाइएको छ ।

यसरी उपन्यासमा तिनी पात्र म पात्रका लागि प्रतिकूल भएर आएकी छ । तिनी पात्रका बारेमा उपन्यासमा खुलस्त नभए तापनि तिनी पात्रको उपस्थितिले उपन्यासको कथानकलाई थप रोचक र कौतूहलता प्रदान गरेको छ । तसर्थ तिनी पात्र पनि उपन्यासमा मोड सृजना गर्ने पात्र हो र उपन्यासमा तिनी पात्रको भूमिका महत्त्वपूर्ण रहेको छ ।

यस उपन्यासमा रहेका पात्रहरूको विभिन्न दृष्टिकोणबाट गरिएको पात्रविधान अध्ययनलाई निम्नलिखित तालिकामा देखाइएको छ :

तालिका १ : पात्रविधान

| क्र.सं | लि.आ. | | आ.आ. | | का.आ. | | | प्र. आ. | | स्वभावका आ. | | जी. आ. | | आ. आ. | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| पात्र | पु. | स्त्री | ने. | म. | प्र. | स. | गौ. | अ. | प्र. | गतिशील | गतिहीन | व. | व्य. | ब. | मु. |
| म पात्र | √ | | | √ | √ | | | √ | | √ | | | √ | √ | |
| उनी पात्र | | √ | | √ | √ | | | √ | | √ | | | √ | √ | |
| तिनी पात्र | | √ | | √ | | √ | | | √ | | √ | | √ | √ | |
| बाबा | √ | | √ | | | | √ | | √ | | √ | √ | | | √ |
| आमा | | √ | √ | | | | √ | | √ | | √ | √ | | | √ |
| हजुरआमा | | √ | √ | | | | √ | √ | | | √ | √ | | | √ |
| बहिनीहरू | | √ | √ | | | | √ | √ | | | √ | √ | | | √ |
| डाक्टर | √ | | √ | | | | √ | √ | | | √ | √ | | | √ |
| प्रहरी | √ | | √ | | | | √ | √ | | | √ | √ | | | √ |
| साथीहरू | √ | | √ | | | | √ | √ | | | √ | √ | | | √ |
| प्रहरी-कार्यालय अधिकृत | √ | | √ | | | | √ | √ | | | √ | √ | | | √ |
| चालक | √ | | √ | | | | √ | √ | | | √ | √ | | | √ |
| कर्मचारी | √ | | √ | | | | √ | √ | | | √ | √ | | | √ |
| वेटर | √ | | √ | | | | √ | √ | | | √ | √ | | | √ |
| न्यायाधीश | √ | | √ | | | | √ | √ | | | √ | √ | | | √ |
| स्वामीजी | √ | | √ | | | | √ | √ | | | √ | √ | | | √ |
| व्यावसायिक बुज्रुकहरू | √ | | √ | | | | √ | √ | | | √ | √ | | | √ |
| फुपू | | √ | √ | | | | √ | √ | | | √ | √ | | | √ |
| मारवाडी | √ | | √ | | | | √ | √ | | | √ | √ | | | √ |
| तराई मूलको मानिस | √ | | √ | | | | √ | √ | | | √ | √ | | | √ |

स्रोत : *लभ एट् पच्चीस* उपन्यास

सङ्केत : उल्लेखित तालिकामा पात्रहरूको स्वीकारात्मक भूमिकालाई (√) चिह्नद्वारा सङ्केत गरिएको छ ।

*लभ एट् पच्चीस* उपन्यासमा प्रयुक्त पात्रहरूमध्ये म पात्र, उनी पात्र र तिनी पात्रबाहेक अन्य पात्रहरूलाई गौण पात्रका रूपमा प्रस्तुत गरिएको छ । यस उपन्यासमा एक जोडी युवायुवतीको मुख्य भूमिका देखाइएको छ । उपन्यासकारले शीर्षकअनुसारको कथानकका लागि उचित पात्रचयन गरेको देखिन्छ ।

३.३.३ कथोपकथन

पात्र-पात्राहरूको बिचमा आ-आफ्ना विचार, भावना र हर्ष, विषाद, उल्लास-विस्मय, करुणा-क्रोध आदि मनोरागहरूलाई व्यक्त गर्नका लागि हुने पारस्परिक वार्तालाई कथोपकथन भनिन्छ । कथोपकथनबिना पनि उपन्यासको रचना हुन सक्छ तर पनि उपन्यासमा नवीनता, रोचकता र कौतूहलतापूर्ण स्थिति र वातावरणको सृजन गर्नका लागि कथोपकथनको महत्त्वपूर्ण भूमिका रहेको हुन्छ । आधुनिक उपन्यासमा कथोपकथनको महत्त्व झन् बढ्दै गएको छ । कथोपकथनलाई संवाद पनि भनिन्छ ।

*लभ एट् पच्चीस* उपन्यासमा कथोपकथन पृष्ठ एघारबाट मात्र सुरु भएको छ । यस उपन्यासको सुरुको संवादमा म पात्र र उनी पात्रको प्रथमपटक भेट हुने क्रममा हस्पिटलमा रिपोर्ट लिन बस्ने लाइनमा भएको छ । म पात्रले हस्पिटलमा उनी पात्रसँग चिनजान गर्ने क्रममा गरेको संवादबाट नै उपन्यासमा संवाद सुरु भएको छ ।

"तपाइँ पनि क्युमा हो ?" (पृ. ११) ।

"हो, तर जानुस् न !" (पृ. ११) ।

"तपाइँको काम भयो ?" (पृ. १३) ।

"हुन त भयो !" (पृ. १४) ।

यसरी यस उपन्यासमा संवादहरूको प्रयोग गरिएको छ । यस उपन्यासमा छोटा र लामा दुवै खालका संवाद प्रयोग भएका छन् । उपन्यासमा प्रयोग भएका छोटा संवादहरू यसप्रकार छन् :

"सधैं मेरो सामु रहेर यसै गरी हँसाइराख है !" (पृ. ३४) ।

"कहाँ पुग्नुभयो हजुर !" (पृ. ७४) ।

"घर पुग्नुभयो हजुर ?" (पृ. ७५) ।

यसप्रकारले उपन्यासमा म पात्र र उनी पात्रको बिचमा प्रेमिल वार्तालापका क्रममा उनी पात्र र उनी पात्रको बहिनीको बिचमा सपिङ् गरेको बेलामा पनि छोटा संवादहरूको प्रयोग भएको छ । त्यसतै गरी उपन्यासमा लामा संवादको प्रयोग पनि भएको छ । जस्तै :

"तिमीलाई छोड्ने बेला आइसक्यो, त्यसैले चिन्तित छु । तिमीलाई भेट्दा त खुसी हुन्छु तर हरसाँझ छोड्नैपर्छ । किन हामी सधैं सँगै बस्न सक्दैनौं ?" (पृ. १११)

"सकिन्छ नि किन नसक्नु, हजुर ! तयार हुनुपर्‍यो, अवस्था अनुकूल हुनुपर्‍यो । धेरै चिन्ता नलिनुस् हजुर, हजुरले सबै बन्दोबस्त गर्न सक्नुन्छ । मात्रै सही समयको प्रतीक्षा गर्नुहोस् !" (पृ. १११-११२)

यसरी उपन्यासमा लामा-छोटा संवादको उत्तिकै मात्रामा प्रयोग भएको पाइन्छ । कुनै-कुनै ठाउँमा अङ्ग्रेजी वाक्यको नै पूर्ण प्रयोग पाइन्छ । अङ्ग्रेजीमा गरिएको संवाद म पात्र र उनी पात्रको बिचमा भएको छ :

"इट्स् ओके बाबा, डन्ट ओरी अवाउट सच ! आई एम जस्ट किडिङ् लिटल !" (पृ. ११६)
डन्ट ओरी बाबा, आइ नो....।" (पृ. १२५)

उपन्यासको ठाउँ-ठाउँमा अङ्ग्रेजी शब्द प्रयोग भएका संवाद भेटिन्छन् । उपन्यासमा संवादमा एकरूपता छैन । कतिपय ठाउँमा लामा संवाद र कतिपय ठाउँमा छोटा संवाद तथा कतिपय ठाउँमा लामा-छोटा दुवै प्रकारका संवादहरू आएका छन् । उपन्यास धेरै ठाउँमा आत्मकथात्मक शैलीमा अगाडि बढेको छ । जस्तै :

"उनी पात्र - 'मलाई हजुरले कति माया गर्नुहुन्छ ?'

म पात्र - "सपनाले वास्तविक जीवनको चिन्तनको सङ्केत गर्छ भनेको सत्य हो कि जस्तो लाग्यो मलाई ! होइन भने आजसम्म यस्तो कुरा नगरेकी उनले अहिले किन गर्दैछिन् ? कसरी मेरो सपनाको प्रश्नसँग जोडिएको कुरा सोध्दैछिन् ? उनलाई मेरो सपनाको कुरा सुनाउन मन लागिरहेको थियो तर उनी सपनामा विश्वास नगर्ने भएकाले पक्कै मैले कुरा बनाएको भन्ठान्छिन् भनेर केही भनिन । न त आज उनले किन यस्तो कुरा गर्दैछिन् भनेरै सोधेँ" (पृ. १३४-१३५) ।

यस्तो प्रकारको आत्मकथात्मक शैलीको संवाद उपन्यासमा अनेकौँ ठाउँमा पाउन सकिन्छ । यस्तो संवादको अधिक प्रयोग गरिएको छ । त्यसै गरी उपन्यास विश्लेषणात्मक शैलीमा पनि अगाडि बढेको छ । जस्तै :

> होइन, मैले के नै पो बिराएको छु र ! तिनको फोनमा सुनिएको शब्दमै म तातोपानीमा डुबाउनासाथ लत्रक्क गलेको कर्कलोझैँ बन्न पुग्छु ? हो, केही समयको तिनैलाई सत्मार्गमा ल्याउने उपक्रममा आवश्यकताभन्दा बढी नै, हदैसम्म डुबेकै हो म । जरुरतभन्दा धेरै नजिकिएकै हो म तर आजको

> परिस्थिति भिन्न छ । आज तिनी आफ्नै संसारमा छिन् तर मलाई मेरै संसारमा स्वतन्त्र छोडिदिन किन चाहन्नन् तिनी ? जब कि मैले केही बिराएको छैन तर पनि तिनलाई सरी-सरी भन्दै जवाफ फर्काउन बाध्य छु । तिनको फोन तिनी आफैले नकाटुन्जेल गाली र हप्की सुन्न विवश छु म । (पृ. १६८)

उपर्युक्त उदाहरणहरूबाट *लभ एट् पच्चीस* उपन्यासमा विभिन्न प्रकारका संवादहरूको प्रयोग भएको स्पष्ट हुन्छ । उपन्यासमा सबै ठाउँमा नाटकमा जस्तै संवादको मात्र प्रयोग पनि गरिएको छैन । उपन्यासमा उपन्यासकारले पात्रको माध्यमबाट एकोहोरो वर्णन गरेका छन् । उपन्यासमा पात्रका माध्यमबाट एकोहोरो आत्मकथा व्यक्त गरिए पनि बिच-बिचमा आएका संवादले उपन्यासलाई थप रोचक र प्रभावकारी बनाएको छ । ठाउँ-ठाउँमा पात्रपात्राले प्रयोग गरेका तनावयुक्त तथा रोमाञ्चक संवादहरूले उपन्यासमा थप कौतूहलता सृजना गरेको छ । पात्रहरूको स्तर, स्वभाव, भावना तथा क्रियाकलापलाई उनीहरूले प्रयोग गरेको संवादले स्पष्ट्याउँछ । यस उपन्यासमा पात्रपात्राले बोलेका भाषा तथा शैली स्वाभाविक किसिमको रहेको छ । समग्रमा भन्दा यस उपन्यासको संवाद स्वाभाविक र पात्रानुकूल रहेको देखिन्छ ।

३.३.४ परिवेश

जहाँ रहेर पात्रहरू काम गर्दछन् त्यस स्थान, घटनाको समय तथा वरिपरिको आन्तरिक र बाह्य स्थितिलाई परिवेश भनिन्छ । परिवेशलाई देश, काल र वातावरण पनि भनिन्छ । *लभ एट् पच्चीस* उपन्यासले दुई युवयुवतीका बिचमा पच्चिस दिनमा मौलाएको प्रेम र त्यो प्रेमको परिप्रेक्ष्यमा रहेका यावत् पक्षको कौतूहलपूर्ण चिह्न उतारेको छ । आजको आधुनिक मानिएको र भनिएको आधुनिकतातर्फ उन्मुख समाजमा प्रेमको यथार्थ चित्रण र आधुनिकताको परिप्रेक्ष्यमा प्रेमको स्वरूपको चित्रण देखाउन यस उपन्यासले आफ्नो कार्यक्षेत्र काठमाडौँ उपत्यका र त्यसको वरिपरिलाई बनाएको छ । उपन्यासमा आएका कतिपय प्रसङ्गले पनि उपन्यासको देश काठमाडौँ भन्न सकिन्छ :

“भनिन्छ, शिवरात्रीपश्चात् काठमाडौँमा जाडो कम हुन्छ र गर्मी बढ्न थाल्छ” (पृ. १०) ।

त्यस्तै अर्को प्रसङ्ग :

“धेरै टाढा त होइन काठमाडौँछेवैको रमणीय पहाडी क्षेत्र नगरकोट जाने योजना बनेको छ हाम्रो, उतै खाना खाने गरी” (पृ. ६७) ।

माथि उल्लिखित प्रसङ्गबाट पनि यो उपन्यासको कार्यक्षेत्र काठमाडौँ हो भन्न सकिन्छ । म पात्रको घर र उसको अफिसका बारेमा काठमाडौँको कुन स्थान हो भन्ने किटानका साथ भने उल्लेख गरिएको छैन । उनी पात्रको घर बानेश्वर नजिक र वरिपरि भएको उल्लेख भए तापनि किटान गरिएको छैन । तर उपन्यासमा म पात्र र उनी पात्र घुमेको स्थानहरूको उल्लेख गरिएकोबाट उपन्यासको कार्यक्षेत्र काठमाडौँ हो, भन्न सकिन्छ । यी वाक्यहरूबाट पनि देशको पहिचान गर्न सकिन्छ : "नयाँ बानेश्वरमा रहेछ उनको घर" (पृ. १७) । यसका साथै स्थानलाई पहिल्याउने अर्को उदाहरण "काठमाडौँ मलको फुडकोर्टको सम्झना आयो" (पृ. १५४) भन्न सकिन्छ । यस्ता उदाहरणहरूसँगै म पात्र र उनी पात्र पच्चिस दिनसम्म घुमेका यावत् स्थानहरू उपन्यासमा किटान गरिएको छ । ती स्थानहरू ललितपुर, बालुवाटार, सिनामङ्गल, कुमारपाटी, हात्तीवन, गोदावरी, नगरकोट, सातदोबाटो, ठमेल, डिल्लीबजार, कमलादीजस्ता रहेका छन् । यी सबै स्थान काठमाडौँ उपत्यकामा रहेको पाइन्छ ।

उपन्यासमा कार्य भएका तथा घटना घटेका स्थलहरूको कतै सविस्तार वर्णन गर्न खोजिएको छ भने धेरै ठाउँमा वर्णन विस्तारपूर्वक गरिएको छैन । पात्रका क्रियाकलाप तथा घटनाहरूलाई व्यवस्थित ढङ्गले अगाडि बढाउनमा नै उपन्यासकार सक्रिय रहेका देखिन्छ । उपन्यासमा प्रमुख भूमिका निर्वाह गर्न आएका म पात्र र उनी पात्र प्रेमको अनुभव र मिलनमा अल्झेको देखिन्छ । उपन्यासमा भारतको नयाँदिल्ली, स्कुल, धादिङ, चितवनको रामनगर, देवघाट आदि स्थानहरूमा कुनै घटना घटेका छैनन् । यी ठाउँका नाम प्रसङ्गवश र म पात्रको पूर्वघटनाहरूको स्मरणका प्रसङ्गमा मात्र आएका छन् ।

म पात्र र उनी पात्र कफी पिउन गएका ठाउँहरू, डिनर र लन्चका लागि गएका ठाउँहरू, उनी पात्रको अफिस, पच्चिस दिनभित्र घुमेका यावत् ठाउँहरू आदि स्थानहरू काठमाडौँ नै हो । यसरी काठमाडौँ उपत्यकाका विभिन्न स्थानहरूको प्रयोग गरिएको छ । उपन्यासको घटनाक्रमअगाडि बढाउने क्रममा पात्रले देखेका वा कतिपय पात्रले हिँडेका स्थलको सामान्य चर्चाका क्रममा प्रकृतिको चित्रण गरिएको छ । म पात्र र उनी पात्र लन्च गर्न हात्तीवन गएको प्रसङ्गमा प्रकृतिचित्रण (पृ. ९२) (ढकमक्क फूलेको फूल, साना-ठुला विरुवाहरूले घेरिएर गुम्म परेको ठाउँ) लाई प्रस्तुत गरिएको छ । यस्तै अन्य उदाहरणका रूपमा : गोदावरी जाने क्रममा देखिएको त्यहाँको प्रकृतिचित्रणलाई "गोदावरीबाट छिर्नासाथै देखिन्थ्यो, निकै घनघोर जङ्गल, सुनसान र एकलासको फुल्चोकी डाँडा" (पृ. ९५) भनेर

प्रस्तुत गरिएको छ । म पात्र र उनी पात्र घुम्न जाने क्रममा देखिएको प्रकृतिचित्रण "पूर्वोत्तर कुनामा विशाल डाँडो र घना जङ्गल, दक्षिणपूर्वमा अर्को हरियो ढिस्को, अर्का दुईतिर भिन्न खालका फूल र विविध बिरूवाका साथै केही हुर्केका ठूला झाडीहरू थिए" (पृ. १६३) आदि ।

उपन्यासमा यसरी प्रकृतिचित्रणका रूपमा फाटफुट दृश्यहरू समावेश भएको छ र प्रकृतिका माध्यमबाट प्रेमले झ्याङ्गिने अवसर पाएको छ । उपन्यासको विभिन्न स्थानमा बिदाको प्रसङ्ग, सरकारी कार्यालय आदिको अवस्था र सोच, होलीको प्रसङ्ग, काठमाडौं परिसरका मन्दिरमा हुने भिडजस्ता प्रसङ्गमा सामाजिक अवस्था र परिस्थितिका साथै समाजमा रहेको विसङ्गति र विकृतिलाई पनि उपन्यासले कोट्याएको छ । होलीको समयमा युवा-युवतीहरूको होली मनाउने क्रममा आएको "बाफ रे बाफ युवायुवतीहरूको भीडभाड अधिकांश नशामा लट्ठिएका । .... कोरियाबाट मगाइएको डिजेको म्युजिकको तालमा नशामा लट्ठिएर, अर्धनग्न भेषमा अनुहार र शरीरभरि अनौठा रङ्गहरू पोतेर झुमेका युवायुवती !" (पृ. १४३) यसरी प्रसङ्ग आएको छ । समाज आधुनिक बन्दै गइरहेको प्रसङ्गलाई उपन्यासले विभिन्न स्थानमा अङ्ग्रेजी सिनेमाको भीड, विदेशबाट आउने-जाने क्रम र कुराकानी, खाना, युवायुवतीबिचको सम्बन्धजस्ता प्रसङ्गले उजागर गरेको छ । यस्ता सामाजिक परिस्थिति र विकृति-विसङ्गति उपन्यासका वातावरणअन्तर्गत आएका छन् ।

यसैगरी आन्तरिक वातावरणअन्तर्गत पर्ने पात्रहरूको मानसिक पक्षको चित्रणमा पनि उपन्यास निकै अगाड बढेको देखिन्छ । थोरै पात्रको प्रयोग भए तापनि यस उपन्यासमा विशेषरूपमा म पात्र मनोलोकको कल्पनामा अल्झेको देखाइएको छ । उपन्यासको प्रमुख पात्र म पात्रमा मानसिक पीडा, कल्पनामा विचरण गर्ने, मनोलापजस्ता कुरा अधिक देखिएका छन् । मानसिक पीडायुक्त वाक्य, मनोलाप, आकाङ्क्षा आदि आन्तरिक वातावरणअन्तर्गत आएका छन् । "कोपिला नफक्रँदै झर्ने भयो भन्ने डर भयो मलाई । पालुवा पात नबन्दै सुक्ने भयो भन्ने डर भयो मलाई" (पृ. ४७) जस्ता निराशावादी विचार आएका छन् । त्यस्तै म पात्रलाई तिनी पात्रको फोन आउँदा आन्तरिक पीडा झल्कने अर्को प्रसङ्ग यस्तो रहेको छ : "म जोबाट त्रसित भएर छटपटाइरहेको थिएँ, उसैको कल आएको रहेछ । जसले दिएका असैह्य पीडा बल्ल बिर्सन खोज्दै थिएँ...." (पृ. २६) । म पात्रलाई तिनी पात्रको सम्झना र फोन दुवैले दिने पीडा अथाह छ । उनी पात्रले फोन नउठाउँदा निराश हुने म पात्र अनेकौं चिन्ता र पीडामा रहन्छ । उनी पात्रसँगको सम्बन्धमा चिसोपन आउँदा म पात्र दुःखित हुन्छ । "औधि दुःखी भएँ । किन यस्तो हुन्छ कहिलेकाहीँ ? बिना कुनै

खास कारण पनि सम्बन्धमा चिसोपन किन आउँछ ?" (पृ. १९६) भन्नेजस्ता अभिव्यक्तिबाट म पात्रको मनमा आन्तरिक दुःख आएको देखिन्छ ।

त्यसैगरी उपन्यासकी स्त्री पात्र 'उनी' केही आन्तरिक द्वन्द्वमा परेको देखिन्छे । आफू विदेश जानलाग्दा म पात्रसँग छुट्टिनुपर्दा चिन्तित हुन्छे । "उनी निकै चिन्तित थिइन् मलाई छोडेर जानुपर्ने दिन नजिक आइसकेकोमा, ..." (पृ. १७९) । यस्तै भन्दिए हुन्थ्यो भन्ने सोच राखेकी उनी पात्र विदेश जान लागेका बेलामा दुःखी हुँदै जान्छे । "मलाई बोलाउनु न प्लिज ! मलाई किन बिदा दिनुभएको हजुरले ?" (पृ. २११) । उपन्यासमा आन्तरिक वातावरणमा पर्ने मानसिक पीडा कुनै न कुनै बेला दुवै पात्रमा देखिन्छ । उपन्यासमा आन्तरिक वातावरणअन्तर्गत मानसिक पीडाका साथै म पात्रको कल्पना, चाहना र आकाङ्क्षालाई पनि देखाइएको छ ।

उपन्यासमा उल्लेखित समयलाई काल भनिन्छ । समयको किटान गर्ने सम्बन्धमा उपन्यासमा घटित घटना निश्चित समयभित्र घटेको छ । म पात्र र उनी पात्रको भेटपश्चात्को पच्चिस दिनको घटनालाई उपन्यासले देखाएको छ । उपन्यासमा २० फेब्रुअरीदेखि १५ मार्चसम्मको घटना रहेको छ । उपन्यासमा आएको एक प्रसङ्ग "२०६२/६३ सालको राजनीतिक परिवर्तनपछि झन् धेरै बिदा थपिएका छन्" (पृ. ६७) ले उपन्यासका समय २०६३ सालपछिको परिवेश हो भन्ने देखाएको छ । उपन्यासमा आएका विभिन्न प्रसङ्ग, म पात्र र उनी पात्रको रहनसहन, युवायुवती विदेश जाने प्रसङ्ग, घुमघाम, खाना, सम्बन्धजस्ता प्रसङ्गले समाज आधुनिकतातर्फ उन्मुख देखाएको छ । यसर्थ यस उपन्यासको समयावधि समाज आधुनिकतातर्फ उन्मुख रहेकाले हालकै आसपासको समय हो भन्न सकिन्छ ।

निष्कर्षमा कथावस्तुलाई नभई नहुने परिवेश चित्रण यस उपन्यासमा पनि रहेको छ । नेपाली समाजमा धार्मिक, ऐतिहासिक, सांस्कृतिक, पुरातात्त्विक महत्त्वजस्ता बाह्य वातावरणको चित्रण उपन्यासमा त्यति देखिँदैन । आन्तरिक वातावरणका दृष्टिले भने उपन्यास सबल देखिन्छ । उपन्यासको अन्तिम वातावरण सुखदपूर्ण छैन । म पात्र र उनी पात्रको विछोडबाट उपन्यासको अन्त्य भएको छ ।

### ३.३.५ भाषाशैली

साहित्य सृजना गर्ने भाषा माध्यम हो । समाजका व्यक्तिहरूबिच सञ्चार गर्न प्रयोग गरिने ऐच्छिक वाक्प्रतीकहरूको व्यवस्थालाई भाषा भनिन्छ । उपन्यास वर्णनात्मक साहित्यिक विधा

हो । जसरी नाटकमा पात्रहरूले अभिनय र सङ्केतद्वारा आफ्ना भाव व्यक्त गर्न सक्दछन् त्यसरी उपन्यासमा सम्भव हुँदैन तसर्थ औपन्यासिक तत्त्व आन्तरिक एकात्मकता प्रदान गर्ने सामान्य कार्यमा भाषाको सर्वाधिक महत्त्व छ । भाषाका माध्यमबाट विभिन्न भाव वा विचारहरू अभिव्यक्त विभिन्न ढङ्ग र विधि नै शैली हो । शैली नै व्यक्तिको स्वरूप हो । त्यसैले व्यक्ति भाषा हो भने व्यक्तिको व्यक्तित्त्व नै त्यसको शैली हो । सामान्यतः शैली भाषिक र सामाजिक गरी दुईप्रकारको हुन्छ ।

विवेच्य उपन्यासको भाषाशैलीका बारेमा अध्ययन गर्ने क्रममा उपन्यासकार गौतमको कृतिमा प्रयोग भएको भाषालाई चिन्नुपर्छ । गौतमले प्रस्तुत उपन्यासमा आत्मकथनात्मक शैलीको प्रयोग गरेका छन् । यस शैलीमा पात्रका माध्यमले उपन्यासको वर्णन गरिन्छ । उपन्यासकारले आफू प्रत्यक्ष नभई पात्रका माध्यमबाट उपन्यासको सम्पूर्ण पक्षको वर्णन गरेका हुन्छन् । पात्रको मनको भावनालाई उजागर गरिएको हुन्छ । यस उपन्यासमा प्रयुक्त पात्र शिक्षित र बौद्धिकस्तरमा क्षमतावान् देखिएका छन् । त्यसैले उपन्यासमा प्रयुक्त भाषा स्तरीय रहेको छ । स्तरीय हुँदै पनि सरल र सहज प्रकृतिको भाषाको प्रयोग गरिएको छ । गौतमको भाषामा प्रतीकात्मक प्रयोग रहँदा-रहँदै पनि विषयको प्रसङ्ग जन्मेका बेला अश्लीलताको आशङ्का भेट्न सकिँदैन । अश्लीललता प्रयोग गरिएका वाक्यहरूका नमुना निम्नलिखित रहेका छन् :

“न्यानोपनको त्यो उत्कर्षमा कताकता ओसिलो महसुस भएको थियो, सायद हाम्रा वस्त्रहरू परिप्लावित थिए” (पृ. १७३) । “हाम्रा भएभरका सबै इन्द्रियहरू सक्रिय भएर खेल्न थाले एक-अर्काको शरीरमा” (पृ. १६४) आदि ।

उपन्यासमा कतिपय ठाउँमा संस्कृत र अङ्ग्रेजीका वाक्यहरू र भनाइहरू, उखान-टुक्काको प्रयोग, कतिपय ठाउँमा अस्पष्ट वाक्यलाई अन्यत्रका प्रमाणित उक्ति ल्याएर प्रष्ट पार्ने खालका अद्याहार वाक्य, कति ठाउँमा गीत, कविता, हिन्दी भाषाको गीत, भनाइको प्रयोगले उपन्यासको कथ्यलाई अझ सशक्त र जीवन्त तुल्याउन थप बल प्रदान गरेको छ । सरल, सुबोध र औपचारिक भाषाशैलीको प्रयोग गरिएको यस उपन्यासमा प्रयुक्त परम्परित र नवीन बिम्ब एवम् प्रतीकहरूको प्रयोगले उपन्यासलाई अझ प्रभावकारी बनाएको छ ।

*लभ एट् पच्चीस* उपन्यासमा प्रयोग गरिएको भाषा तथा त्यसमा देखिएका विचलनका आधारमा भाषिक शैली कस्तो छ भन्ने स्पष्ट हुन्छ । शैली अभिव्यक्तिको ढाँचा हो र त्यो

भाषासँग अविभाज्य भएर रहेको हुन्छ । यस उपन्यासमा विभिन्न स्रोतबाट शब्दहरूको चयन गरिएको छ । ब्याकरणिक नियमको पनि पालना भएको छ । ठाउँ-ठाउँमा आएका अनुकरणात्मक शब्द, उखान-टुक्काले भाषालाई सरल तुल्याएको छ ।

३.३.५.१ साहित्यिक शैली

*लभ एट् पच्चीस* उपन्यासको साहित्यिक शैली अध्ययन गर्ने सन्दर्भमा औपचारिक उपकरणको प्रयोग र सिङ्गो कृतिले नेपाली साहित्यमा पार्ने प्रभावको अध्ययन गर्नु आवश्यक हुन्छ, उपन्यासमा कतै-कतै वर्णनात्मक शैली देखिए तापनि मूल रूपमा आत्मकथनात्मक शैलीको प्रयोग गरिएको छ ।

उपन्यासको कथावस्तुमा आदि, मध्य र अन्त्यको परिपालन गरिएको छ । बिचबिचमा पूर्वदीप्ति शैलीको प्रयोग भए तापनि उपन्यासको मूलप्रवाहमा त्यस्ता घटनाले खासै प्रभाव पार्दैनन् । तसर्थ यस उपन्यासको कथानकको संयोजनपथ क्रमिक रहेको छ ।

पात्रहरूको चारित्रिक विशेषता उद्घाटन गर्न आवश्यक पर्ने कथानकको चयन, उपन्यासको कार्यव्यापार सम्पन्न भएको समय र वातावरणको यथोचित प्रयोगबाट साहित्यिक शैली बुझ्न सकिन्छ । पात्र-पात्रले व्यक्त गरेको स्तरीय संवादले पनि साहित्यिक शैलीलाई निर्दिष्ट गर्दछ । दृष्टिविन्दु विशेषतः प्रथमपुरुष रहेको यस उपन्यासको देश, काल तथा वातावरण पनि उपयुक्त ढङ्गबाट प्रयोग भएको छ ।

उपन्यासमा स्वयम् पात्रका माध्यमबाट प्रथम पुरुष ढाँचामा व्यक्त भएको छ । "आफैले आफैलाई शान्त बनाउनु जरुरी थियो । यो अवस्थामा अरूको अघिल्तिर वयान गर्न सक्दिनथेँ न त मलाई सम्झाउन उनी नै मेरोसामु छिन्" (पृ. ८१) । त्यस्तै उपन्यासमा कतैकतै तृतीयपुरुष दृष्टिविन्दुको पनि प्रयोग भएको छ । यस उपन्यासमा वर्णनात्मक शैलीको पनि प्रयोग भएको छ । जस्तै : "उनी भन्दै थिइन्, देख्नुभयो हजुरले, मैले कत्ति माया गर्दिरहेछु हजुरलाई ? वेटरले समेत एकै क्षण देख्दैमा पनि थाहा पाइसक्यो" (पृ. ११३) । यस उपन्यासमा कविता र गीतको प्रयोगले कतै-कतै काव्यात्मक शैलीलाई पनि आत्मसात् गरेको देखिन्छ । जस्तै नेपाली हाइकु :

*माघको घिउझैँ*

*कठोर बन्दाबन्दै*

*घाम लागेछ* (पृ. ८१) ।

यस्ता नेपाली र हिन्दी भाषाका गीत तथा कविताहरू प्रयोग भएका छन् । यसरी घटना, कार्य, पात्रहरूको विश्लेषण र टिप्पणी उपन्यासकारले पात्रका माध्यमबाट प्रथमपुरुष ढाँचामा व्यक्त गरेका छन् । आत्मकथात्मक तथा वर्णनात्मक शैलीको प्रयोगका साथै कतै काव्यात्मक शैलीमा यो उपन्यास रचना भएको छ । बिम्ब र प्रतीकहरूको प्रयोगले उपन्यास रसमय र मिठासपूर्ण बनेको  छ । संवादमा नाटकीयता, स्थान, समय र वातावरणको चित्रणमा देखिने प्रभावकारिताले यसको साहित्यिक शैलीलाई झल्काउँदछ ।

३.३.५.२ चिह्नप्रयोग

*लभ एट् पच्चीस* उपन्यासमा विभिन्न प्रकारका चिह्नहरूको प्रयोग गरिएको छ । उपन्यासमा पूर्णविराम र अल्पविरामजस्ता चिह्नहरू सबैभन्दा बढी प्रयोग भएका छन् । प्रश्नवाचक, योजक, लाघब, उद्धरण, आदि चिह्नहरूको प्रयोग यस उपन्यासमा भएको छ । उपन्यासमा प्रयोग भएका विभिन्न चिह्नहरूलाई हेर्दा यसप्रकारका प्रयोगहरू भेटिएका छन् : "मलाई डर लागिरहेको थियो, रिपोर्ट बुझिनँ भने के गर्ने ?" (पृ. १५), त्यस्तै अल्पविराम चिह्न भएका वाक्य : "गाडीको साँचो, चस्मा, मोबाइल आदि पनि उनैले समाइन्" (पृ. १७) पनि प्रशस्त मात्रामा भेटिन्छन् । यस उपन्यासमा योजक चिह्नको पनि प्रयोग भएको देखिन्छ । जस्तै : "त्यसैले सबै सहकर्मीहरूलाई आ-आफ्नो ठाउँमा बस्न अनुरोध गरेँ" (पृ. ३९), "एक-अर्कामा .... " (पृ. ७२), "कहिँ-कसैले ...." (पृ. ७३) "कसरी-कसरी आज...." (पृ.१३४) आदि । त्यस्तै उद्धरण चिह्नको प्रयोग पनि प्रशस्त भेटिन्छ । जस्तै : "उनले 'आज म खुवाउँछु हजुरलाई' भन्दै आफ्नै हातले बडो प्रेमपूर्वक खाना ख्वाइन्" (पृ. ७३) आदि । अपूर्ण चिह्नप्रयोग भएको वाक्य यसप्रकार रहेको छ :

*"फगत एक नजरमा कसैले लियो मन*

*जति बिर्सूँ भन्छु उती सम्झने झन् ..."* (पृ. १४) ।

लाघव चिह्नप्रयोग भएको वाक्य यसप्रकार रहेको छ : "मलाई, के हेरिरहनुभएको ?" (पृ. ३१) यसप्रकारका चिह्नप्रयोगले उपन्यासलाई स्तरीय बनाएको छ ।

३.५.३ शब्द तथा वाक्यचयन

शब्दचयनका दृष्टिले उपन्यासयलाई हेर्दा कतिपय शब्दहरूको प्रयोग प्रतीकात्मक रूपमा भएको छ । उपन्यासमा तत्सम, आगन्तुक र अनुकरणात्मक शब्दहरूको यथोचित प्रयोग भएको छ । यस उपन्यासमा प्रयोग भएका सरल वाक्यका केही नमुनाहरू यसप्रकार रहेका छन् : "राती फोनमा धेरै बेर कुरा गऱ्यौं" (पृ. ६०) । "आज राती पनि उनी हजुरआमासँग

नै सुत्ने भइन् । हाम्रो फोनको वार्तालाप हुन सकेन" (पृ. ९५) । उपन्यासमा प्रयुक्त संयुक्त वाक्यको एउटा नमुना यसप्रकार रहेको छ : "मैले खुलेर भन्न नसकेको हो वा उनले मलाई बुझाउन नसकेकी हुन्, म अन्योलमा थिएँ" (पृ. ४६) । उपन्यासमा प्रयुक्त मिश्रवाक्य प्रयोगको नमुना यसप्रकार रहेका छन् : "जब उनीसँग हल्का मात्रै टसमस हुन्छ तब अचानक त्यसको तीब्र असर देखिन थाल्छ" (पृ. ८०) । "जब होली आउँछ तब मेरो दिमागमा एउटा घटना ताजा हुन्छ" (पृ. १४३) । यस उपन्यासमा प्रयुक्त मिश्रित वाक्यका नमुना यसप्रकार रहेका छन् : "ती भद्र मानिस पहिला त निकै सभ्य शैलीमा कुरा गर्दै थिए तर बिस्तारै-बिस्तारै आवेशमा आउन थाले" (पृ. ३९) । "उनको शरीर पनि केही कम्पित हुँदै थियो, तैपनि एकदम शान्त बन्ने कोसिस गरिरहेकी थिइन्, आँखाहरू बन्द गरेर ! मेरो क्रियाकलापलाई राम्रै साथ दिँदै थिइन्, यतिबेला" (पृ. ७२) ।

उपन्यासमा इच्छार्थ, आज्ञार्थ, करण, अकरण, प्रश्नार्थक वाक्य, आलङ्कारिक शब्दहरूको प्रयोग भएका वाक्य, उद्गारात्मक, एकल उद्धरणात्मक वाक्य आदि भेटिन्छन् । उपन्यासमा प्रयुक्त इच्छार्थ वाक्यको नमुना यसप्रकार रहेको छ : "मैले उनीलाई केही बोल्न अनुरोध गर्दा पनि पछि भनौँला भन्दै टारिन्" (पृ. ४३) । प्रश्नार्थक वाक्यको नमुना यसप्रकार रहेको छ : "घर पुग्नुभयो हजुर ?" (पृ. ७५) । करण वाक्यको नमुना यसप्रकार रहेको छ : "उनी अधिकांश समय अफिसमा अत्यन्त व्यस्त रहन्थिन्" (पृ. ८८) । अकरण वाक्यको एउटा नमुना : "उहाँलाई मैले आजसम्म भुल्न सकेको छैन" (पृ. ८५) । आलङ्कारिक शब्दप्रयोग भएका वाक्यहरू : "धेरै सब्जीहरू एउटै लहरामा लटरम्म फल्दा थाँक्रोले धान्न नसकेझैँ वा एउटै सानो हाँगाभरि निकै फलहरू लाग्दा उक्त हाँगोले थाम्न नसकेझैँ हामीले थाम्नै सकिरहेका छैनौँ हाम्रा मायाका भावहरूलाई ! अब हामीले हाम्रो मायालाई कुनै रूप वा नाम दिएर पूर्ण बनाउनैपर्ने भएको छ जसैगरी पनि" (पृ. १०३) । आर्थी विचलनका वाक्यहरू यसप्रकार रहेका छन् : "प्रतिरोधात्मक क्षमता बलियो हुन्जेल दबिएका रोगहरू प्रतिरोधात्मक क्षमता कम हुनासाथै सल्बलाएर देखापरेका छन् ।" (पृ. ८०) अङ्ग्रेजी भाषाका वाक्यहरू : "गुड मर्निङ !" (पृ. २७), "आइ लभ यु" (पृ. ७१), "इट्स ओके बाबा, डन्ट ओरी अबाउट सच ! आई एम जस्ट किडिङ्ग लिटल" (पृ. ११६) । उद्गारात्मक वाक्यहरू : "हो, तर जानुस् न ! सहजै ठाउँ छोडिदिँदै उनी पछाडि सरिन्" (पृ. ११) ।

यसरी *लभ एट् पच्चीस* उपन्यासमा वाक्यचयन सार्थक र उद्देश्यपूर्ण प्रस्तुत भएको देखिन्छ । यस्ता वाक्यहरूको प्रयोगले उपन्यास रसमय बनेको छ ।

३.३.५.४ भाषा-भण्डार

भाषा-भण्डारका दृष्टिले *लभ एट् पच्चीस* उपन्यासमा हेर्दा विभिन्न स्रोतका शब्दहरू प्रयोग भएका छन् । यस उपन्यासमा नेपाली भाषाका स्तरीय तथा प्रचलित शब्दबाहेक तत्सम, आगन्तुक र अनुकरणात्मक शब्दहरू पनि प्रयोग भएका छन् । उपन्यासमा प्रयुक्त शब्दहरू औपन्यासिक परिवेश अनुकूल रहेका हुँदा यी शब्दहरूले उपन्यास अझ स्तरीय बनाउन मद्दत पुऱ्याएका छन् । उपन्यासमा प्रयोग भएका केही प्रचलित तत्सम, आगन्तुक र अनुकरणात्मक शब्दहरूका केही उदाहरणहरू निम्नलिखित रहेका छन् :

तत्सम शब्दहरू : महाशिवरात्रि (पृ. ९), विद्यार्थी (पृ. १३), यौवन (पृ. १३), युवा (पृ. २१), भद्र (पृ. ३९), रमणीय (पृ. ६९), दृश्य (पृ. ६९), प्रस्फुटित (पृ. ७३), क्षमायाचना (पृ. ७५), तृप्त (पृ. ८२), स्वामी (पृ. ८५), वृद्धवृद्धा (पृ. ८५), ब्रह्मचारी (पृ. ८५), उत्कर्ष (पृ. १००), मधुर (पृ. १०४), जागृत (पृ. १०५), रसास्वादन (पृ. १०७), क्षण (पृ. ११२), आदर्शोन्मुख (पृ. ११४) सत्ययुग (पृ. १३२), समकक्षी (पृ. १७८) मस्तिष्क (पृ. २१२) आदि ।

अनुकरणात्मक शब्दहरू : कठ्याङ्ग्रिएको (पृ. १०), झल्याँस्स (पृ. ११), बोलक्कड (पृ. १६), मुसुक्क (पृ. १६), उकुसमुकुस (पृ. २०), झसङ्ग (पृ. ३९), ठुस्कँदाठुस्कँदै (पृ. ४०), झर्कँदै (पृ. ४१), हौस्याउँदै (पृ. ७२), टपक्कै (पृ. ७२), ढकमक्क (पृ. ९२), लपक्क (पृ. ९३), हत्तपत्त (पृ. १०१), लत्रक्क (पृ. १६८) भक्कानिँदै (पृ. २११) आदि ।

३.३.३.५ उखान-टुक्का र कथन/उक्तिको प्रयोग

उखान-टुक्काले उपन्यासको भाषालाई अझ मीठो बनाउँछ । त्यसका साथै भन्न लागेका कुराहरूलाई उखानको माध्यमबाट प्रष्ट पार्न थप बल पुग्छ । यस उपन्यासमा उखान टुक्काबाहेक हिन्दी, अङ्ग्रेजी, संस्कृत भाषाका कथन वा उक्तिहरूको प्रयोग पनि भएको छ । जसले उपन्यासलाई थप बल पुग्छ । यस उपन्यासमा प्रयोग भएका केही उखान-टुक्का र कथन वा उक्ति निम्नलिखित रहेका छन् :

मुसुक्क मुस्कुराउनु (पृ. १६), मुटुमा हान्नु (पृ. २६), पसिना काट्नु (पृ. २६) खुसी फूल्नु (पृ. ४१) आदि ।

उपन्यासमा प्रयुक्त केही उखानहरू निम्नानुसार रहेका छन् :

आफ्नो माइतको कुकुर त के खरानी पनि प्यारो हुन्छ (पृ. ६२), कहीँ नभएको जात्रा हाँडी गाउँमा (पृ. ६७), अगुल्टाले लागेको कुकुर बिजुली चम्कँदा तर्सन्छ (पृ. ८०), दृष्टिको स्त्री र

मुठीको सम्पत्ति मात्र आफ्नो हुन्छ (पृ. ८५), औँलो दिँदा डुँडुलो निल्न खोज्नु (पृ. १२३) आदि ।

उपन्यासमा प्रयुक्त केही संस्कृतका कथन वा उक्ति निम्नानुसार रहेका छन् :

न भूतो न भविष्यति (पृ. ९), सर्वे भवन्तु सुखिनः सर्वे सन्तु निरामयाः (पृ. ६६), मौनं स्वीकृति लक्षणम् (पृ. ६९) आदि ।

उपन्यासमा प्रयुक्त केही हिन्दी कथन वा उक्ति निम्नानुसार रहेका छन् :

मन चङ्गा तो लोटरी में गङ्गा (पृ. २७), लोहा हि लोहे को काट्ता है (पृ. ६६), पत्थर का लकीर  (पृ. ७८), घरमें छोरा सहरमें ढिंढोरा (पृ. १३९) आदि ।

उपन्यासमा प्रयुक्त केही अङ्ग्रेजी कथन वा उक्ति निम्नानुसार रहेका छन् :

नो वान क्यान प्रेडिक्ट द फ्युचर (पृ. ९), टुमरो इज मिस्ट्री एन्ड पास्ट इज हिस्ट्री (पृ. ९), एक्सन स्पिक्स स्ट्रङ्गर द्यान वर्डस् (पृ. ४३), वेटिङ् ह्याज नो लिमिट (पृ. १४६) आदि ।

यस उपन्यासमा पनि एक ठाउँमा देवनागरी लिपिभन्दा भिन्न ल्याटिन लिपिमा पनि अङ्ग्रजी कथनलाई प्रयोग गरिएको छ ।

Here is nothing useless or worthless in the world, we just need to know how and when we have to use those things properly (पृ. ८९) । यस्ता वाक्यको प्रयोगले र अङ्ग्रेजी कथनको प्रयोगले उपन्यास पठनमा सामान्य पाठकलाई असर गर्न सक्ने देखिन्छ ।

उपन्यासमा आएका पात्रहरू शिक्षित भएकाले भाषालाई स्वाभाविक, स्तरीय र विश्वसनीय बनाउन तत्सम, अङ्ग्रेजी अन्य आगन्तुक शब्द तथा अनुकरणात्मक शब्दहरू प्रयोग भएका छन् । पात्रअनुसारका भाषाप्रयोग भएको यस उपन्यासमा आएका उखान-टुक्का तथा विभिन्न भाषाका कथनहरूले भाषालाई अझ सबल र विविधतापूर्ण तुल्याएको छ ।

आगन्तुक शब्दहरू :

रिपोर्ट (पृ. १५), फेसबुक (पृ. २३), एड (पृ. २३), फ्रेस (पृ. २४), गुड मर्निङ् (पृ. २७), सेन्टर (पृ. २८), क्युएफएक्स (पृ. २८), कन्ट्रयाक्ट (पृ. २९), फिटिङ (पृ. २९), फुडकोर्ट(३१), साइलेन्स (पृ. ३९), स्टेसन (पृ. ६२), करेन्ट (पृ. ७२), आइलभ यु टु (पृ. ७१), सेड्युल (पृ. ९४), टेलर (पृ. ७५), टेक्स्ट (पृ. ७९), वेक अप कल (पृ. ८८), लन्च (पृ. ९१), अर्डर

(पृ. ९१), मसरुम चिल्ली (पृ. १०९), ऱ्याफ्टिङ् (पृ. १४१), बाथरुम (पृ. १५१), म्यासेज (पृ. १५३), रियलाइज (पृ. १६६) एभर (पृ. १६७), वाच (पृ. १९२), पार्किङ (पृ. १९३) आदि ।

यसरी उपन्यासमा हिन्दी भाषाका र संस्कृत भाषाका शब्दहरू कथनका रूपमा आएका छन् जसलाई माथि नै प्रष्ट पारिएको छ । यस उपन्यासमा विविध क्षेत्रमा प्रयाग हुने शब्द, विभिन्न भाषाबाट आएका शब्दहरूको प्रयोग पाइन्छ जसले गर्दा उपन्यास अझ सबल, रोचक तथा सशक्त देखिन्छ ।

३.३.६ दृष्टिविन्दु

उपन्यासमा विचार वा दृष्टिकोण सोझै प्रस्तुत नगरी वस्तु, पात्र र परिवेशका माध्यमबाट व्यक्त गरिएको हुन्छ । उपन्यासका पात्र परिवेश र कार्यव्यापार कसको माध्यमबाट, कोद्वारा प्रस्तुत गरिन्छ त्यो नै दृष्टिविन्दु हो । यस उपन्यासमा प्रथमपुरुष दृष्टिविन्दुको प्रयोग गरिएको छ । उपन्यासमा कतै-कतै उनीको प्रसङ्ग र भूमिका महत्त्वपूर्ण भएर अभिव्यक्त आएका बेला तृतीयपुरुषको झलक पाइए पनि उपन्यासको थालनीदेखि अन्त्यसम्मको वर्णनमा म पात्र समाख्याता बनेको हुनाले उपन्यासको समग्र दृष्टिविन्दु प्रथमपुरुष नै हो ।

प्रथमतः उपन्यासको केन्द्रीय पात्र समाख्याता म पात्र नै हो र ऊ स्वयम् उपन्यासकार गौतमको प्रतिनिधि हो । यसरी स्वयम् उपन्यासकार गौतम म पात्रमा रूपायित भएका छन् । यसरी लुप्त रूपमा तृतीयपुरुष भएर रहेको उपन्यासलाई 'म' प्रथमपुरुषमा रूपायित गरिएको छ । म पात्रलाई समाख्याता बनाई आत्मकथात्मक शैलीमा *लभ एट् पच्चीस* औपन्यासिक कृति तयार भएको छ । उपन्यासमा प्रथमपुरुष म पात्र लेखक स्वयम् भए पनि म पात्रका माध्यमले प्रसङ्गहरू सशक्त ढङ्गबाट प्रस्तुत भएको छ । उपन्यासमा उपन्यासकारको झलक देखिएको छैन । समाख्याता म पात्र बनेर आएको हुनाले यसको दृष्टिविन्दु प्रथम पुरुष नै हो । म पात्रको सम्पर्कमा आएका अन्य जतिपनि पात्रहरू छन् ती सबै तृतीयपुरुष दृष्टिविन्दुमा आएका छन् । जस्तै :

> "घर पुगेर ढोका खोल्नै मात्र के लागेको थिएँ पुनः कल आयो उनको । सोध्दै थिइन् 'हजुर घर पुग्नुभयो कि भएन ?' नबुझिने कुरा के नै थियो र ! मायाको आगो उनमा पनि दन्किसकेको रहेछ, दन्दनी । सायद मेरोजस्तै जाज्वल्यमान भएर वा त्योभन्दा पनि बढी !" (पृ. ७६)

यस्ता प्रकारका वाक्यहरूको प्रयोग उपन्यासमा गरिएको छ । उपन्यास सुरुदेखि अन्त्यसम्म म पात्रको माध्यमबाट अघि बढेको छ । उपन्यासको विभिन्न ठाउँमा अन्य पात्र देखिए पनि म पात्रको समाख्यातामा अगाडि बढेको छ । त्यसकारण यस *लभ एट् पच्चीस* उपन्यास केन्द्रीय प्रथमपुरुष दृष्टिविन्दुप्रधान रहेको उपन्यास हो ।

३.३.७ द्वन्द्व

उपन्यासमा द्वन्द्वले सशक्तता जीवन्तता, ओजस्विता र गतिशीलता प्रदान गर्दछ । यसर्थ उपन्यासमा द्वन्द्वको प्रयोग महत्त्वपूर्ण मानिन्छ । यस दृष्टिले *लभ एट् पच्चीस* उपन्यासमा भएको द्वन्द्व विशेषतः बाह्य द्वन्द्वभन्दा आन्तरिक द्वन्द्व प्रबल देखिन्छ । आन्तरिक द्वन्द्व भन्नाले मनोद्वन्द्वलाई बुझिन्छ ।

प्रस्तुत *लभ एट् पच्चीस* उपन्यासमा बाह्य द्वन्द्व र आन्तरिक द्वन्द्व दुवै रहेका छन् । बाह्य द्वन्द्व म पात्र र तिनी पात्र (कतै-कतै उनी पात्र सम्बोधन भएको) बिच रहेको छ । तिनी पात्रलाई प्रतिकूल पात्रका रूपमा उभ्याइएको भए पनि तिनी पात्रका बारेमा उपन्यासमा खुलस्त पारिएको छैन । तिनी पात्र र म पात्रबिच प्रगाढ सम्बन्ध रहेको भए पनि द्वन्द्वको कारण प्रष्ट पारिएको छैन । उपन्यासको विभिन्न स्थानमा तिनी पात्रको चर्चा भएको छ । म पात्र र तिनी पात्रबिचको द्वन्द्व बाह्यद्वन्द्व हो । उपन्यासमा बाह्यद्वन्द्व सशक्त छैन । बाह्यद्वन्द्व क्षीण भए पनि यसको परिणामस्वरूप आन्तरिक द्वन्द्वको सृजना भएको छ ।

उपन्यासको प्रमुख पात्र म पात्रको मनोद्वन्द्व आन्तरिक द्वन्द्व हो । तिनी पात्रको सम्झना र फोनले म पात्रको मन विचलित हुन पुग्नुका साथै र द्वन्द्वग्रस्त बन्न पुगेको छ । “हेल्लो भन्नासाथ जाडोयाममा चिसो सिरेटोले मुटुमा हानेझैं भयो । म जोबाट त्रसित भएर छट्पटाइरहेको थिएँ उसैको कल आएको रहेछ” (पृ. २६) । तिनी पात्रले दिएको पीडा र धोकाका कारण मनमा उब्जिएको पीडालाई “एक मन त तिनलाई तिनकै अघिल्तिर पुगेर बेस्सरी हकारौं र आफ्नो मनको कुण्ठालाई शान्त बनाऔं जस्तो लाग्यो तर पनि सकिनँ” (पृ. ११०) जस्ता उदाहरणले द्वन्द्वलाई स्पष्ट पारेको देखिन्छ । तिनी पात्रले दिएको चोटले म पात्रको मनमा मनोद्वन्द्व सृजना भएको छ । उपन्यासकी नायिका उनी पात्रसँग बेलाबेलामा भएको मनमुटावले म पात्रमा निराशापन छाएको छ । उनी पात्रको फोन नउठ्दा र व्यवहार परिवर्तन हुँदा म पात्रको मनमा वैचारिक द्वन्द्वको सृजना भएको देखिन्छ ।

यसरी *लभ एट् पच्चीस* उपन्यासमा आन्तरिक द्वन्द्व सबल रूपमा रहेको छ । तिनी पात्रलाई प्रतिकूल पात्रका रूपमा उभ्याएर बाह्य द्वन्द्वको सृजना गरिएको छ । भलै तिनी पात्रका बारेमा केही विस्तृत कुराहरू उपन्यासमा उल्लेख नगरे तापनि तिनको भूमिका महत्त्वपूर्ण रहेको छ र उपन्यासलाई कौतूहलता प्रदान गरेको छ । आन्तरिक द्वन्द्वको कारणले म पात्रको मनस्थिति र मनोलोकको उजागर गरेको छ । म पात्रको विचार र चिन्तनलाई गति प्रदान गरेको छ ।

३.३.८ उद्देश्य

जीवनको कुनै उद्देश्य हुन्छ । काम गर्नुको कुनै आशय हुन्छ । साहित्यका विविध विधामा जीवन र जगत्को अभिव्यक्ति र प्रस्तुति हुन्छ । यसरी उपन्यासको पनि कुनै निश्चित अर्थ र आशय हुन्छ । उपन्यासकारको आफ्नो सोचाइको र हेराइको आफ्नै धरातल हुन्छ । यसै धरातलमा उपन्यासको रचना हुन्छ । पाठकले उपन्यासको अध्ययनपछि प्राप्त गर्ने विचार र ज्ञान नै उपन्यासको प्रमुख उद्देश्य हो । उद्देश्य भनेको सन्देश पनि हो । *लभ एट् पच्चीस* उपन्यासले सहरी परिवेश (काठमाडौँ वरिपरिको क्षेत्र) लाई सेरोफेरो बनाएको छ । यस उपन्यासमा वर्तमान अवस्थामा आएको परिवर्तन र त्यस परिवर्तनले ल्याएका सामाजिक चेतना र विकृति-विसङ्गतिलाई देखाउँदै वर्तमान सहरी परिवेशको चित्रण गरेको छ । सहरी परिवेशको स्थिति र त्यस परिवेशमा झ्याँगिएको प्रेमलाई देखाइएको छ । यस उपन्यासमा उपन्यासकारले देखाउन खोजेको विषयवस्तु भनेको आजको आधुनिकयुगमा सङ्घर्षरत युवायुवतीबिच बसेको प्रेम र त्यस प्रेमले ल्याएको परिवर्तनको पाटाहरूलाई प्रस्तुत गर्नु हो । उपन्यासकारले वर्तमान समयमा प्रेम र त्यसको मूल्यको बारेमा र आदर्श प्रेमलाई सूक्ष्म दृष्टिले देखाउने लक्ष्य राखेको पाइन्छ । आफ्नो जीवनमा घटेका कुराहरूका आधारमा मानिसले जीवनमा दुःखबाट मुक्ति पाउन बाँकी जीवन कसरी जिउने भन्ने कुराको सन्देश यस उपन्यासबाट प्राप्त भएको छ । मानिसले आफ्नो कर्मको बलमा आफ्नो भाग्य आफै बनाउँछ । जीवनका उतार-चढाव, अझ भन्दा प्रेममा आउने उतार-चढावले विक्षिप्त बनाउँदै गर्दा जीवनबाट हरेस खानु हुँदैन, प्रगतितिर अघि बढ्दै जानुपर्छ भन्ने कुरा पनि उपन्यासमार्फत प्राप्त गर्न सकिन्छ । समाज आधुनिकतातिर प्रवेश गर्दैगर्दा आधुनिकताको प्रभावले ल्याएको परिवर्तनलाई पनि उपन्यासले उजागर गरेको छ । उपन्यासले समाजमा परिवर्तनसँगै आएको विकृति-विसङ्गतिलाई हेर्ने प्रयास गरेको छ । उपन्यासभित्र आएको महाशिवरात्रिका प्रसङ्गमा युवायुवतीको विशृङ्खलित कार्य र होलीको समयमा देखिएको

विकृति तथा यौनलाई सामान्य रूपमा लिइनु, विवाहपहिला नै सँगै बस्ने प्रचलनजस्ता कुराको वर्णनले समाजमा व्याप्त विकृतिको चित्रण गरिएको छ । सहरी परिवेशको रहनसहनलाई पनि उपन्यासले देखाएको छ । सहरी परिवेशमा बसेर पनि सामाजिक, सांस्कृतिक आधारमा जीवनयापन गर्नुपर्छ भन्ने कुरातर्फ सङ्केत गरेको पाइन्छ । पात्रहरूबिच प्रेम देखाएर उपन्यासले प्रेमको यथार्थतालाई पनि उत्कृष्ट रूपमा देखाउन सफल भएको छ । मानिसको मनमा कुनै कुराको बोझ हुन्छ भने त्यो बोझले र पीडाले मानिसलाई कस्तो स्थितिमा पुऱ्याउन सक्छ भन्ने कुरालाई उपन्यासले म पात्रको मनोविज्ञान र कल्पना तथा मानसिक स्थितिका माध्यमबाट प्रस्तुत गरको छ । आफ्नो जीवनमा घटेका घटनाहरूका आधारमा मानिसले जीवनयापन सरल बनाउन हरेक कुरालाई सकारात्मक लिएर अघि बढ्ने कुराको सन्देश उपन्यासले दिएको छ ।

यसरी यस उपन्यासले उपर्युक्त सन्देश दिने उद्देश्य राखेको पाइन्छ । कसैको जीवनमा आएको प्रेमको निजी भोगाइ र अनुभूतिहरू पनि सार्वजनिक जीवनका प्रेमका सरोकारका विषयहरू बन्दारहेछन् भन्ने अनुभूति यस उपन्यासले गराएको छ । आधुनिकताको सबल र दुर्बल पक्षको चित्रणले सामाजिक स्थितिको र सहरी परिवेशको चित्रण गरेर त्यसको. अनुभूति गराएको छ । यिनै उद्देश्य उपन्यासको रहेको छ ।

## ३.४ निष्कर्ष

*लभ एट् पच्चीस* उपन्यास मध्यम आकारको उपन्यास बनेको छ । बाह्य संरचना र आन्तरिक संरचनाको मेलबाट *लभ एट् पच्चीस* शीर्षक सान्दर्भिक देखिएको छ । संरचना भनेको नै त्यसको बनोट, आकार, शीर्षक, भाषाशैली, परिच्छेद इत्यादिको बाह्य रचना हो भने आन्तरिक संरचना भनेको वस्तु सन्दर्भ हो । यस उपन्यासको वस्तुसन्दर्भ लेखकले म पात्रका माध्यमबाट गरिएको आत्मकथनात्मक, वर्णनात्मक समाख्यान हो । यस उपन्यासले प्रेमलाई प्रमुख विषय बनाएको छ । प्रेमको प्रमुखता अन्य विविध कुराको वर्णनमा उपन्यास तत्पर रहेको देखिन्छ । उपन्यासले उपन्यासका तत्त्वहरूको यथोचित प्रयोग गरेको छ । उपन्यास निर्माणका लागि आवश्यक घटकहरू पूर्णरूपमा प्रयोग नभए पनि कतिपय घटकहरू सूक्ष्म रूपमा भए पनि प्रयोग गरिएको छ । समग्रमा उपन्यास पठनीय बनेको छ ।

चौथो परिच्छेद

# *लभ एट् पच्चीस* उपन्यासको योगदान र मूल्याङ्कन

## ४.१ विषयपरिचय

उपन्यासकार अनल गौतमद्वारा लिखित *लभ एट् पच्चीस* उपन्यास वि.सं. २०७४ मा प्रकाशित भएको हो । प्रस्तुत उपन्यासले पच्चिस दिनभित्र घटित घटनाहरूमाथि प्रकाश पारेको छ । प्रस्तुत उपन्यासले विभिन्न नवीन आयामहरूलाई आत्मसात् गर्दै उपन्यासको दीर्घकालीन परम्परामा आफ्नो छुट्टै योगदान दिएको छ । *लभ एट् पच्चीस* उपन्यासको योगदान र त्यसको मूल्याङ्कन यस परिच्छेदमा गरिएको छ ।

## ४.२ उपन्यासका तत्त्वहरूमा योगदान र मूल्याङ्कन

उपन्यासमा भएका घटनाहरूको योजनालाई कथानक भनिन्छ । उपन्यास निर्माणका लागि अत्यावश्यक तत्त्व कथानक हो । पाश्चात्य उपन्यास परम्परामा उत्तरआधुनिककालको सुरुवातसँगै नवीन आयामहरू देखापरेका छन् । अकथानक उपन्यास, क्षीण कथानक उपन्यासजस्ता नवीन शैलीमा उपन्यास सृजना हुन थालेको पाइन्छ । त्यसैको प्रभावस्वरूप नेपाली उपन्यासमा पनि यस्ता प्रयोगहरू भएका छन् । उपन्यासका परिभाषाहरू पनि विभिन्न कालखण्डमा परिवर्तन हुँदै आएका छन् ।

### ४.२.१ कथानकका आधारमा

प्रस्तुत *लभ एट् पच्चीस* उपन्यासले पूर्ण र दीर्घजीवन कालखण्डभित्रको थोरै समयमा घटित घटनालाई कथानकको रूपमा आत्मसात् गरेको छ । पूर्ण जीवनभित्रको थोरै समयमा पनि जीवनका प्रमुख घटनाहरू घट्न सक्छन् । घटनाले जीवनको पूर्ण भोगाइलाई प्रभाव पार्न सक्छ भन्ने कुरालाई यस उपन्यासले देखाएको छ । प्रस्तुत उपन्यासमा स्वदेशमा सङ्घर्षरत युवा र विदेशबाट फर्किएकी युवतीबिच पच्चिस दिनभित्र बसेको प्रगाढ प्रेमलाई र त्यसको उतार-चढावलाई कथानकका रूपमा लिइएको छ । प्रत्येक दिनमा घटेका घटनालाई दैनिकीको क्रममा देखाएर कथानकलाई नवीनता प्रदान गरेको छ । पच्चिस दिनको घटनाक्रमले जीवनमा ल्याएको मोडको प्रसङ्गले उपन्यासलाई उत्कृष्ट बनाएको छ । उपन्यासभित्र केवल पच्चिस दिनको घटनाक्रम भएकाले पच्चिस दिनभन्दा अघिको

प्रसङ्गलाई बुझ्न कठिन भएको छ । यसले उपन्यासमा कौतूहलता सृजना गरेको छ । उपन्यासको बिच-बिचमा आएका पात्र-पात्रबिचको प्रसङ्गहरू नखुलेको हुनाले कथानकभित्रका घटनाहरू अपुरो भएको महसुस गर्न सकिन्छ । अपुरो कथानकले पनि कौतूहलता सृजना गर्न सकेको छ । थोरै पात्रको प्रयोग गरेर घटनाहरूलाई बुनेर उपन्यासको कथानक बनेको छ । उपन्यासको कथानक अपुरो भएको आभाषले उपन्यासको अर्को भागको आवश्यकता महसुस गरेको छ ।

यसरी उपन्यासले पच्चिस दिनभित्रको घटनालाई दिन-प्रतिदिनको घटनाजस्तो देखाएको छ । दैनिकीजस्तो लाग्ने उपन्यासको कथानकबुनाइले नयाँ आयामलाई आत्मसात् गरेको छ । यसले उपन्यासलेखन परम्परामा योगदान पुऱ्याएको छ ।

४.२.२ भाषाशैलीका आधारमा

भाषा सम्पूर्ण साहित्यविधाको अभिव्यक्तिको माध्यम हो तापनि उपन्यासमा भाषाको जति प्रयोग हुन्छ त्यति अन्य विधामा हुँदैन । भाषाशैलीका दृष्टिले *लभ एट् पच्चीस* उपन्यास उल्लेखनीय रहेको छ । यस उपन्यासमा पात्रानुकूल स्तरीय भाषाको प्रयोग भएको छ । यति हुँदाहुँदै पनि वाक्यमा विभिन्न प्रकारका चिह्नहरूको प्रयोगले भाषिक विविधता देखिएको छ । यस उपन्यासमा विभिन्न भाषाबाट ल्याएर आगन्तुक शब्दहरूको अत्यधिक प्रयोग गरिएको छ । अङ्ग्रेजी, हिन्दी, संस्कृत र नेपाली भाषाहरूका भनाइ, उखान-टुक्का प्रयोगका साथै अङ्ग्रेजी भाषाको अत्यधिक प्रयोगले उपन्यासमा रोचकता थपेको छ । अङ्ग्रेजी भाषाको शब्द, देवनागरी लिपिका साथै ल्याटिन लिपिको प्रयोगले नवीनता देखिएको छ । प्रस्तुत उपन्यासमा गद्य र पद्यको सम्मिश्रणले नवीन भाषाशैलीलाई आत्मसात् गरेको छ । आत्मकथात्मक शैलीको प्रधानता रहेको छ । उपन्यासमा नेपाली गीत, कविताका साथै हिन्दी गजल र गीतहरूको प्रयोग भएको छ । अङ्ग्रेजी भाषाको अधिक प्रयोगले पाठकका लागि स्वतःस्फूर्त सहज सम्प्रेषणमा बाधा सृजना हुनसक्ने भए पनि यस्तो प्रयोग उपन्यासले बोकेको कथानक र घटना सुहाउँदो देखिएको छ ।

यसरी *लभ एट् पच्चीस* उपन्यासमा नवीन भाषाशैलीको प्रयोग भएको छ । उपन्यासमा यस्ता प्रयोग धेरै ठाउँमा भएका छन् । संवाद पनि बडो रोचक ढङ्गले प्रस्तुत गरिएको छ । यस उपन्यासमा अन्य तत्त्वहरू पनि यथोचित प्रयोग भएका छन् । कथानक र भाषाशैलीले जति नवीनतम प्रयोगलाई बोकेको छ अन्य तत्त्वहरूले बोकेको देखिँदैन । यस उपन्यासले

कथानक र भाषाशैलीमा नवीन प्रयोगलाई आत्मसात् गरेर उपन्यासलेखन परम्परामा योगदान पुऱ्याएको छ ।

## ४.३ स्वच्छन्दतावादी धारा लेखनमा योगदान र मूल्याङ्कन

आदर्शोन्मुख यथार्थवादी धाराबाट आधुनिकरूप प्राप्त गरेको नेपाली उपन्यासको आधुनिककालको दोस्रो चरणले स्वच्छन्दतावादी धारालाई आत्मसात् गरेको छ । कोरा नीति-नियम र आदर्शका पर्खालहरू ढाल्दै फ्रान्स र बेलायतमा उन्नाइसौँ शताब्दीमा चलेको आन्दोलन जो नवपरिष्कारवादी लेखनका विरुद्धमा जन्मिएको अनि भावुकता र संवेगलाई प्रधानता दिने र स्वतन्त्रताको बाटो अन्वेषण गर्दै पलायनमा आनन्दित हुने धारा स्वच्छन्दतावादी धारा मानिएको छ । नेपाली उपन्यासका क्षेत्रमा स्वच्छन्दतावाद अङ्ग्रेजी, बङ्गाली र हिन्दी साहित्यका प्रभावबाट प्रवेश गरेको हो । वैयक्तिक अनुभलाई प्राथमिकता दिएर लेखिएको रूपनारायण सिंहको *भ्रमर* (१९९३) प्रथम स्वच्छन्दतावादी धारामा लेखिएको प्रथम नेपाली उपन्यास रहेको छ (बराल र एटम, २०५८ : पृ १०३) भन्दै स्वच्छन्दतावादी धाराको बारेमा आफ्नो धारणा प्रस्तुत गरेका छन् ।

*भ्रमर* (१९९३) बाट सुरु भएको यस धाराका अन्य उपन्यासहरूमा रूपनारायण सिंहको *बिजुली* (अपूर्ण २००६), मोहनबहादुर मल्लको *उजेली छायाँ* (२००८), अच्छा राई 'रसिक' को *लगन* (२०१२), लीलाध्वज थापाको *मन* (२०१४), वानिरा गिरीको *कारागार* (२०३४) आदि (अधिकारी, २०२५ : पृ. १५२) स्वच्छन्दतावादी धाराका उपन्यास हुन् भनेका छन् ।

यस धाराका उपन्यासहरू वैयक्तिक अनुभवलाई प्राथमिकता दिनु सहज र स्वच्छन्दताका साथ कथाको भावपूर्ण वर्णन, सौन्दर्य र वैचित्र्यको समायोजन र नयाँ पनको सृजना, राष्ट्रियता र मानवताको स्थापना परिवर्तन र क्रान्तिमा जोड, समाजका नियमलाई भत्काउनु, सौन्दर्यको पारखी, वर्णन-विश्लेषण, भाषामा सहज आलङ्कारिताको प्रयोग, स्वतःस्फूर्त प्रेम र हार्दिक संवेगलाई प्राथमिकता, चरित्रलाई भावुक र अन्तर्मुखीका साथ पलायनवादी बनाउनु, भ्रमणमा रुचि, प्रकृतिसँग बढी भ्याम्मिने, काल्पनिकतामा जोड आदि प्रवृत्तिमा लेखिएका छन् ।

स्वच्छन्दतावादीको एउटा विशेषता वैयक्तिकता हो र यस वैयक्तिकताको प्रयोग प्रस्तुत उपन्यासमा सर्वत्र म पात्रको अनुभव विचारलाई देखाउनुमा रहेको छ । उपन्यासमा सम्पूर्ण कथा म पात्रको विचारको सेरोफेरोमा घुमेको छ । वैयक्तिक विचारलाई प्राथमिकता दिइएको

छ । म पात्र र उनी पात्रबिचको सम्बन्ध “न त कुनै सामान्य साथीभाइजस्तो, न त प्रेमी-प्रेमिकाजस्तो अचम्मको थियो हाम्रो सम्बन्ध” (पृ. ६१) । उपन्यासमा उनीहरूबिच आकस्मिक संयोग भएको छ र यो संयोग पनि रोमाञ्चले भरिपूर्ण छन् । म पात्र र उनी पात्रको भेटघाट हुँदा विभिन्न स्थानको भ्रमणको बारेमा “बालसखाभैँ घुमघाम गर्थ्यौँ (पृ. ६१)” भनिएको यस उद्धरणले पनि स्वच्छन्दतावादकै प्रवृत्तिको संयोजन भएको छ । म पात्र र तिनी पात्रबिचको सम्बन्धका कारणले विक्षिप्त, जीवनप्रतिको निराशावादी सोच र पश्चात्तापले परिपूर्ण “अचेल त्रस्त छु, भयभीत छु” (पृ. ९) । म पात्रको उनी पात्र सँगको भेटले सकारात्मक सोचको उदय हुनु पनि यस वादकै कारक देखिएको छ ।

प्रस्तुत उपन्यासका पात्र यथार्थवादी होइनन् । काल्पनिक तवरले लेखकले कोरेको चित्र उपन्यासमा प्रस्तुत भएको छ । यस उपन्यासमा आदि, मध्य र अन्त्य भागको शृङ्खलामा कथा सहज र स्वच्छन्दताका साथ भावपूर्ण वर्णनमा म पात्र र उनी पात्रबिच घटेको घटनाले सौन्दर्यवैचित्र्यको समायोजन गरेको छ । *लभ एट् पच्चीस* उपन्यासका पात्र जीवनका प्रतिनिधि हुन् तर तिनले वर्गीय प्रतिनिधित्व गर्दैनन् । सबैमा आ-आफ्ना विलक्षणता छन् । म पात्र र उनी पात्रका बिचमा पच्चिस दिनभित्रमा भएको प्रणय वासनात्मकभन्दा माथि मानवीय, आत्मीय, सहृदयीय प्रेमका रूपमा देखाइएको छ । म पात्रलाई भावुक देखाउनु “यस्तै यस्तै आश्वासन दिँदै बिदा गर्दै थिएँ म उनलाई, लाचार बनेर आँशुको धाराले (पृ. २११)” र म पात्रको जीवन रहस्यमय देखाउनुजस्ता कुराहरूले कौतूहलता सृजना गरेको छ । म पात्र र उनी पात्रलाई विभिन्न स्थानहरूमा जान मनलाग्नु, प्रकृतिमा हराउन मनलाग्नुजस्ता कुराहरूले पनि स्वच्छन्दतावादलाई आत्मसात् गरेको छ । प्रस्तुत उपन्यासको भाषामा प्राकृतिक प्रवाह छ । सायस प्रयासजस्तो छैन र काव्यात्मकता, माधुर्यता र भावुकता छ । यसमा स्वच्छन्दतावालाई आत्मसात् गर्दै आन्तरिक व्यक्तित्वको आत्मपरक अभिव्यक्तिको मूर्तरूप प्रकट भएको छ । भाषा उपन्यासको पात्र र परिवेश समाजअनुरूप सहज देखिएको छ । यसको व्यापक चर्चा ३.३.५ मा गरिएको छ । प्रकृतिको चित्रण र प्रेमलाई मानवीयताको सहायक तत्त्वका रूपमा देखाइएको छ । बुद्धिवादिताको प्रयोगभन्दा हार्दिकता छ । प्रमुख घटनाहरू कल्पनामा आधारित छन् ।

यसरी रूपनारायण सिंहको *भ्रमर* (१९९३) उपन्यासबाट सुरु भएको स्वच्छन्दतावादी धारालाई प्रस्तुत उपन्यासले ग्रहण गरेको छ । भाव, भाषा तथा अन्य प्रवृत्तिहरूलाई प्रयोग गरेर स्वच्छन्दतावादी धारामा उपन्यासलेखन परम्परामा उपन्यासकारले उपन्यास रचना

गरेर एउटा इँटा थप्ने काम गरेका छन् । जे होस्, समग्रमा स्वच्छन्दतावादी धारालाई आत्मसात् गर्नु यस उपन्यासको मूल योगदान रहेको छ ।

## ४.४ मनोविश्लेषणका आधारमा योगदान र मूल्याङ्कन

बाह्य जगत्भन्दा अन्तर्जगत्को चित्रण गर्ने उपन्यासहरूलाई मनोविश्लेषणवादी उपन्यासका रूपमा लिइएको छ । यी उपन्यासहरूमा बाह्य घटना वा क्रियालाई भन्दा आन्तरिक विश्लेषणमा जोड दिइएको पाइन्छ । फ्रायडको मनोविश्लेषणवादी सिद्धान्तका आधारमा मानिसभित्र रहेको भावना आदिलाई सूक्ष्म अध्ययन गर्दै उपन्यास लेखिन थालेपछि मनोविश्लेषणवादी धाराको सुरुवात भएको पाइन्छ । कामवृत्ति (स्वरति वा आत्मरति र पररतिवृत्ति), मूलप्रवृत्ति (जीवनोन्मुख र मरणोन्मुख प्रवृत्ति), मान्छेको अन्तर्मन (चेतन, अचेतन र अर्धचेतन), उच्चता र हीनता ग्रन्थि समस्या, व्यक्तित्वको संरचना, स्वपीडन, परपीडन, ध्वंसात्मक, निश्चितता, बाल-मनोविश्लेषण, यौन-मनोविशलेषण आदि विभिन्न सिद्धान्त र विचारहरूका आधारमा मनुष्यको अन्तर्जगत्मा रहेका अवस्थाले मनुष्यलाई कसरी सञ्चालन गरेको छ भनेर हेरिनुलाई मनोविश्लेषण भनिएको छ । उपन्यासको क्षेत्रमा पनि मनोविश्लेषणको अत्यन्त महत्त्वपूर्ण प्रभाव (बराल र एटम, २०५८ : पृ. १३८) रहेको छ ।

यसरी मनोविश्लेषणका आधारमा मनुष्यको अन्तर्जगत्लाई केलाएर लेखिएका उपन्यास विशेषतः चरित्रप्रधान रहेका हुन्छन् । मनोविश्लेषणको प्रयोग पूर्ववर्ती उपन्यासहरूपमा छिटफुट रूपमा पाइए तापनि यसको सर्वप्रथम विशिष्ट प्रयोग भने गोविन्दबहादुर मल्ल 'गोठाले' को *पल्लो घरको झ्याल* (२०१६) बाट भएको मानिन्छ । यस धारामा देखिएका अन्य उपन्यासहरूमा दौलतविक्रम विष्टको *मञ्जरी* (२०१६), विजय मल्लको *अनुराधा* (२०१८) आदि रहेका छन् (सुवेदी, २०६४ : पृ. २०५) । चेतन, अर्धचेतन, अचेतन, उच्चता र हीनताग्रन्थिबिचको द्वन्द्व देखाउनु, मनोदशाको चित्रण गर्नु मनोवृत्तिको चित्रण गर्नु, समाज मनोविज्ञानको विश्लेषण, आदिमतापरक मनोवृत्तिको विश्लेषण, आन्तर्मुखी र बहिर्मुखी प्रवृत्तिको चित्रण, चरित्रको विश्लेषणमा बढी जोड, वैयक्तिक शैलीको विकास, बिम्ब र प्रतीकको प्रयोग, मनोवृत्ति एवम् सपनावृत्ति, मनोयौनप्रतिको विवेचना आदि यस धाराका प्रमुख प्रवृत्तिहरू रहेका छन् ।

प्रस्तुत उपन्यासमा मनोविश्लेषणीय सिद्धान्त तथा प्रवृत्तिहरूको प्रयोग भएको छ । म पात्र र तिनी पात्रबिच विगतमा भएको सम्बन्ध, सम्बन्धपश्चात् त्यसको प्रभावका कारण चेतन मन

र अर्धचेतन मनबिच द्वन्द्व सृजना भएको छ । द्वन्द्वका बारेमा ३.३.७ मा चर्चा गरिएको छ । म पात्र प्रभावरूपी द्वन्द्वका कारण स्वपीडनतर्फ उन्मुख भएको देखिन्छ । तिनी पात्रको सम्बन्धपश्चात् म पात्रको जीवनमा हीनता ग्रन्थिका कारण निराशावादी सोचले जरो गाढेर बसेको छ । "घरमा बसिरहँदा झन् उद्वेलित हुन्छ मन । समुद्रमा सुनामी आएझैँ गरी व्यग्रताका लहरहरू उठ्न थाल्छन्" (पृ. १०) । "यस्तो परिस्थितिबाट केही परिवर्तन चाहन्छु" (पृ. ९) जस्ता कथनले म पात्र परिवर्तनको चाहना राख्दछ भन्ने प्रष्ट हुन्छ । तिनी पात्रसँगको सम्झना, तिनको बोली, तिनलाई देख्दा झल्को लाग्दा यस्ता कुराहरूले म पात्रको मानसिक परिस्थिति विक्षिप्त हुन थाल्दछ । "तिनको कुरा सुनिरहेको म आफ्नो शरीरको भार नै थेग्न नसकी बल्डङ्ग लड्न पुगेँ" (पृ. १६९) । म पात्रको मन बेलाबेलामा विचलित भएका कारणले सपना देखेको छ । "मैले आफ्ना बन्द आँखा खोलेँ, म त आफ्नै ओछ्यानमा पो रहेछु !" उनीसँग कुरा नहुँदा वार्तालाप नहुँदा म पात्रमा निराशावादी सोच र मन विचलित हुन पुग्दछ । म पात्र अन्तर्मुखी चरित्रको छ । आफ्नो मनका कुराहरू प्रष्टसँग भन्न डराउँछ । यस्तो डर उत्पन्न हुनुमा उसको पूर्वजीवनको पृष्ठभूमिले काम गरेको छ ।

यसरी प्रस्तुत उपन्यासमा निराशावादी विक्षिप्त परिस्थितिमा रहेको म पात्रको जब उनी पात्रसँग भेट भएको छ त्यसपछि उनी पात्रसँगको सम्बन्ध अघि बढ्दै जाँदा सकारात्मक विचार आशावादी दृष्टिकोणजस्ता कुराहरूको विकास हुँदै गएको छ । यस उपन्यासमा पूर्णतया मनोविश्लेषणवादी धाराको सिद्धान्त तथा प्रवृत्तिहरू प्रयोग नभए तापनि उपन्यासमा म पात्रको मानसिक परिस्थिति जीवनवादी दृष्टिकोण तिनी पात्रद्वारा प्राप्त विक्षिप्तताजस्ता मनोविश्लेषणीय प्रसङ्ग र सन्दर्भले यस उपन्यासको मनोवैज्ञानिक उपन्यासलेखनमार्गमा अग्रसर हुने कार्य गरेको छ । यो यस उपन्यासको योगदान रहेको छ ।

## ४.५ सामाजिक विसङ्गति तथा विकृतिको चिरफार

आधुनिक साहित्यका नाटक, कथा, उपन्यास, निबन्ध तथा कविताहरूमा विकृति-विसङ्गतिबाट उत्पन्न प्रभावको र प्रयोग प्रशस्त मात्रामा भेट्न सकिन्छ । सामाजिक विकृति र विसङ्गतिको बारेमा राजन श्रेष्ठले "विसङ्गतिले प्रचलित परम्परागत मान्यता, सिद्धान्त र कुनै पनि नियमको भग्नावस्थालाई सङ्केत गर्दछ" (श्रेष्ठ, २०६६ : पृ. ४०) भनेका छन् । यस कथनबाट बुझ्न सकिन्छ कि मानवजाति समाजमा बस्ने प्राणी हो समाजका आ-आफ्नै नीति, नियम, परम्परा, सिद्धान्तहरू रहेका हुन्छन् । मनुष्य जाति समाजमा रहँदै गर्दा

समाजका रूढि, विकृति र विसमताजन्य परम्परा, विसमताजन्य सिद्धान्तहरूलाई परिवर्तन गर्न चाहन्छ । समाजमा नयाँ मूल्य-मान्यता, नयाँ आदर्शको स्थापनासँगै समाजमा युगीन परिवर्तनको चहना राख्दै गर्दा समाजका अन्य राम्रा पक्षहरूमा अनेकौँ प्रभावका कारणहरूले विकृतिहरू सृजना हुँदै गइरहेको हुन्छ । समाजमा रहेका मानिसहरू सभ्यतामा अघि बढ्दै गर्दा युगअनुसारको वैयक्तिक स्वतन्त्रताको सम्मानपूर्ण व्यवहारको चाहना राख्दछ तर वैयक्तिक स्वतन्त्रताका नाममा समाजमा अनेकौँ प्रभावस्वरूप विकृति भित्रिएका हुन्छन् । यस्ता प्रभावका कारण समाजमा देखिएका विकृति तथा विसङ्गतिहरूलाई साहित्यिक लेखनमार्फत लेखकले समाजलाई ऐना देखाएको हुन्छ ।

यही मान्यतामा रहेर प्रस्तुत उपन्यास हेर्ने हो भने वर्तमानमा आधुनिकतातर्फ उन्मुख समाजको चित्रणका साथै त्यस समाजभित्रका विकृतिहरू र विसङ्गतिहरूलाई आँखीभ्यालबाट चिहाउने प्रयास गरिएको छ । काठमाडौँ तथा त्यसका वरिपरिको परिवेशमा संरचित प्रस्तुत उपन्यासले आधुनिकतातर्फ उन्मुख समाजको चित्रण गरेको छ । म पात्र र उनी पात्रको भेट भएपछि ती पात्रले गरेका कुराहरू कफी पिउने, विभिन्न स्थानमा भ्रमण गर्ने, अङ्ग्रेजी फिल्म हेर्न जाने, हलमा भिड भएका कुराहरू, डिनर गर्न जाने, कफीका विभिन्न नामहरू, विवाहबिना नै एकै स्थानमा बस्ने कुरा गर्नुजस्ता कुराहरूले समाजको आधुनिकतातर्फको उन्मुखतालाई चित्रण गरेको छ । त्यस्तै समाज आधुनिकतातर्फ उन्मुख भइरहँदा आधुनिकता तथा वैयक्तिक स्वतन्त्रताका नाममा अनेकौँ प्रभावस्वरूप समाजमा भित्रिएका विकृतिहरूको चित्रण भएको पाइन्छ । उपन्यासमा काठमाडौँमा शिवरात्रिको प्रसङ्गमा "शम्भोको नारा लगाउँदै नशामा लट्ठिएका स्कुले र क्याम्पसे युवाको हुल" (पृ. ९) आएको यस कथनले युवाहरू कसरी नसा र कुलतमा फस्दै छन् भन्ने कुरालाई उजागर गरिएको छ । यस उपन्यासमा होलीपर्वको प्रसङ्गको कुरा पनि छ । समाजमा जुन मान्यतालाई ग्रहण गर्दै होली पर्व मनाइन्थ्यो त्योभन्दा भिन्न पाश्चात्य प्रभावका कारण युवाजमात होलीमा डिजे तथा वियरको नसामा लट्ठिएर हिँडेको सामाजिक विकृतिलाई देखाइएको छ । यस्तै प्रकारले उपन्यासमा कार्यालय समयमा हुने विकृतिलाई देखाउन खोजिएको छ । समाज जति नै आधुनिकतातर्फ उन्मुख भए तापनि म पात्र र उनी पात्रको विवाहको कुरामा म पात्रले "हाम्रो जात आदि केही मिल्दैन, विवाह हुँदैन" (पृ. १२८) भन्ने आशङ्का व्यक्त गर्नुले परम्परागत रूढि विचार समाजमा व्याप्त रहेको देखाइएको छ । देशमा रहेको बेरोजगारीलाई पनि प्रस्तुत उपन्यासले उनी पात्र विदेश गएको प्रसङ्गबाट

देखाइएको छ । म पात्र र उनी पात्रबिचको कुराकानीमा पैसा कमाउन विदेश जानुपर्ने, भविष्य बनाउन विदेश जानुपर्ने र उनी पात्रले म पात्रलाई "हजुर पनि जानुस् यसरी कसरी चल्छ ?" (पृ. ८२) भनेको जस्ता प्रसङ्गले देशका युवाहरू रोजगारीका लागि विदेसिनुपर्ने विडम्बनायुक्त परिस्थितिको चित्रण गरेको छ ।

यसरी प्रस्तुत उपन्यासले आधुनिकतातर्फ उन्मुख समाजको चित्रण गर्दै समाजका विकृति तथा विसङ्गतिलाई विभिन्न प्रसङ्गमार्फत कोट्याउने कार्य गरेको छ । समाजमा आधुनिकता आउनु त ठीक हो तर त्यसबाट भित्रिएको विकृतिलाई बुझ्न सक्नुपर्दछ भन्दै देशको बेरोजगारीको बिडम्बनायुक्त परिस्थितिलाई देखाएर 'हामीले चाहेको समाज कस्तो?' भन्ने प्रश्न खडा गरको छ त्यो नै यस उपन्यासको योगदान रहेको छ ।

## ४.६ शीर्षक सार्थकता

*लभ एट् पच्चीस* अनल गौतमको पहिलो उपन्यास हो । यस उपन्यासमा पुरानो प्रेमिल कथालाई नौलो प्रकारले प्रस्तुत गरिएको छ । यसको शीर्षकचयन पनि नौलो प्रकारको रहको छ । यस उपन्यासको मूल विषयवस्तु स्वदेशमा सङ्घर्षशील युवा र भर्खरै विदेशबाट फर्किएकी युवतीबिच पच्चिस दिनमा झ्याङ्गिएको प्रेमलाई देखाउनुमा केन्द्रित रहेको छ । यस उपन्यासको शीर्षक पनि यसै विषयवस्तुका आधारमा रहेको देखिन्छ । 'लभ' भन्नाले 'माया', 'एट्' भन्नाले 'मा' र 'पच्चीस' शब्दले 'दिन' लाई सङ्केत गरेको छ । । यसका आधारमा *लभ एट् पच्चीस*' शब्दको 'पच्चिस दिनमा बसेको माया' भन्ने सङ्केतात्मक अर्थ रहेको छ । यस उपन्यास दुई युवा र युवती वा जोडी पात्रहरूको कथा हो । यसमा म पात्र र उनी पात्रबिच समानता नभए तापनि प्रेमसम्बन्ध स्थापित भएको छ । उनीहरू सामाजिक मान्यताअनुरूप विवाह गर्न चाहन्छन् तर सामाजिक असमानताका कारण विवाह हुन नसक्ने हो कि भन्ने कुराले नायक-नायिकालाई पीडा दिएको छ । विवाह नगरी सँगै बस्ने कि भन्ने कुरासम्म पुग्नुले ती दुईबिचको प्रगाढ प्रेमलाई दर्शाएको छ । पच्चिस दिनमा पनि प्रगाढ प्रेमसम्बन्ध हुन सक्छ भन्ने मूलभाव यस उपन्यासमा रहेको छ ।

अर्कातिर यस उपन्यासको विषयवस्तु प्रस्तुत गर्ने ढाँचा नेपाली साहित्यका क्षेत्रमा नयाँ प्रयोग हो । त्यसकारण शीर्षकमा नवीनता हुनु यस उपन्यासको महत्त्वपूर्ण पाटो पनि हो । भाषिक दृष्टिकोणले पनि यस उपन्यासमा पात्रानुकूल भाषाको प्रयोग भएको छ । उपन्यासमा पात्रहरूका हरेक संवादमा भाषाको सङ्क्षिप्त रूप राखिएको छ । संवादात्मक भाषाको

प्रयोगले उत्कृष्टता प्रदान गरेको छ । यसरी पच्चिस दिनमा भ्याङ्गिएको मायाको सम्बन्धलाई देखाउनु र प्रेमले मनुष्यको मानसिक सकारात्मक सोचलाई कसरी अग्रसरता दिन्छ भन्ने कुरा देखाउन खोजिएको हुनाले प्रस्तुत उपन्यासको शीर्षक सार्थक रहेको छ ।

## ४.७ निष्कर्ष

*लभ एट् पच्चीस* उपन्यास पच्चिस दिनभित्र बसेको सम्बन्धको कथा हो । पुरुष र नारीबिच असमानताहरू भए तापनि छिट्टै समयमा कस्तो परिस्थितिले प्रेम भ्याङ्गिन सक्छ भन्ने कथा यसमा रहेको छ । यो जीवनपद्दतिलाई रैखिक ढाँचामा प्रस्तुत गरिएको उपन्यास हो । यस उपन्यासले मानिसको अन्तर्मन र बाह्य वातावरणको तादात्म्यलाई प्रस्तुत गरेको छ । स्वच्छन्दतावादी धारासँगै मनोविश्लेषणको राम्रो प्रयोग यसमा भएको छ । आधुनिक समाजको चित्रणसँगै आधुनिक समाजमा शारीरिक सम्बन्धमा खुम्चिँदै गएको अवस्थामा प्रेमको भावनात्मक र आदर्शात्मक रूप प्रस्तुत गर्नु यस उपन्यासको मूलमर्म रहेको छ । लेखकले दैनिकीका रूपमा उपन्यासलाई नयाँ ढाँचा दिनुले उपन्यासजगत्मा एउटा नयाँ प्रयोग देखिएको छ । यसका साथै उपन्यासकारले आफ्नो कृतिमा अहिलेको युवा समाजले अँगाल्दै आएका पश्चिमा शैलीको अनुशरण र विवाहबिना नै सँगसँगै बस्ने परिपाटी (लिभिङ टुगेदर), स्वच्छन्द प्रेम र प्रणयमा विश्वास गर्ने, यौन र शारीरिक सम्बन्धमा खुलापनको वकालत गरेकाले उनी नेपाली स्वच्छन्दतावादी उपन्यासलेखनमा प्रतिबद्ध आख्यानकार बन्न सफल भएका छन् ।

पाँचौं परिच्छेद

# सारांश तथा निष्कर्ष

## ५.१ विषयपरिचय

साहित्यका अनेक विधाहरूमध्ये एउटा विधा उपन्यास पनि हो । आधुनिक साहित्यमा उपन्यासले महत्त्वपूर्ण स्थानमा रहँदै सर्वाधिक लोकप्रियता प्राप्त गरेको छ । यसको मुख्य कारण उपन्यासको रोचकता, बृहत् जीवनको परिचय र सत्याभास हो । यसले गर्दा उपन्यासको सर्वतोमुखी औचित्य र सर्वाङ्गिण चित्र अङ्कित गर्ने भावाभिव्यक्तिको बाटामा यो अपेक्षाकृत सशक्त र सक्षम भएको छ । यसको स्वरूपबारे मतभेद देखिए तापनि साहित्यको प्रतिपाद्य विषय अन्ततः जीवन अथवा समाज नै हो । समाजका अन्तर्विरोध, व्यक्तिमनका अन्तर्द्वन्द्व, समस्याहरूमा जेलिएको यथार्थ जीवनका अल्झाइहरू तथा अविच्छिन्न गतिले अनेकौं फट्को हालेर बढिरहेका मनुष्य र उसका प्रयत्नहरूको प्रतिबिम्बमा उपन्यासको कल्पनालोक निर्मित हुन्छ । उपन्यास जीवन र जगत्प्रति नै एक विहङ्गम दृष्टि हो, जो उद्घाटनमात्र नभएर एक सम्पूर्ण जीवन मनुष्यको संसार हो । यसको महत्त्व जीवनको दर्शन र मानसिक प्रक्रियाहरूको अध्ययनमा निहित छ त्यसैले यथार्थमा चित्राङ्कन गर्ने कलाको एक विशिष्ट रूप उपस्थित गरेर उपन्यासकारले उपन्यासमा नयाँ दृष्टिकोण प्रस्तुत गरेको हुन्छ । त्यसकारण उपन्यासविधा सबैभन्दा पछि विकसित भएर पनि सबैभन्दा लोकप्रिय बन्न पुगेको छ ।

नेपाली साहित्यमा उपन्यासको आगमनको पूर्णतः उपलब्धि भने वि.सं. १९९१ मा रुद्रराज पाण्डेको *रूपमती* उपन्यासबाट भएको हो । प्रारम्भमा आदर्शोन्मुख, सामाजिक यथार्थवादी औपन्यासिक प्रवृत्तिबाट भित्रिएर स्वच्छन्दतावाद, सामाजिक यथार्थवाद, ऐतिहासिक यथार्थवाद, मनोविश्लेषणवाद, अतियथार्थवादजस्ता धारागत प्रवृत्तिहरू पनि नेपाली उपन्यासका क्षेत्रमा चिनिए । यी विभिन्न औपन्यासिक प्रवृत्तिहरूमध्ये उपन्यासकार अनल गौतम मुख्यतः स्वच्छन्दतावादी धारा र स्वल्प रूपमा मनोविश्लेषणवादी पनि देखिएका छन् ।

## ५.२ सारांश

प्रस्तुत शोधपत्रलाई मूलतः प्रारम्भिक खण्ड, मूलपाठ र अन्त्य भाग गरी तीन भागमा वर्गीकरण गरिएको छ । यी भागहरूलाई पाँच परिच्छेदमा संरचित गरिएको छ । प्रारम्भिक

भागअन्तर्गत मुखपृष्ठ, प्रतिबद्धतापत्र, स्वीकृतिपत्र, शोधनिर्देशकको सिफारिसपत्र, कृतज्ञताज्ञापन, विषयसूची, सङ्क्षेपीकरणसूची र चिह्नसूची रहेका छन् । मूलपाठअन्तर्गत एकदेखि पाँच परिच्छेदसम्म र त्यसभित्र विभिन्न उपशीर्षकहरू समावेश गरिएका छन् र अन्त्यमा सन्दर्भ ग्रन्थसूची प्रस्तुत गरिएको छ । यस परिच्छेदमा अध्ययनका परिच्छेदगत निष्कर्षलाई प्रस्तुत गर्दै समग्र निष्कर्षलाई निम्नानुसार प्रस्तुत गरिएको छ :

### ५.२.१ पहिलो परिच्छेदको निष्कर्ष

स्नातकोत्तर तहको दोस्रो वर्षको शोधप्रयोजनार्थ लेखिएको '*लभ एट् पच्चीस* उपन्यासको कृतिपरक अध्ययन' शीर्षकको शोधपत्रको पहिलो परिच्छेद शोधपरिचयमूलक रहेको छ । यसमा शोधपरिचय, शोधसमस्या, शोधको उद्देश्य, पूर्वकार्यको समीक्षा, शोधको औचित्य, शोधको सीमा, शोधविधि, सामग्री सङ्कलनविधि, विश्लेषणविधि र शोधपत्रको रूपरेखाजस्ता विभिन्न शीर्षक तथा उपशीर्षकहरूमा विभाजन गरिएको छ ।

### ५.२.२ दोस्रो परिच्छेदको निष्कर्ष

शोधपत्रको दोस्रो परिच्छेदमा विषयपरिचय, उपन्यासको व्युत्पत्ति र अर्थ, परिभाषा, उपन्यासका तत्त्वहरू (कथानक, चरित्र, परिवेश, भाषाशैली, द्वन्द्व, उद्देश्य, कथोपकथन र दृष्टिविन्दु) र नेपाली उपन्यासको विकासक्रम र आधुनिक नेपाली उपन्यासमा *लभ एट पच्चीस*जस्ता शीर्षकहरूको चर्चा गरिएको छ । यसमा उपन्यास शब्दको उत्पत्ति संस्कृत साहित्यबाट भएको र शाब्दिक अर्थ नजिक राख्नु वा स्थापना गर्नु भन्ने तथ्यलाई अघि सारिएको छ । उपन्यास शब्दको अर्थ संस्कृतशास्त्रमा भेटिए पनि उपन्यासको स्वरूप मूलतः पाश्चात्य साहित्यको गद्यविधागत रचना हो भन्ने निष्कर्ष निकालिएको छ । उपन्यास सृजनाको प्रारम्भदेखि नै यसका बारेमा भिन्न-भिन्न विद्वान्हरूका भिन्न-भिन्न मत रहेका छन् । ती मतहरूका परिभाषाको अध्ययनपश्चात् उपन्यास भनेको मानवजीवनका सङ्गत तथा असङ्गत पक्षहरूको यथार्थ ढङ्गले चरित्र तथा घटनाहरूका माध्यमबाट कलात्मक र रोचकपूर्ण रूपमा प्रस्तुत गर्ने विशाल तर आफैमा पूर्ण रचना नै उपन्यास हो भन्ने निष्कर्ष निकालिएको छ । यसका साथै एउटा उपन्यास तयार हुन विभिन्न औपन्यासिक उपकरण ( तत्त्व) हरूको आवश्यकता पर्दछ । यसअन्तर्गत घटनाहरूको शृङ्खलित योजना (कथानक), कथानकभित्र चलखेल गर्ने मानवीय तथा मानवेतर तत्त्व (चरित्र), घटनाघटित स्थान, समय र अवस्था (परिवेश), अभिव्यक्तिलाई सौन्दर्यमय, अर्थपूर्ण, सरस र प्रभावोत्पादक बनाउने

माध्यम (भाषा), लेखकको लेखाइको विशिष्ट प्रस्तुति (शैली), कथानक वा घटनालाई रोचक र कौतूहलपूर्ण बनाउन पात्र-पात्रबिच वा पात्रहरूका मन र मस्तिष्कबिचको मतभेद (द्वन्द्व), लेखकले पाठकका लागि छोडेको विचार (उद्देश्य), पात्र-पात्रबिच तथा मन र मस्तिष्कबिच हुने वार्तालाप (कथोपकथन), लेखकको उपन्यासमा प्रत्यक्ष र परोक्ष सहभागिता (दृष्टिविन्दु) जस्ता विषयको चर्चा गरिएको छ । यसका साथै उपन्यासले नेपाली उपन्यास सृजनाको प्रारम्भिक विन्दुदेखि हालसम्मको कालक्रमिक रूपमा उपन्यास अग्रसर हुँदैगर्दा अनेकौँ प्रवृत्तिहरूलाई आत्मसात् गरेको छ । त्यही उपन्यासको परम्परामा प्रस्तुत *लभ एट् पच्चीस* उपन्यासको उपस्थितिको चर्चा प्रस्तुत गरिएको छ ।

### ५.२.३ तेस्रो परिच्छेदको निष्कर्ष

प्रस्तुत शोधपत्रको तेस्रो परिच्छेदमा उपन्यासको संरचनागत आधारका साथै औपन्यासिक तत्त्वहरूको विश्लेषण तथा परिचय र त्यसैका आधारमा *लभ एट पच्चीस* उपन्यासको विधातात्त्विक विश्लेषण गरिएको छ । विधातात्त्विक आधारमा उपन्यासको कथानक चरित्र, परिवेश, भाषाशैली, द्वन्द्व, उद्देश्य, कथोपकथन र दृष्टिविन्दुको चर्चा गरिएको छ । यस क्रममा उपन्यासमा लेखिएका विभिन्न तात्त्विक विश्लेषणलाई कृतिगत सन्दर्भद्वारा पुष्टि गरिएको छ । यस उपन्यासमा सीमित पात्रहरूका कथाप्रसङ्ग कथानकमा प्रयोग भएको छ । प्रेम-प्रणयको परिवेशभित्र लेखिएको उपन्यासमा स्वच्छन्दतावादी प्रवृत्तिलाई प्रयोग गरिएको छ । यहाँ म पात्र र उनी पात्रबिचको सम्बन्ध र प्रगाढ प्रेम नै मूलकथानक भएर रहेको देखाइएको छ । सीमित पात्रको प्रयोग भएको यस उपन्यासमा म पात्र, उनी पात्र, तिनी पात्र मुख्य पात्रका भूमिकामा रहेका छन् । उपन्यासले काठमाडौँ उपत्यकाको भौगोलिक परिवेशलगायत आधुनिकतातर्फ उन्मुख समाजको परिस्थितिलाई परिवेशका रूपमा ग्रहण गरेको छ । भाषाशैली पनि स्वाभाविक सरल र सहज प्रयोग गरिएको छ । जहाँ अनुकरणात्मक शब्द, उखान-टुक्का, काव्यात्मक भाषा, आत्मपरक भावाभिव्यक्ति, मनोवादीय भाषाको प्रयोगले उपन्यासलाई जीवन्त बनाएको छ । तथापि वर्तमान परिवेशअनुरूप पात्रानुकूल भाषाको प्रयोगमा अङ्ग्रेजी भाषाको अधिक प्रयोग पनि भएको छ । यसका साथै प्रेमपूर्ण शृङ्गारिक भाषाको प्रयोग उचितरूपमा प्रयोग यस उपन्यासमा पाइन्छ । उपन्यासमा संस्कृत, हिन्दी, अङ्ग्रेजी आदि भाषाका आगन्तुक शब्दहरूका साथै तिनै भाषाहरूका भनाइ, उखान-टुक्का, गीत, कविताहरूको प्रयोग गरिएको छ । पात्रहरूबिचको कथोपकथनले उपन्यासलाई उत्कृष्टता प्रदान गरेको छ । प्रथमपुरुष दृष्टिविन्दुको प्रयोग गरी

लेखिएको यस उपन्यासमा आधुनिकतातर्फ उन्मुख आजका समाजको परिवेशमा प्रेम मात्र यौनसन्तुष्टिको चाहना पूरा गर्ने सन्दर्भभन्दा भिन्न स्वदेशमा सङ्घर्षरत युवा र भर्खरै विदेशबाट फर्किएकी युवतीबिच पच्चिस दिनमा भएको प्रगाढ प्रेम, आदर्शवादी प्रेमको कथा देखाएर आज पनि प्रगाढ प्रेम, आदर्शवादी प्रेमको सत्ता छ र त्यस्तो प्रेमले जीवनप्रति सकारात्मक सोचको उदय गराउन सक्दछ भन्ने विषय नै उपन्यासको प्रमुख उद्देश्य रहेको निष्कर्ष व्यक्त गरिएको छ ।

### ५.२.४ चौथो परिच्छेदको निष्कर्ष

यस परिच्छेदमा नेपाली उपन्यास परम्परामा *लभ एट् पच्चीस* उपन्यासको प्राप्ति, योगदान र मूल्याङ्कनको चर्चा गरिएको छ । चर्चा गर्ने क्रममा प्रस्तुत उपन्यासले उपन्यासलेखन परम्परामा प्रयोग गरेको नवीनता तथा नेपाली उपन्यासका क्षेत्रमा दिएको योगदान तथा भित्र्याएको परिवर्तन भन्ने कुराको विश्लेषण तथा मूल्याङ्कन गरिएको छ । प्रस्तुत उपन्यासले कथानक र भाषामा देखाएको नवीनताका साथै स्वच्छन्दतावादी धाराका प्रवृत्तिलाई पूर्णरूपमा आत्मसात् तथा स्वल्परूपमा मनोविश्लेषणीय सिद्धान्तको परिपालन गरेको कुराको चर्चा गरिएको छ । प्रस्तुत उपन्यासले आधुनिकतातर्फ उन्मुख समाजको चित्रणका साथै विकृति तथा विसङ्गतिलाई कोट्याएको छ । पच्चिस दिनभित्रको प्रेम र त्यसको प्रभावको कथालाई ग्रहण गरेको हुनाले शीर्षकसार्थकताको चर्चा गरिएको छ । विविध कार्यपद्धतिका माध्यमबाट पात्रका अन्तर्व्यथाको रहस्योद्घाटन गरिएको हुनाले स्वल्परूपमा मनोविश्लेषण तथा आदर्शप्रेम, समाजको चित्रणसँगै समाजका विकृति-विसङ्गतिप्रतिको व्यङ्ग्य, पात्रहरूको स्वच्छन्द प्रेम तथा भ्रमण, वैयक्तिकताको पूर्ण प्रयोग, प्राकृतिक सुन्दरताको वर्णनजस्ता कुराले स्वच्छन्दतावादको प्रयोग यस उपन्यासको मौलिक वैशिष्ट्य तथा योगदान रहेको निष्कर्ष यस परिच्छेदमा प्रस्तुत गरिएको छ ।

## ५.३ समग्र निष्कर्ष

उपन्यासकार अनल गौतम नेपाली उपन्यास परम्परामा रूपनारायण सिंहको वि.सं १९९३ मा संरचित *भ्रमर* उपन्यासले भित्र्याएको स्वच्छन्दतावादी धारागत प्रवृत्तिलाई प्रयोग गर्ने उपन्यासकार हुन् । उनका अन्य विधागत कृतिहरू प्रकाशित भएको भए तापनि उनको *लभ एट् पच्चीस* पहिलो औपन्यासिक कृति हो । यस उपन्यासले गौतमलाई नेपाली उपन्यासका क्षेत्रमा स्थापित गराउन सफल भएको छ । नेपाली उपन्यासका क्षेत्रमा स्वच्छन्दतावादी

धारागत प्रवृत्ति र स्वल्परूपमा मनोविश्लेषणीय सिद्धान्तको मिश्रण गरी नवीन कथावस्तुको प्रयोग भएको उपन्यासका रूपमा यो उपन्यास रहेको छ ।

पच्चिस दिनभित्र घटित घटनाक्रमिक कथालाई उपन्यासमा प्रस्तुत गर्नुले कथानकमा नवीनता देखिएको छ । आधुनिकतातर्फ उन्मुख समाजको चित्रणसँगै विकृति तथा विसङ्गतिलाई कोट्याउनुले उपन्यासले समाजलाई ऐना देखाउन सक्ने भएको छ । काठमाडौँ वरिपरिको परिवेश तथा पात्रानुकूल भाषाशैलीको प्रयोग, काव्यात्मक भाषा, प्रेम प्रणयका क्रममाश्लिल व्यञ्जनात्मक भाषाको प्रयोग, आगन्तुक भाषाका गीत, कविता, भनाइ प्रयोगका साथै मानक नेपाली भाषाका गीत, कविता उखान-टुक्का आदिको प्रयोग हुनु, प्रकृतिको मनोरम सुन्दरतामा हराउनु, आन्तरिक द्वन्द्वलाई देखाउनु, प्रथमपुरुष दृष्टिविन्दुमा संरचित मनोवादीय प्रयोगजस्ता कुराले उपन्यासलाई उत्कृष्टता प्रदान गरेको छ । तिनी पात्रसँगको सम्बन्धपश्चात् विक्षिप्त अवस्थामा रहेको म पात्रको उनी पात्रसँगको भेट तत्पश्चात् प्रेमरूपी बिरुवाको बीजारोपणको कथालाई ग्रहण गरेर आदर्शप्रेमको स्थापना गर्नु पनि यस उपन्यासको वैशिष्ट्य रहेको छ । उपन्यासले तिनी पात्र र म पात्रको सम्बन्धका विषयलाई कोट्याएर उपन्यास मौन रहनुले म पात्रको विगतका साथै पारिवारिक परिवेशमा पनि मौन रहनुले कौतूहलता सृजना गर्न सफल भएको छ । म पात्र र उनी पात्रको सम्बन्धलाई पूर्णता नदिनु र कौतूहलरूपी रहस्योद्घाटन नहुनुले उपन्यास अर्को भाग प्रकाशित हुने कुराको पूर्वानुमान गर्न सकिन्छ । उनी पात्रले छोडेर विदेश गएपछि म पात्र पुनः विक्षिप्त हुनुले म पात्रको मानसिक स्थितिलाई दर्शाएको छ । उपन्यासमा कतिपय घटनाहरू, शब्दहरू र परिवेशहरू दोहोरिनु उपन्यासको कमजोरी पक्ष हो । भाषागत रूपमा अङ्ग्रेजी भाषाको अधिक प्रभाव देखिएको छ । जसका कारणले स्वतः सम्प्रेषणमा बाधा सृजना भएको छ ।

यसरी प्रस्तुत उपन्यासले स्वल्प मनोविश्लेषण र पूर्ण स्वच्छन्दतावादी धारागत प्रवृत्तिलाई प्रयोग गरेर नवीनताका साथ समाजको चित्रणका साथै आदर्शप्रेमको स्थापना गर्नुले उपन्यासलाई जीवन्त बनाएको छ । प्रेमरूपी सम्बन्धबाट मानसिक विक्षिप्तताले जीवनदर्शनबाट निराश रहेको पात्रको कथालाई मूलकथाका रूपमा प्रयोग गरेर कौतूहल सृजना गर्दै सामाजिक विकृति र विसङ्गतिलाई देखाउन यस उपन्यास सफल भएको छ ।

## ५.४ सम्भावित शोधशीर्षकहरू

आगामी दिनहरूमा उपन्यासकार अनल गौतमद्वारा लिखित *लभ एट पच्चीस* उपन्यासलाई आफ्नो प्राथमिक सामग्रीको रूपमा लिई शोध तथा अध्ययन गर्न चाहने शोधार्थी एवम् अध्ययनार्थीका लागि निम्नलिखित शीर्षकहरू उपयोग गर्न सक्ने देखिन्छ :

*लभ एट् पच्चीस* उपन्यासको विधातात्त्विक अध्ययन,

*लभ एट् पच्चीस* उपन्यासको व्याकरणिक त्रुटिसम्बन्धी अध्ययन,

*लभ एट् पच्चीस* उपन्यासमा आञ्चलिकताको प्रयोग,

*लभ एट् पच्चीस* उपन्यासमा स्वच्छन्तावादी धाराको प्रयोग,

*लभ एट् पच्चीस* उपन्यासमा द्वन्द्वात्मकता ।

# सन्दर्भग्रन्थसूची


अधिकारी, शारदा (२०२२५. *आधुनिक नेपाली उपन्यास वाङ्मय समालोचना.* काठमाडौँ : नेपाली वाङ्मय प्रतिष्ठान ।

*अन्नपूर्ण पोष्ट दैनिक* (२०७४, कार्तिक ३०). "अनलको *लभ एट् पच्चीस*". वर्ष १६. अङ्क १९१. पृ. १४ ।

अविरल, कृष्ण (२०७०). "मृत्यु सम्झाउने कृति". *घाटघाटका कथा.* भक्तपुर : शब्दहार क्रियसन ।

*कारोवार दैनिक* (२०७४, मंसिर ३). "अनल गौतमको *लभ एट् पच्चीस* बजारमा". वर्ष ८. अङ्क २८४, पृ. ११ ।

गौतम, अनल (२०७४). *लभ एट् पच्चीस.* काठमाडौँ : जयकाली प्रकाशन प्रा.लि. ।

जोशी, महानन्द (२०६३). *आधुनिक नेपाली उपन्यास धारा र प्रवृत्ति.* काठमाडौँ : गरिमा प्रकाशन ।

*नागरिक दैनिक* (२०७०, फागुन १८). "गजल र कथा एकैचोटि". वर्ष ५. अङ्क ३०५. पृ. १० ।

न्यौपाने, टङ्कप्रसाद (२०४९). *साहित्यको रूपरेखा.* ललितपुर : साझा प्रकाशन ।

पोखरेल, बालकृष्ण तथा अन्य (२०५७). *नेपाली बृहत् शब्दकोश.* काठमाडौँ : नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठान ।

प्रधान, कृष्णचन्द्रसिंह (२०५२). *नेपाली उपन्यास र उपन्यासकार.* ललितपुर : साझा प्रकाशन ।

प्रधान, परशु (२०६६). "भोलिका दिनहरू अनल र अनलहरू". *चिनारी.* काठमाडौँ : नेपाल स्रष्टा समाज ।

बराल, कृष्णहरि तथा नेत्र एटम (२०५८). *उपन्यास सिद्धान्त र नेपाली इतिहास.* ललितपुर : साझा प्रकाशन ।

*राजधानी दैनिक* (२०७४, कार्तिक ३०). "पुस्तकको रोयल्टी धुर्मुस-सुन्तली फाउन्डेसनलाई". वर्ष १०. अङ्क १५५. पृ. ५ ।

रिजाल, दामोदर (२०६६). "शोधप्रतिवेदनमा भाषा, उद्धरण र सान्दर्भिकाको प्रयोग", अनुसन्धान व्यवस्थापन समितिअन्तर्गत नेपाली विभागद्वाराआयोजित शोधलेखन अभिमुखीकरण गोष्ठीमा प्रस्तुत *गोष्ठीपत्र*, भरतपुर : वीरेन्द्र बहुमुखी क्याम्पस ।

*विमर्श साप्ताहिक* (२०७४, मंसिर १). "अनल गौतमको *लभ एट् पच्चीस* आयो". वर्ष ४७. अङ्क १४. पृ. ३ ।

शर्मा, मोहनराज तथा खगेन्द्रप्रसाद लुइटेल (२०५२). *शोधविधि*, ललितपुर : साझा प्रकाशन ।

श्रेष्ठ, दयाराम तथा मोहनराज शर्मा (२०६३). *नेपाली साहित्यको संक्षिप्त इतिहास.* ललितपुर : साझा प्रकाशन ।

श्रेष्ठ, रमेशकुमार (२०७६). "शोधको शीर्षकचयन र शोधप्रस्तावना लेखन". नेपाली विभागद्वारा आयोजित एकदिने शोधप्रस्ताव लेखनकार्यशाला गोष्ठीमा प्रस्तुत *गोष्ठीपत्र*, भरतपुर : वीरेन्द्र बहुमुखी क्याम्पस ।

श्रेष्ठ, राजन (२०६६). 'पारिजातका रचनामा विसङ्गति'. अप्रकाशित स्नातकोत्तर शोधपत्र, कीर्तिपुर : त्रि.वि., नेपाली केन्द्रीय विभाग ।

सडौला, भवनाथ (२०७६). "शोधकार्यमा सामग्रीसङ्कलन". अनुसन्धान व्यवस्थापन समिति र वीरेन्द्र बहुमुखी क्याम्पसका नेपाली विभागको आयोजनामा सम्पन्न शोधलेखन गोष्ठीमा प्रस्तुत *गोष्ठीपत्र.* भरतपुर : वीरेन्द्र बहुमुखी क्याम्पस ।

सुवेदी, राजेन्द्र (२०६४). *नेपाली उपन्यास परम्परा र प्रवृत्ति.* वाराणसी : भूमिका प्रकाशन ।